Puspa Shrestha
Best Quality Resource Site for Class 11 And 12 Students
(Based on Updated Curriculum 2077)

puspas.com.np

Puspa Shrestha
Best Quality Resource Site for Class 11 And 12 Students (Based on Updated Curriculum 2077)
puspas.com.np

PDF Collections
Notes
Books
Model Questions

This PDF was downloaded from puspas.com.np

Visit our website for more materials.

puspas.com.np

Follow us on:
AR Dinesh
puspas.com.np
Puspa Shrestha

# अनिवार्य नेपाली

**नयाँ पाठ्यक्रम- २०६७**

**अध्यापन घण्टा: १५०**

**पूर्णाङ्क: १००**

**पाठ्य विषयवस्तु**

| | | |
|---|---|---|
| एकाइ १ | **पाठ** | **कविता: नेपालै नरहे** — **माधव घिमिरे** |
| | **व्याकरण** | (अ) नेपाली वर्ण (कथ्य र लेख्य) को पहिचान (आ) (क) स्वर (ख) व्यञ्जन उच्चार्य व्यञ्जन वर्णको वर्गीकरण (स्थान, प्रयत्न, घोषत्व र प्राणत्व) |
| | **बोध** | सामाजिक विषय (भाषा, जाति र संस्कृति) सम्बन्धी अनुच्छेदको वोध |
| | **अभिव्यक्ति** | - कविताको भावार्थलेखन,<br>- सामाजिक/ सांस्कृतिक विषयमा अनुच्छेदलेखन |
| | **पाठ्यभार** | ७ घण्टा |
| एकाइ २ | **पाठ** | **कथा: छिमेकी** — **गुरुप्रसाद मैनाली** |
| | **व्याकरण** | (अ) नेपाली अक्षरको पहिचान (आ) नेपाली अक्षरका प्रकार (स्व, स्वव्य, व्यस्व, व्यस्वव्य, व्यव्यस्व, व्यव्यस्वव्य, व्यव्यव्यस्व) (इ) शव्दलाई अक्षरमा विभाजन |
| | **बोध** | वातावरण र स्वास्थ्यसम्वन्धी अनुच्छेदको वोध (प्रदूषण र मानवस्वास्थ्य विषयक) (अनुच्छेदको पठन विषयवस्तु तथा भाषा वोध) |
| | **अभिव्यक्ति** | -कथासार लेखन |
| | **पाठ्यभार** | ७ घण्टा |
| एकाइ ३ | **पाठ** | **निबन्ध: आइमाई साथी** — **श्यामप्रसाद शर्मा** |
| | **व्याकरण** | (अ) तत्सम र आगन्तुक शव्दको वर्णविन्यासका प्रमुख समस्या क्षेत्र र त्रुटिहरूको पहिचान तथा निराकरण (आ) शव्दवर्ग: नाम, सर्वनाम, विशेषण र क्रियाको पहिचान (इ) भाषिक त्रुटि निराकरणमा शव्दकोशको प्रयोग र अभ्यास |
| | **बोध** | निवन्धको अनुच्छेदवाट वोध र बुँदाटिपोट |
| | **अभिव्यक्ति** | लैङ्गिक समतासम्वन्धी अनुच्छेदलेखन |
| | **पाठ्यभार** | ८ घण्टा |
| एकाइ ४ | **पाठ** | **कथा: मधुमालतीको कथा** — **रमेश विकल** |
| | **व्याकरण** | (अ) लेख्य चिह्न र तिनको प्रयोग: पूर्णविराम, अर्धविराम, अल्पविराम, कोष्ठ, विकल्पवोधक, प्रश्नविराम, उद्गार, उद्धरण, विस्मयसूचक, निर्देशक र योजक चिह्नको पहिचान र प्रयोग (आ) शव्दवर्ग: नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिवोधक र निपातको पहिचान |
| | **बोध** | भूगोलसम्वन्धी अनुच्छेदको वोध र बुँदाटिपोट |
| | **अभिव्यक्ति** | - पात्रको परिचय लेखन<br>- अनुच्छेदमा चिह्न प्रयोग |
| | **पाठ्यभार** | ८ घण्टा |
| एकाइ ५ | **पाठ** | **निबन्ध: भलादमी** — **लक्ष्मीप्रसाद देवकोटा** |
| | **व्याकरण** | नेपाली शव्दको पहिचान, प्रकार र कार्य (अ) शव्दको पहिचान (आ) शव्दको प्रकार (क) स्रोतको आधार- तत्सम, तद्भव, आगन्तुक र अनुकरणात्मक समेत. (ख) संरचनाको आधार-मूल र व्युत्पन्न (ग) रूपायनको आधार- विकारी र अविकारी |
| | **बोध** | निवन्धको मूल विचार र आशयको वोध |
| | **अभिव्यक्ति** | - निवन्धको मूलभाव/विचारको प्रस्तुति<br>- निबन्धलेखन (सामाजिक, सांस्कृतिक विषयमा आधारित) |
| | **पाठ्यभार** | ७ घण्टा |
| एकाइ ६ | **पाठ** | **कविता: हर्कबहादुर** — **दिनेश अधिकारी** |
| | **व्याकरण** | क. उपसर्गद्वारा शव्दनिर्माण: (अ) अ, अन, कु, बि, वे, वद, गैर, ना (आ) अ, अन्, अधि, अनु, अभि, अति, अव, अप, उप, आ, उत्, दु, दुर्, दुस्, नि, निः, निर्, निस्, परा, परि, प्र, प्रति, वि, सम, सु (ख) द्वित्व प्रक्रियाद्वारा शव्दनिर्माण (पूर्ण, आंशिक र आपरिवर्तित द्वित्व) |

puspas.com.np

puspas.com.np

| | | |
|---|---|---|
| | बोध | शिक्षासम्वन्धी अनुच्छेदको वोध |
| | अभिव्यक्ति | निर्धारित अनुच्छेदको सङ्क्षेपीकरण |
| | पाठ्यभार | १० घण्टा |
| एकाइ ७ | पाठ | **उपन्यास: एक चिहान (१ - १६ परिच्छेद)** **-हृदयचन्द्रसिंह प्रधान** |
| | व्याकरण | (क) प्रत्ययद्वारा शव्दनिर्माण: (अ) अक्कड, अत, अन्त, आइ, आइँ/याइँ, आउ, आली, आलु, आवट, आहा/याहा, इया, (आ) इयार, इलो, ई, उवा, ए, एली, ओ, ओट, औली/यौली, ती, पन/पना, ली, ले (इ) अक, अन, अनीय, इक, इत, ई, ईन/ईण, ईय, क, तर, तम, तव्य, ता, ति, त्व, मय, मान, वान, य (ख) समास: अव्ययीभाव, तत्पुरुष, कर्मधारय, द्विगु (विग्रह र समास दुवै) (उपन्यासको अंशवाट प्रत्यय लागेका व्युत्पन्न शव्दको खोजी गरी थप शव्दनिर्माण तथा निर्धारित अंश र अनुच्छेदवाट समस्त शव्दको खोजी |
| | बोध | निर्धारित अंशवाट वुँदाटिपोट र सङ्क्षेपीकरण |
| | अभिव्यक्ति | पात्र परिचयलेखन |
| | पाठ्यभार | १० घण्टा |
| एकाइ ८ | पाठ | **निबन्ध: म फूल लिएर आउनेछु** **-सुधा त्रिपाठी** |
| | व्याकरण | (क) समास प्रक्रियाद्वारा शव्दनिर्माण- द्वन्द्व र वहुव्रीहि समास (विग्रह समेत) (ख) सन्धि र सन्धि भएका शव्दको पहिचान (ग) वाक्यको पहिचान र प्रयोग -उद्देश्य र उद्देश्य विस्तार, -विधेय र विधेय विस्तार -क्रियाका काल (भूत अभूत) -पक्ष: सामान्य, अपूर्ण, पूर्ण, अज्ञात, अभ्यस्त- क्रियाका भाव: सामान्य, आज्ञा, इच्छा, सम्भावना र सङ्केत |
| | बोध | निर्धारित अंशको पठन र विषयबोध (निर्धारित अंशको अनुच्छेदवाट वुँदाटिपोट गरी सङ्क्षेपीकरण) |
| | अभिव्यक्ति | - सरल वाक्य (उद्देश्य, उद्देश्य विस्तार, विधेय, विधेय विस्तार भएका) मा कुनै विषयवस्तु, घटना आदिको वर्णन -विभिन्न काल र पक्षको प्रयोग गरी अनुच्छेद लेखन- विभिन्न भावका क्रियाको प्रयोग गरी अनुच्छेद लेखन । |
| | पाठ्यभार | १० घण्टा |
| एकाइ ९ | पाठ | **कविता: मानुषी** **-पारिजात** |
| | व्याकरण | पदक्रम (क) सामान्य पदक्रम (ख) विशिष्ट पदक्रम (कविताका पङ्क्तिवाट सामान्य र विशिष्ट पदक्रमको अध्ययन |
| | बोध | वाणिज्य क्षेत्रसँग सम्वन्धित अनुच्छेदको वोध |
| | अभिव्यक्ति | -निर्धारित कविताको अध्ययनमा आधारित भई कुनै कृतिको पाठक प्रतिक्रियालेखन । |
| | पाठ्यभार | ६ घण्टा |
| एकाइ १० | पाठ | **कथा: रातभरि हुरी चल्यो** **-इन्द्रबहादुर राई** |
| | व्याकरण | (क) कारक र विभक्ति (अ) सरल र तिर्यक् कारक (आ) कारक कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण (ख) कारकीय अर्थ, विभक्तिको प्रयोग र पहिचान (ग) ले, लाई, बाट, द्वारा, को, का, की, रो, रा, री, तथा नो, ना, नी को प्रयोग |
| | बोध | कानुन तथा प्रशासनसँग सम्वन्धित अनुच्छेदको वोध |
| | अभिव्यक्ति | -सरल र तिर्यक कारकको प्रयोग गरी कुनै विषय घटना आदिको वर्णन - विभिन्न कारकको प्रयोग गरी कुनै विषय घटना आदिको अनुच्छेद रचना - व्यक्तिगत विवरण (वायोडाटा) लेखन |
| | पाठ्यभार | ६ घण्टा |
| एकाइ ११ | पाठ | **कविता: मेरो देश** **- भूपी शेरचन** |
| | व्याकरण | (क) तद्भव र तत्सम शव्दको वर्णविन्यास (ख) निर्धारित अनुच्छेदवाट तत्सम र तद्भव शव्दहरूको पहिचान |
| | बोध | समाजशास्त्रसम्वन्धी अनुच्छेदको वोध |
| | अभिव्यक्ति | - पदपूर्तिसम्वन्धी विज्ञापनलेखन -व्यावसायिक विज्ञापनलेखन |
| | पाठ्यभार | ७ घण्टा |
| एकाइ १२ | पाठ | **निबन्ध: आलु** **- भैरव अर्याल** |
| | व्याकरण | (क) पदसङ्गति (अ) लिङ्ग (पुलिङ्ग, स्त्रीलिङ्ग) (आ) वचन (एकवचन, वहुवचन (इ) पुरुष (प्रथम, द्वितीय, तृतीय) (ई) आदर (आदर, अनादर) (ख) शव्दभण्डार प्राविधिक, पारिभाषिक शव्दको अध्ययन |
| | बोध | निबन्धको निर्धारित अनुच्छेदको वोध र प्रश्नोत्तर विज्ञान प्रविधिसम्वन्धी अनुच्छेदको वोध |

puspas.com.np

| | | |
|---|---|---|
| | अभिव्यक्ति | लिङ्ग, वचन, पुरुष, आदर मिलाई सूचनालेखन |
| | पाठ्यभार | ८ घण्टा |
| एकाइ १३ | पाठ | **कथा: शत्रु** **-विश्वेश्वरप्रसाद कोइराला** |
| | व्याकरण | (क) सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग (ख) निर्धारित कथावाट सरल, मिश्र र संयुक्त वाक्यको पहिचान |
| | बोध | सञ्चारसँग सम्बन्धित अनुच्छेदको बोध |
| | अभिव्यक्ति | - टिप्पणी लेखन / सम्पादकलाई चिठीलेखन |
| | पाठ्यभार | ७ घण्टा |
| एकाइ १४ | पाठ | **उपन्यास: एक चिहान (१७ - ३१ परिच्छेद)** **-हृदयचन्द्रसिंह प्रधान** |
| | व्याकरण | वाक्यान्तरण (क) संरचनागत (सरल, मिश्र, संयुक्त) (ख) वाच्यगत (कर्तृ, कर्म, भाव) (ग) कथन (प्रत्यक्ष, अप्रत्यक्ष) (घ) ध्रुवीयता (करण, अकरण) (ङ) वाक्यसंश्लेषण |
| | बोध | कृषि र वनसम्बन्धी अनुच्छेदको बोध |
| | अभिव्यक्ति | - निवन्ध (स्वास्थ्य, विज्ञान र प्रविधि नागरिक अधिकार र दायित्व, आर्थिक विकास आदि) |
| | पाठ्यभार | ५ घण्टा |
| एकाइ १५ | पाठ | **कथा: हारजित** **- भवानी भिक्षु** |
| | व्याकरण | वाक्यसंश्लेषण (सरल वाक्यहरूलाई मिश्र वा संयुक्त वाक्यमा संश्लेषण) |
| | बोध | कानुन, न्याय तथा मानवअधिकारसँग सम्वन्धित अनुच्छेदको बोध |
| | अभिव्यक्ति | प्रतिवेदनलेखन (गोष्ठी, भ्रमण, घटना आदिको) |
| | पाठ्यभार | १० |
| एकाइ १६ | पाठ | **निबन्ध: खाद्य सङ्कट र जैविक विविधता** **-डा. तीर्थबहादुर श्रेष्ठ** |
| | व्याकरण | शव्दभण्डार (प्राविधिक तथा पारिभाषिक शव्द) |
| | बोध | ग्रामीण विकाससँग सम्वन्धित अनुच्छेदको बोध |
| | अभिव्यक्ति | विज्ञान र प्रविधिसँग सम्वन्धित अनुच्छेदलेखन (जैविक विविधता, वातावरण, पुनर्नवीकरणीय ऊर्जा, विद्युतीकरण, आर्थिक विकास) |
| | पाठ्यभार | १० घण्टा |
| एकाइ १७ | पाठ | **नाटक: नालापानीमा** **-बालकृष्ण सम** |
| | व्याकरण | - क्रियाका भाव - उक्ति परिवर्तन - वर्ण र अक्षर |
| | बोध | भाषा र साहित्यसँग सम्वन्धित अनुच्छेदको वोध |
| | अभिव्यक्ति | व्यावहारिक लेखन (समवेदना, श्रद्धाञ्जली, वधाई, शुभकामना) |
| | पाठ्यभार | १० |
| एकाइ १८ | पाठ | **कविता: कान्छी, भट्टी र देश** **- कृष्ण सेन 'इच्छुक'** |
| | व्याकरण | क्रियाका काल र पक्ष |
| | बोध | अनुच्छेदको वोध |
| | अभिव्यक्ति | पत्ररचना (निवेदन, व्यावसायिक, निमन्त्रणा) - विज्ञापन |
| | पाठ्यभार | ६ घण्टा |
| एकाइ १९ | पाठ | **नाटक: बौलाहाकाजीको सपना** **- विजय मल्ल** |
| | व्याकरण | वाक्यका प्रकार र वाक्यान्तरण |
| | बोध | समाजशास्त्रसम्वन्धी अनुच्छेदको वोध |
| | अभिव्यक्ति | टिप्पणी लेखन - कानुन र नागरिक अधिकार - सञ्चार माध्यम र जिम्मेवारी - जनता, जाति र भाषा |
| | पाठ्यभार | १० घण्टा |

पाठ्यपुस्तक: सुवेदी, केशव र अन्य, सवैको नेपाली, ललितपुर: साझा प्रकाशन ।

**सन्दर्भ पुस्तक:**


१. घिमिरे, माधव, नेपालै नरहे, किन्नर किन्नरी, ललितपुर: साझा प्रकाशन ।
२. पारिजात, मानुषी, वैंसालु वर्तमान ।
३. शेरचन, भूपी, मेरो देश, घुम्ने मेचमाथि अन्धो मान्छे ।
४. अधिकारी, दिनेश, हर्कवहादुर, धरतीको गीत, काठमाडौं । साझा प्रकाशन ।

puspas.com.np


५ 'इच्छुक', कृष्ण सेन, कान्छी भट्टी र देश, इच्छुक रचनावली भाग - २ ।
६ घैलानी, गुरुप्रसाद, छिमेकी, नासो, ललितपुर: साझा प्रकाशन ।
७ मिश्र, भवानी- हारजित ।
८ कोइराला, विश्वेश्वरप्रसाद- शत्रु, दोषी चस्मा, काठमाडौं: साझा प्रकाशन ।
९ विकल, रमेश, मधुमालतीको कथा ।
१० राई, इन्द्रबहादुर (२०२७), रातभरि हुरी चल्यो, विपना कतिपय, श्याम ब्रदर्स दार्जिलिङ ।
११ देवकोटा, लक्ष्मीप्रसाद, भलादमी, लक्ष्मी निबन्ध सङ्ग्रह, ललितपुर: साझा प्रकाशन ।
१२ अर्याल, भैरव, आलु ।
१३ शर्मा, श्यामप्रसाद, आइमाई साथी ।
१४ श्रेष्ठ, डा तीर्थबहादुर (२०६५-२-३२), खाद्य सङ्कट र जैविक विविधता, हिमाल ।
१५ त्रिपाठी, सुधा (२०५३), म फूल लिएर आउनेछु, जीवनसूत्र र स्वप्नाभास, काठमाडौं: जिगीषा प्रकाशन ।
१६ सम, बालकृष्ण (२०२०), नालापानीमा, चार एकाङ्की, काठमाडौं: रोयल नेपाल एकेडेमी ।
१७ मल्ल, विजय (२०२८), बहुलाकाजीको सपना, ललितपुर: साझा प्रकाशन ।
१८ प्रधान, हृदयचन्द्रसिंह, एक चिहान ।
१९ पोखरेल, बालकृष्ण र अन्य वृहत् नेपाली शब्दकोश, काठमाडौं: नेपाल प्रज्ञा प्रतिष्ठान ।


## नमुना प्रश्नपत्र- २०६८

**१. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (५)**

**क. तल दिइएका वर्णहरूको उच्चारण स्थान र प्रयत्न छुट्याउनुहोस् :**

ग, झ, व, ह, ल ।

उत्तर:

| वर्ण | स्थान | प्रयत्न |
|---|---|---|
| ग | कण्ठ्य | स्पर्शी |
| झ | वर्त्स्य दन्तमूलीय | स्पर्श सङ्घर्षी |
| व | ओष्ठ्य | अन्तस्थ / अर्धस्वर |
| ह | स्वरयन्त्रमुखी / अतिकण्ठ्य | सङ्घर्षी |
| ल | वर्त्स्य दन्तमूलीय | पार्श्विक |

**ख. तल दिइएका शब्दको अक्षरसंरचना र सङ्ख्यासमेत देखाउनुहोस् :**

स्याल, कमल, अन्याय, विशेषता, आज्ञाकारी

**उत्तर: स्याल् (स्य्आल्) - अक्षरसङ्ख्या: १, क.मल् (क्अ. म्अल्) - अक्षरसङ्ख्या: २ । अन्. न्या. य (अन्. न्य्आ. य्अ) - अक्षरसङ्ख्या: ३ । बि. सेस्. ता (ब्इ. स्एस्. त्आ) - अक्षरसङ्ख्या: ३ । आग्. ग्याँ. का. री, (आग् . ग्य्आँ. क्आ. र्इ) - अक्षरसङ्ख्या: ४**

**२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : (५)**

जापान, भारत र नेपाल एशिया महादेशमा छन भन्नुहोस् त ; भूटान र वङ्गलादेश कुन् महादेशमा पर्छन् सत्ते कुरा के हो भने यि पनी यही महादेशका मुलुक हुन् ।

**उत्तर: जापान, भारत र नेपाल एसिया महादेशमा छन् । भन्नुहोस् त; भुटान र बङ्गलादेश कुन महादेशमा पर्छन् ? सत्य कुरा के हो भने यी पनि यही महादेशका मुलुक हुन् ।**

**३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् । (३)**

गाउँमा एकजना वुढा रहेछन् । एकदिन उनलाई भेट्न अर्का वुढा मान्छे आएछन् तर भेट हुन सकेनछ । गाउँलेहरूले कठै ! विचारले दु:ख मात्र पाएँ भनेछन् ।

**उत्तर: बुढा– नामपद, उन– सर्वनाम, बुढा– विशेषण, तर– संयोजक, सकेनछ– क्रियापद, कठै !– बिस्मयादिबोधक**

**४. तलको अनुच्छेदबाट दुई-दुईओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)**

एक किलो मासु उत्पादन गर्न दश किलो शाकाहारी भोजन खपत हुन्छ अर्थात् एक धनी मांसाहारी मान्छेले सागपात, दुध, दही, घिउ जस्ता खानेकुरामा मात्र निर्भर दश जना गरिव शाकाहारीको खाना हसुर्छ। के यो शोषण होइन ? ठन्डा दिमागले सोचौँ त !

**उत्तर: तत्सम: शाकाहारी, भोजन, आगन्तुक: किलो, गरिब**

**५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् । (२+३=६)**

**क. तलको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न शब्द र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् ।**

दिनभर काम गरेकाले हामी थकित भई चौतारीमा वसेर आराम गर्दै थियौं। जुनेली रात रमाइलो थियो। कसैको मनमा कुभावना तथा बदनियत थिएन। हामीले कसैलाई दुर्वाच्य वोलेका पनि थिएनौं तर अकस्मात् एउटा जँड्याहा हाम्रो छेउमा आयो र हामीलाई आक्रमण गर्ने दुष्प्रयास गऱ्यो। पहिले त हामी छक्क पऱ्यौं। किन आक्रमण गर्न लागेको होला भनी जिज्ञासु नजरले हेऱ्यौं। तर प्रतिकारमा नउत्रिए घाइते हुने डर थियो। हामीले होसियार भएर आफ्नो वचाउ गर्ने निधो गऱ्यौं।

**उत्तर: उपसर्ग व्युत्पन्न शब्द:**

**कुभावना→कु+भावना, बदनियत→बद+नियत,**
**दुर्वाच्य→दुर्+वाच्य,**

**प्रत्यय व्युत्पन्न शब्द:**

**थकित→थाक्+इत, जुनेली→ जुन+एली,**
**रमाइलो→रम्+आइलो,**

**ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस् :**

आफ्नो जन्मभूमिलाई चुपचाप विदेशीको कृपापात्र वनाउन खोज्नेहरूको देश कहिल्यै आत्मनिर्भर हुँदैन। आल्तुफाल्तु कुरामा अनमोल समय विताउने मुलुकले अग्र गति लिँदैन। आपसी झैझगडाको जालो चटाचट काट्दै अविश्वासका खाडलहरू रातारात पुरेर जव धर्तीपुत्रहरू स्वावलम्वी वन्छन्

तव जनताको भाग्योदयका ढोकाहरू घ्याकघुरुक खुला हुन्छन्। कृषिक्रान्ति गरेर लहलह बाली झुलाउन सके, पर्यटन क्षेत्रका विकास गरेर नेपालीका हातमा विदेशी मुद्रा छनछन बज्ने व्यवस्था मिलाउन सके, विदेशी डाँडाकाँडामा पाइने अनमोल जडीबुटीले जनस्वास्थ्य र रुग्ण अर्थतन्त्र सबल पार्न सके यहाँ न बेरोजगारी रहन्छ न त गरिबी नै। यसका निम्ति केवल दूरदर्शी नेतृत्व र क्रियाशील युवाजोसको खाँचो छ।

उत्तर:

| समस्त शब्द | विग्रह | |
|---|---|---|
| जन्मभूमि | जन्मेको भूमि | |
| आत्मनिर्भर | आत्माले निर्भर | |
| कृषिक्रान्ति | कृषिको क्रान्ति | |
| द्वित्व शब्द | निर्माण प्रक्रिया | दोहोरिएको अंश |
| आल्तुफाल्तु | फाल्तु+फाल्तु | फाल्तु |
| घ्याकघुरुक | घ्याक+घ्याक | घ्याक |
| झैझगडा | झगडा+झगडा | झगडा |

ग. **तलको अनुच्छेदबाट छओटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् :**

घरेलु अत्यावश्यक सरसामान किन्न मानिसहरू वजार जान्छन्। वजारको भिडभाडमा कहिलेकाहीं वयोवृद्ध तथा केटाकेटीहरूलाई अप्ठेरो पनि हुन्छ। यस्तै हलमुलमा चोरीको विगविग्री हुन्छ भने रक्स्याहाहरूले पनि वाटाघाटामा दुःख दिन्छन्। सडकपेटीका व्यापारीले सोझासाझा गाउँलेहरूलाई सक्कली माल भनी नक्कली माल वेचेर ठग्छन्।

उत्तर:

| सन्धियुक्त शब्द | सन्धिविच्छेद |
|---|---|
| घरेलु | घर + एलु |
| अत्यावश्यक | अति + आवश्यक |
| वयोवृद्ध | वयः + वृद्ध |
| रक्स्याहा | रक्सी + आहा |
| गाउँले | गाउँ + ले |
| सक्कली | सक्कल + ई |

६. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (५)

क. **तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य ढाँचा समेत मिलाई पुनर्लेखन गर्नुहोस् :**

एकदिन एउटा युवक टुँडिखेलमा हिँडिरहेको रहेछ। एउटी युवतीले उसलाई वोलाइछ। युवती त्यो युवक जता जाने हो त्यतै जाने रहिछ। उसलाई त्यस युवकले चाहिँ चिनेको रहेनछ। चिनजान पछि त्यस युवकले त्यस युवतीसँग भेट्दा सङ्कोच नमानी कुरा गर्न थालेछ।

उत्तर: एकदिन एउटी युवती टुँडिखेलमा हिँडिरहेकी रहिछ। एउटा युवकले उसलाई बोलाएछ। युवक त्यो युवती जता जाने हो त्यतै जाने रहेछ। उसलाई त्यस युवतीले चाहिँ चिनेकी रहिनछ। चिनजानपछि त्यस युवतीले त्यस युवकसँग भेट्दा सङ्कोच नमानी कुरा गर्न थालिछे।

ख. **वाक्य ढाँचासहित एकवचनलाई बहुवचनमा परिवर्तन गर्नुहोस्।**

म कक्षा ११ मा पढ्ने विद्यार्थी हुँ। कलेजमा मेरो एकजना मन मिल्दो साथी छ। साथी मलाई माया मात्र होइन सहयोग पनि गर्छ। म दिनहुँ बाटामा उसलाई भेट्छु। ऊ पनि सधैं मलाई भेट्ने प्रयास गर्छ।

उत्तर: हामी कक्षा ११ मा पढ्ने विद्यार्थी हौं। कलेजमा हाम्रा धेरै मन मिल्दा साथीहरू छन्। साथीहरू हामीलाई माया मात्र होइन सहयोग पनि गर्छन्। हामी दिनहुँ बाटामा उनीहरूलाई भेट्छौं। उनीहरू पनि सधैं हामीलाई भेट्ने प्रयास गर्छन्।

७. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :**

क. ले, लाई, वाट, द्वारा, मा र देखि विभक्ति लागेका भिन्नभिन्न कारकको प्रयोग भएका तीनओटा वाक्यमा कुनै घटनाको वर्णन गर्नुहोस्।

उत्तर: हामीले सडक दुर्घटना देख्यौं। गाडीको चालकलाई केही भएन। पोखराबाट आएको बसले माइक्रोलाई ठक्कर दिएको थियो। एम्बुलेन्सद्वारा क्रमैसँग घाइतेलाई अस्पताल पुऱ्याइँदै थियो। सडकमा घाइते कराइरहेका थिए। मैले पनि मनमनै अबदेखि कहिल्यै यस्तो दृश्य देख्न नपरोस् भनें।

ख. **तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस्।**

मेरो वहिनी पोखराको मणिपाल कलेजमा डाक्टरी पढ्छ। मेरी भाइ चाहिँ सात कक्षामा पढ्छे। तपाइँ पोखरा जान्छस्? जाने भए हिँड्। म पनि वहिनी भेट्न पोखरा जाँदै छ। हामी दुवै सँगै जालास्।

उत्तर: मेरी बहिनी पोखराको मणिपाल कलेजमा डाक्टरी पढ्छे। मेरो भाइचाहिँ सात कक्षामा पढ्छ। तपाई पोखरा जानुहुन्छ ? जाने भए हिँड्नुहोस्। म पनि बहिनी भेटन पोखरा जाँदै छु। हामी दुवै सँगै जाऔँला।

८. **कुनै दुई प्रश्नको उत्तर दिनुहोस्।** (४+२=८)

क. **तलका जटिल वाक्यहरूलाई आठओटा सरल वाक्यमा छुट्याउनुहोस् :**

तपाईंलाई सूर्योदयको दृश्य हेर्ने मन छ भने नगरकोट जानुहोस्। नगरकोटमा सूर्योदय राम्ररी हेर्न पाइन्छ भने वरपरको दृश्य पनि देखिन्छ। जुन मान्छेले नगरकोटको भ्रमण गर्छ उसले सूर्योदयको दृश्य हत्तपत्त विर्सँदैन। नगरकोटकले पर्यटन व्यवसाय वढाएको छ र स्थानीय मानिसहरूका लागि आयआर्जनको बाटो पनि खुलाएको छ।

उत्तर: तपाईलाई सूर्योदयको दृश्य हेर्ने मन छ ? तपाई नगरकोट जानुहोस्। नगरकोटबाट सूर्योदयको दृश्य हेर्न पाइन्छ। नगरकोटबाट वरपरको दृश्य पनि प्रष्टसँग देखिन्छ। मानिसले नगरकोट भ्रमण गर्छ। मानिसले सूर्योदयको दृश्य हत्तपत्त बिर्सँदैन। नगरकोटले पर्यटन व्यवसाय बढाएको छ। स्थानीय मानिसहरूका लागि आयआर्जनको महत्त्वपूर्ण स्रोत नगरकोट भएको छ।

ख. **आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्यपरिवर्तन गरी पुनर्लेखन गर्नुहोस्।**

सप्ताहान्तमा साथीहरूसँग सहर गइन्छ। सहरमा सिनेमा हेरिन्छ। दुईचार दिन त्यहीं वसेर रमाइलो गरिन्छ। आफूलाई चाहिने सामान किनिन्छ। अर्को हप्तातिर मात्र घर फिरिन्छ। सहरका रमझमवारे घरमा वेलीविस्तार लगाएर सुनाइन्छ। सानो यात्रा वृत्तान्त लेखेर पत्रिकामा पनि छपाइन्छ। अर्को सप्ताहान्त कसरी मनाउने भन्ने विषयमा पुनः सोचिन्छ।

उत्तर: म सप्ताहन्तमा साथीहरूसँग सहर जान्छु। सहरमा सिनेमा हेर्छु। दुई चार दिन त्यही बसेर रमाइलो गर्छु। चाहिने सामान किन्छु। अर्को हप्तातिर मात्र घर फिर्छु। सहरका रमझमबारे घरमा बेलीविस्तार लगाएर सुनाउँछु। सानो यात्रा वृतान्त लेखेर पत्रिकामा पनि छपाउँछु। अर्को सप्ताहान्त कसरी मनाउने भन्ने विषयमा पुनः सोच्छु।

ग. **तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :**

चराले आफ्नो गुँड आफैं वनाउँछ। मुसाले आफू वस्ने प्वाल आफैं खन्छ। मूक प्राणीहरू आफ्नो आश्रयस्थल आफैं वनाउँछन्। चेतनशील मानव हामीले आफ्नो देश आफैं वनाउनुपर्छ।

उत्तर: चरा र मुसा जस्ताका मूक प्राणीहरूले आफ्नो आश्रयस्थल आफैं बनाएझैं चेतनशील मानव हामीले आफ्नो देश आफैं बनाउनुपर्छ।

puspa.com.np

**९. तलका अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : (५×२=१०)**

वातावरण भन्नाले त्यस्तो प्राकृतिक प्रक्रिया (कृत्रिम प्रक्रिया पनि) हो जसले कुनै पनि ठाउँको उन्मुक्त दृश्यको निर्माण गरेको हुन्छ। जस्तै: पसलको वातावरण भन्नासाथ बेच्न राखिएका सामानहरूको दृश्यका साथै बेच्ने तथा किन्ने मानिसहरूको तस्विर हाम्रो मस्तिष्कमा तयार हुन्छ। त्यसै गरी स्कुलको वातावरण भन्नाले पढ्ने, पढाउने शिक्षक तथा विद्यार्थी, कक्षाकोठाहरू, कुर्सी, टेवुल, कालो पाटी, किताव, कलम, खेल मैदान आदिको बोध हुन्छ। त्यस्तै गाउँको वातावरण भन्नाले साधारणत: थोरै मानिस, माटाले पोतेका थोरै घर, वरिपरी गाईभैंसी र भेडावाखा बाँधेको, हाँस, कुखुरा पालेको, दाउरा, घाँस तथा परालको थुप्रो, अलि पर खोला, इनार वा कुवा आदिको झलक र सहरी वातावरण भन्नासाथ चिल्ला सडक, उज्यालो विजुली वत्ती, सुकिला लुगा लगाएका मानिस, मोटर गाडी गुडेको, उद्योग कलकारखाना र त्यसबाट निस्केको धुवाँको मुस्लो, राम्रा तथा अग्ला घरहरू आदिको झलकजस्ता कुरा बुझिन्छ।

यसरी 'वातावरण' शब्दको प्रयोग धेरै अर्थमा भए पनि यो खास गरी यस अन्तर्गत खोलानाला, हावापानी, माटो, ढल, ताल, सागर, महासागर, मरुभूमि, वन, जङ्गल, हिमाल आदि पर्दछन्। वातावरण खास गरी सजीव र निर्जीव दुई आधारभूत तत्त्वहरू मिली वनेको हुन्छ। निर्जीव तत्त्व भन्नाले घाम वा ऊर्जा, हावा, पानी, माटो तथा जीवलाई आवश्यक पर्ने तत्त्वहरू बुझिन्छन्। सजीव तत्त्व भन्नाले सूक्ष्म जीवाणुदेखि ठूलठूला जनावरका साथै वोटविरुवा जस्ता पृथ्वीका सम्पूर्ण प्राणी तथा वनस्पतिहरूलाई बुझिन्छ। निर्जीव तत्त्वहरूको निश्चित समानुपातिक संरचनाको आधारमा निश्चित वातावरण तयार भएको हुन्छ। त्यही वातावरणअनुसार सजीवहरूको सृष्टि हुन्छ। त्यसैकारण सजीव र उसको वरपरको वातावरण वा निर्जीव तत्त्वहरूवीच अदृश्य वा अप्रत्यक्ष किसिमको घनिष्ठ अन्तरसम्वन्ध भईरहन्छ। यही अन्तरसम्वन्धलाई पारिस्थितिक प्रणाली भनिन्छ। यस किसिमको पारिस्थितिक प्रणालीको अध्ययन गर्ने शास्त्रलाई पारिस्थितिकी शास्त्र भनिन्छ।

**प्रश्नहरू:**

क. वातावरण भनेको के हो ?

ख. गाउँ र सहरको वातावरणमा के फरक छ ?

ग. वातावरणका सजीव र निर्जीव तत्त्वहरू केके हुन् ?

घ. पारिस्थितिक प्रणालीले कस्तो अन्तरसम्वन्धको अध्ययन गर्दछ ?

ङ. 'समानुपातिक' र 'पारिस्थितिक प्रणाली' को अर्थ लेख्नुहोस्।

**१०. तलको अनुच्छेद पढी मुख्यमुख्य बुँदाटिपोट गर्नुहोस्। (५)**

कवि स्रष्टा हो, ऊ सृष्टि गर्छ। सय पङ्क्तिमा लेख्दा पनि जुन कुरा भन्न सकिदैन कविले त्यसलाई एकै पङ्क्तिमा अझ राम्ररी भन्न सक्छ। प्रभातका एकै किरणमा सारा रङ र रूपको कस्तो रमाइलो ढोका उघ्रन्छ। एकै धर्के प्रिया मुस्कानमा सम्पूर्ण प्रीति प्रकट हुन्छ। आमाको एउटै काखमा आशीर्वादका अनन्त फुलहरू फक्रिन्छन्। स्रष्टाको कलाको तेस्रो आँखाले अर्कै रूप र अर्कै अभिप्राय देख्दछ। एक जना अन्तरिक्ष यात्रीले भनेको थिए - यहाँबाट मैले सृष्टि सौन्दर्यको जो विचित्र रङ र आभा देखेको छु, त्यसको वर्णन म गर्न सक्दिन। यसका निम्ति त कवि नै चाहिन्छ। सृष्टिमा जे जति छ त्यति नै यति विचित्र छ कि त्यसको भाषा पाइदैन, परन्तु कविका विचित्र वाणीमा त्यसको महिमा मुखरित हुन्छ। वैशाखी रातमा कुहुकुहु गर्दै कोइली मानौं विस्मय र आश्चर्यमय भई पखेटा खोलेर उडे झैं उड्छ र वसन्तलाई वोलाउँछ। विहानीपख सूर्यका किरणहरू जसरी छिरविराएर आउन थाल्छन्, त्यसरी नै धोविनी चरीका कलकण्ठवाट उसका चिरविर वाणीहरू चिरविरिन थाल्छन्- जहाँ अरु एक शब्द पनि वोल्न सक्तैनन्, कवि त्यहाँ सहस्र सुन्दर, सहस्र सरल शव्द वोल्न सक्तछ।

**११. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस्। (५)**

क. आफ्नो घरमा एउटा टेलिफोन लाइन जडान गरिदिन अनुरोध गर्दै स्थानीय दूर सञ्चार कार्यालयलाई सम्वोधन गरी एउटा निवेदन लेख्नुहोस्।

ख. झाडापखालावाट वँच्नका लागि अपनाउनुपर्ने स्वास्थ्यसम्वन्धी विषयलाई समेटी स्थानीय स्वास्थ्य केन्द्रले तयार पार्ने एउटा सूचना लेख्नुहोस्।

१२. आफ्नो विद्यालयमा सम्पन्न वार्षिकोत्सव कार्यक्रमका सवै कुरा समेटी १५० शव्दसम्मको एउटा प्रतिवेदन तयार पार्नुहोस्। (५)

**अथवा**

'वढ्दो महँगी' शीर्षकमा १५० शव्दसम्मको टिप्पणी लेख्नुहोस्।

**१३. तल दिइएकामध्ये कुनै एक शीर्षकमा निवन्ध लेख्नुहोस्। (१०)**

क. मेरो पृथ्वी : मेरो देश

ख. नेपालको आर्थिक विकासमा पर्यटन उद्योगको भूमिका

ग. मेरो जीवनका लक्ष्य

**१४. 'एक चिहान' उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : (१०)**

"त्यसो भए डर लाग्दो कुरा छ वावु ! अव कहिल्यै नवोलाउनु ती डाक्टरलाई फेरि। मलाई राम्रै थाहा छ उनी हृदयमा लेश पनि दया भएका मानिस होइनन्, आजसम्म टोलको कोही विरामीलाई मुफतमा हेरि दिएका पनि छैनन्।" सशङ्कित भावमा अष्टनारानले भने।

वृद्ध, अनुभवी आफ्ना वावुको यो कुरा सुनेर शिवनारानको हृदयमा पनि शङ्काको वीजारोपण भयो तापनि आपतमा काम दिएको हुनाले उनको गरिवीले त्यो शङ्कालाई जिउन दिएन। यसैले शिवनारनले आफ्ना पिताज्यू अष्टनारानलाई सम्झाएर भने - "डाक्टर गोदत्तप्रसाद सायद अगि खरावै थिए होलान्, तर पछि वदलिने मानिसहरू पनि त धेरै छन् वा ! कति दयालु मानिस पनि त पछि अनौठोसँग निर्दयी भएर गएका छन्।"

**प्रश्नहरू:**

क. माथिको प्रथम अनुच्छेदमा गोदत्तप्रसादको चरित्रवारे गरिएको आशङ्का कत्तिको उचित छ ? तर्क सहित लेख्नुहोस्। (५)

ख. माथिको दोस्रो अनुच्छेदमा व्यक्त गरिएको भनाइ अनुसार, गोदत्तप्रसादमा परिवर्तन आएकै हो त? उपन्यासका आधारमा स्पष्ट पार्नुहोस्। (५)

**१५. कुनै २ प्रश्नको उत्तर दिनुहोस् : (२×५=१०)**

**क. तलको कविताांश पढी सोधिएका प्रश्नहरूको एक दुई वाक्यमा उत्तर दिनुहोस् :**

जहाँ हरिया हरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यायो घाममा
हिमालले सधैं ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैं मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ

**प्रश्नहरू:**

**क. यस कविताांशमा कस्तो वातावरणको चित्रण छ ?**

puspas.com.np

ख. यस अंशमा 'हरियो फरिया' भनेर केलाई भनिएको छ र त्यस्तो फरिया कसले लगाएको छ?

ग. 'हिमालले सधैँ ढाड सकेको हुन्छ' भन्नुको तात्पर्य के हो ?

घ. मनले सपनामा पाइला टेक्नु भनेको के हो ?

ङ. यस अंशमा भनिएको मुख्य कुरा के हो ?

ख. **तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्** :

"यो सबै सङ्गत गर्नाको फल । ठूलाबडाको सङ्गतको विष त महामारी फैले झैं पो फैलन्छ त ! यसले हामी जस्ताको त प्राण चुस्छ । त्यो घरको हावाबाट जति सक्यो परै राख भन्यो, मान्दिनी तिमी ।" "यो क्या, छोटाहरूको छिमेक रे, हाम्रो दिदीआमाले भन्या । यहाँका छोटाहरूको सङ्गतले म बिग्रिएँ रे क्या, त्यसैले हामी घर सरेको ।"

**प्रश्नहरू** :

क. माथिका भनाइ क-कसका हुन् ?

ख. माथिका पहिलो र दोस्रो उद्धरणमा वक्ताको दृष्टिकोणमा के भिन्नता छ ?

ग. 'ठूलाबडाको सङ्गतको विष त महामारी फैलिए झैं पो फैलिन्छ त !' भन्नुको तात्पर्य के हो ?

घ. दिदीआमाको व्यवहारका कारण बाल्यप्रेममा बाधा पुगेको छ भन्ने कुराप्रति तपाईं सहमत हुनुहुन्छ ? हुनुहुन्छ भने किन ?

ङ. छोटा र बडाको समाज नहुनका लागि के हुनुपर्छ ?

ग. **तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्** :

"कस्तो विचित्रता, आलु खाए पनि मान्छे खाएको भन्न सक्दैन । सायद यसैले होला 'खालु खाएर पेडा धाक' लगाउने चलन चलेको । उसिनाको भात हसिनाको भुजा ज्युनार गरेँ भन्नेदेखि लिएर बम पड्काएर शान्तिको अभियान चलाएको भन्नेसम्म दर्जनौँ धक्कुबाजहरू संसारमा पाइन्छन् । वास्तवमा यी सबै आलु खाएर पेडाको धाक लगाउने हुन्, अर्थात् कर्मले गरेको नीचतालाई धाकले ढाक्नु आलुवादको धार्मिक पक्ष हो, जसलाई बिसौँ शताब्दीका प्रत्येक व्यक्तिले पालन गर्नै पर्छ ।"

**प्रश्नहरू** :

क. मान्छेले आलु खाएर पनि खाएँ भन्न नसक्नुको कारण के हो ?

ख. आलु खाएर पेडाको धाक लगाउनेहरू कस्ता हुन्छन् ?

ग. आलुवादको धार्मिक पक्ष के हो ?

घ. भैरव अर्यालको बिसौँ शताब्दीका मान्छेलाई हेर्ने दृष्टिकोणप्रति तपाईंको के प्रतिक्रिया छ ?

ङ. माथिको अनुच्छेदमा कसलाई व्यङ्ग्य गरिएको हो ?

१६. 'शत्रु' हुँदै नभएको मान्छे हुन्छ कि हुँदैन ? 'शत्रु' कथाका आधारमा आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।

## शीर्षकमा आधारित प्रश्नहरू

### खण्ड (क) व्याकरण (५+५+३+२+६+५+६+८=४० अङ्क)

**एकाइ १: वर्ण र अक्षरको संरचनाको पहिचान (कुनै एक प्रश्न) (५ अङ्क)**

१. **२०७७ सेट H प्र. नं. १**

क. तलका वर्णहरूलाई प्रयत्न र उच्चारण स्थानका आधारमा चिनाउनुहोस् : (२)

ज, ह् ।

ख. तलका शब्दहरूको अक्षर संरचना लेखी अक्षर सङ्ख्या समेत देखाउनुहोस् : (२)

प्रचार, कूटनीतिज्ञ

२. **२०७७ सेट I प्र. नं. १**

क. तलका वर्णहरूलाई **प्रयत्न** र **उच्चारण स्थान**का आधारमा चिनाउनुहोस् : (२)

ज्, म् ।

ख. तलका शब्दहरूको **अक्षरसंरचना** लेखी **अक्षरसङ्ख्या** समेत देखाउनुहोस् : (२)

त्रिभुज, बटुवा ।

३. **२०७६ ग्रेडवृद्धि परीक्षा सेट A प्र. नं. १**

क. तलका वर्णहरूको उच्चारण स्थान र प्रयत्न छुट्याउनुहोस् : (५)

ग, झ, म, य, ह् ।

ख. तल दिइएका शब्दहरूको संरचना र सङ्ख्यासमेत देखाउनुहोस्: (५)

देश, विज्ञान, प्रतीक्षा, उपयोगी, पञ्चतन्त्र ।

४. **२०७६ ग्रेडवृद्धि परीक्षा सेट B प्र. नं. १**

क. तलका वर्णको घोषत्व र प्राणत्व चिनाउनुहोस् :

ख, छ, व, ल्, स् ।

ख. तल दिइएका शब्दको अक्षर संरचना लेखी अक्षर सङ्ख्यासमेत देखाउनुहोस् :

कन्या, सम्पदा, अभिव्यक्ति, विशेषज्ञता, दश

५. **२०७६ प्र.नं. १**

क. तलका वर्णहरूको घोषत्व र प्राणत्वका आधारमा चिनाउनुहोस्:

क, ज, भ, य, स ।

ख. तलका शब्दहरूको अक्षर संरचना र अक्षर सङ्ख्या समेत लेख्नुहोस्

काँट, समाज, ज्ञानवान्, शोषणमूलक, पञ्चरत्न ।

६. **२०७५ ग्रेडवृद्धि परीक्षा प्र.नं. १**

क. तल दिइएका वर्णहरूको प्राणत्व र उच्चारण स्थान छुट्याउनुहोस्:

ज, ठ, म, य, ह ।

ख. तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या समेत देखाउनुहोस् :

समान, नगरपालिका, सभ्यता, विज्ञान, आधुनिकता ।

७. **२०७५ सेट A प्र. नं. १**

क. तलका वर्णहरूलाई घोषत्व र प्राणत्वका आधारमा चिनाउनुहोस् ।

ठ, म, प, स, ह ।

ख. तल दिइएका शब्दहरूको अक्षर संरचना र सङ्ख्या देखाउनुहोस् ।

मुसुमुसु, आँत, सन्निपात, सम्मान, प्रतिभाशाली ।

puspas.com.np

८. २०७५ सेट B प्र. नं. १

क. तलका वर्णहरूलाई उच्चारण प्रयत्न र प्राणत्वका आधारमा चिनाउनुहोस् : (५)

ख, ज, द, य, स ।

ख. तलका शब्दहरूको अक्षर संरचना देखाई सङ्ख्या समेत देखाउनुहोस् : (५)

गांस, सार्वभौम, सङ्घर्षशील, प्यारो, संविधान ।

९. २०७४ पूरक प्र. नं. १

क. तल दिइएका वर्णहरूको उच्चारण स्थान र प्रयत्न छुट्याउनुहोस् : (५)

घ, ज, म, य, ह ।

ख. तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या समेत देखाउनुहोस् : (५)

विज्ञ, शेष, अभिव्यञ्जना, झटपट, महिमा ।

१०. २०७४ प्र. नं. १

क. तलका वर्णहरूलाई उच्चारण स्थान र प्रयत्नका आधारमा चिनाउनुहोस् : (५)

ग, छ, म, य, ह ।

ख. तल दिइएका शब्दहरूको अक्षर संरचना लेखी अक्षर सङ्ख्यासमेत देखाउनुहोस् : (५)

काल, बटुवा, विशेषज्ञ, कानुन, रमणीयता ।

११. २०७३ पूरक प्र. नं. १

क. तल दिइएका वर्णहरूको घोषत्व र प्राणत्व छुट्याउनुहोस् : (५)

प, भ, ध, ङ, स ।

ख. तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या देखाउनुहोस् :

औचित्यपूर्ण, सिर्जनशील, इख, सत्य, महाकाली । (५)

१२. २०७३ प्र. नं. १

क. उच्चारण स्थान र प्रयत्नका आधारमा तलका वर्णहरूलाई चिनाउनुहोस् : (५)

ज, थ, म, य, ल ।

ख. तल दिइएका शब्दको अक्षर संरचना लेखी अक्षर सङ्ख्यासमेत देखाउनुहोस् : (५)

सूर्योदय, सामाजिक, तात्तातो, वैठक, ऋषि ।

१३. २०७२ पूरक प्र. नं. १

क. तल दिइएका वर्णहरूको उच्चारण स्थान र प्रयत्न चिनाउनुहोस्(५)

क, छ, ठ, य, ल ।

ख. तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्यासमेत देखाउनुहोस् : (५)

संविधान, झल्याकझुलुक, पञ्चामृत, शेष, नासो ।

१४. २०७२ प्र. नं. १

क. उच्चारण स्थान र प्रयत्नका आधारमा तलका वर्णहरूलाई चिनाउनुहोस् : (५)

घ, छ, व, य, ह ।

ख. तल दिइएका शब्दको अक्षर संरचना लेखी अक्षर सङ्ख्यासमेत देखाउनुहोस् : (५)

काम, शोषण, टेलिभिजन, पञ्चरत्न, उपनिवेशवाद ।

१५. २०७२ सेट E प्र. नं. १

क. तलको वर्णको उच्चारण स्थान र प्रयत्न चिनाउनुहोस् : (५)

ख, ज, व, ह, स ।

ख. तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्यासमेत देखाउनुहोस् : (५)

झझल्को, जोस, इमान्दारी, ख्यालख्याल, अभिव्यक्ति ।

१६. २०७१ पूरक प्र. नं. १

क. तल दिइएका वर्णहरूको उच्चारण स्थान र प्रयत्न छुट्याउनुहोस् : (५)

ख, झ, ढ, ब, ह

ख. तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या देखाउनुहोस् :

हिमाली, शारीरिक, विद्यालय, विशेष, घाम । (५)

१७. २०७१ प्र. नं. १

क. तलका वर्णको घोषत्व र प्राणत्व चिनाउनुहोस् : (५)

क, घ, न, थ, स ।

ख. तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या देखाउनुहोस् :

तिन, नेपाली, विशेषज्ञता, शब्द, सल्यान (५)

१८. २०७० प्र. नं. १

क. तलका वर्णहरूको घोषत्व र प्राणत्व छुट्ट्याउनुहोस् : (५)

ज, थ, म, ल, ह

ख. तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या देखाउनुहोस् :

एक, सहरीकरण, पुनर्जन्म, कन्या, छताछुल्ल (५)

१९. २०६९ प्र. नं. १

क. तल दिइएका वर्णहरूको उच्चारण स्थान र प्रयत्न चिनाउनुहोस् : (५)

घ, न, ध, ह, य

ख. तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्यासमेत देखाउनुहोस् : (५)

विशेष, सञ्चारिका, आँप, नगरपालिका, झलझली

## एकाइ २: वर्णविन्यास चिह्न परिचय (५ अङ्क)

**वर्णविन्यास मिलाई पुनर्लेखन गर्नुहोस् वा शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : (५)**

१. २०७७ सेट H प्र. नं. २ सौन्दर्यका मोहनीमा वग्नेहरू प्राय असभ्य, वर्वर आततायी र जङ्गली भइदिन्छन् । उनीहरू सुन्दर फुल देख्नासाथ तेसका निकट् पुगी टासिन चाहन्छन् ।

२. २०७७ सेट I प्र. नं. २ मान्छेले किन फूलको इर्श्या गर्छ आफू फुलजस्तो सुन्दर जिन्दगी वांच्न किन खोज्दैन ।

३. २०७६ ग्रेडवृद्धि परीक्षा सेट A प्र. नं. २ दुःख र अनेकौ समश्याहरूसंग जुध्दै अनी अल्झिदै वांच्नुनै मान्छेको नियती हो सहज एवम सरल् ढङ्गले वांच्न उसले कसरी पाउंछ र एस यथार्थलाई वुझ्ने व्यक्तिले मात्र जिवन जिउन जान्दछ ।

४. २०७६ ग्रेडवृद्धि परीक्षा सेट B प्र. नं. २ जे सुकै होस म सधैं आलु खान्छु तर मलाइ सधैं आलु खान डर लाग्छ किन भने म पनि वीसौं सताव्दीकै आलु मान्छे जस्को कर्म हो आलु खानू तर धर्म हो आलु खाएर पेडाको धाक लगाउनु

५. २०७६ प्र.नं. २ अहिलेको खाद्य शङ्कट खडा गर्ने मुल कारण अर्थवजार हो एसको प्रमुख जड कृषी उपजलाई ऊर्जामा खपत गर्ने कार्यमा रहेको छ । हामी भने खतवारी वाझै छोड्छौं ?

६. २०७५ ग्रेडवृद्धि परीक्षा प्र.नं. २ विद्याको सर्टिफिकेट कोठा को वाकसमा हुन्छ भलादमीको प्रमाणपत्र सधैं उसका सरिर उपर विज्ञापन जाहेरी गर्दछ । पोसाक मात्र पहीला पाष हो । तेसमा पनि रेसमी रूमालको फर्काइ र टोपीको कर्काइले पहिलो स्रेणीमा उत्तीर्ण भएको जनाउंछ ।

७. २०७५ सेट A प्र. नं. २ सुसासन र विकास अहिले नेपाली जनताका चाहाना होइनन भनेर कसले भन्न सक्छ र त्यशको प्राप्तीका लागि नै वर्षौंदेखि हामीले सपना देख्दै आएका छौ हरे फिव अब पनि के हुने हो भन्न सकिन्न ।

८. २०७५ सेट B प्र. नं. २ गुरुले भने विश्वका वैग्यानिकहरू पनि आध्यात्मिक कुरा मा विस्वास गर्छन

९. २०७४ पूरक प्र. नं. २ मेरी जननि तिमीसंग यउटा कुरा सोध्छु नढाटी भन है । म अचेल नराम्रा सप्ना देख्न थालेकी छु । निर्दोमाथि भएको पिडाको सपना । तिमीसंग के ढाटनु अब । मेरा सपनामा तिम्रा सम्पूर्ण रुखहरू ढलेछन् ।

१०. २०७४ प्र. नं. २ भाइ विद्यालयवाट फर्कदै थियो उसको भेट वाटामा वहिनिसंग भयो । उनीहरू समयेमै घर फर्के । उनीहरूले करेसामा ढकमक्क फूलेका सेता पहेंला र राता पुष्पहरू हेरे । उनीहरू खुशी भए ।

११. २०७३ पूरक प्र. नं. २ तेसले भनेर म मान्दीनं के वुवा मूमाले भने पनी मान्दिन । आखीर गौरी निस्चय गर्थी हामी दुवै हातेमाले गर्दै वगैंचाककको डिलमा आयेर उभिन्थ्यौं ।

१२. २०७३ प्र. नं. २ फेरी निराषावादी मात्र बनेर के गर्ने ? वाँचनु छ, जीवन विताउनु नइ छ नवदलिने येस समाजलाई एक धक्का दीएर वदल्नु पर्छ । नत्र यतीका पढेको, गुनेको के फाइदा भो

१३. २०७२ पूरक प्र. नं. २ पुजा गरेको पर्सि पल्ट गुमानेकी श्वास्नी लडी विचरी फन्ने खुस्की थि, वाची तेसपछि धनजिते लाई समाते ।

१४. २०७२ प्र. नं. २ दुनियामा कोही पनि मित्र हुँदैनन सवै शत्रु सवै वैरी नै हुन्छन् । कसले भन्छ अकारन नै कोहि शत्रु हुँदैन माने, अकारण कोही कसइको शत्रु हूँदैन तर फगडा को निहुँ कति मजिले पाइन्छ ।

१५. २०७२ सेट E प्र. नं. २ मान्छे लाई वैगुनी भन्नुपर्ने कारणै यहि हो ऊ गुणको पारख गर्नुको शाटो वेईज्जती गर्छन्

१६. २०७१ पूरक प्र. नं. २ समुद्रपारी पुग्न सक्यो भने उनिहरूको जोर चल्देन आमा भन्नु हुन्थियो । म आफनो सम्पूर्न इच्छासक्तिले मधुकर को घोडालाई छिटो छीटो अफ छिटो धकेल्न थाल्दथें ।

१७. २०७१ प्र. नं. २ चाहिँदैन हामीलाई कसैको छातासाता! भन्दै ती तरुनिले रिस, सङ्का, डर इत्यादि भावहरू मिसियेको जस्तो अनुहार लाइ तीखा आँखाले हेर्दै फटा फट आफनो वाटो लागिन ।

१८. २०७० प्र. नं. २ एसरी दिनरातको पहिरो र हावाको डरमा वाँचेर दुइ एकर जमीनको माटो वर्समा दुई चोटी पल्टायेर जिविका गर्ने मेरो परिवारको हत्या हो

१९. २०६९ प्र. नं. २ प्रीय सूनखानी तिम्रा अरु छोरा छोरीको खवर के छ तिनिहरू तिम्रो वक्षस्थलको तातोले नपुगेर शम्साँफैदेखि वोतलभित्रको सिरकमा लपेटियर हिंड्छन रे ।

## एकाइ ३: शब्दवर्ग (पदवर्ग) (३ अङ्क)

**तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** (३)

१. २०७७ सेट H प्र. नं. ३ वासनाले हामी संसारसित जोडिएका हुन्छौं र अन्ततः अनिच्छावश नै मृत्युले हामीलाई यो स्थितिवाट तानेर लैजान्छ । हामी मर्न त मर्छौं तर मुक्त हुँदैनौं ।

२. २०७७ सेट I प्र. नं. ३ प्रकृतिको आफ्नै नियम छ । जनचाहना अनुरूप नयाँ नेपालको निर्माण निश्चय हुनेछ । कानुनको पालन र अनुशासनले नै हामीलाई सुखी एवम् समृद्धिको यात्रामा अगि वढाउँछ ।

३. २०७६ ग्रेडवृद्धि परीक्षा सेट A प्र. नं. ३ मिठो आफूभन्दा ... मान्छेको आदर गर्न सिक है । धत् ! आदरणीय व्यक्तित्वका अगाडि असभ्य भई लखरलखर हिंड्न तिमीलाई सुहाउँछ ?

४. २०७६ ग्रेडवृद्धि परीक्षा सेट B प्र. नं. ३ यी मेरा पुस्तकहरूले ... ज्ञान दिएका छन । तसर्थ यिनीहरूलाई म जतन गर्छु । पुस्तकहरू हाम्रा भविष्य हुन ।

५. २०७६ प्र.नं. ३ पाँच दिन भो दाइ । तिमीहरू दुवै जोगीनका ... लडिहाल्यौ । गाई र बाखा भोकभोकै कराउन थाले । खिजाउन सकिन अनि दौडेर आएँ । तिम्रो जस्तो दुङ्गाको मन म ... पाऊँ ?

६. २०७५ ग्रेडवृद्धि परीक्षा प्र.नं. ३ यस्तो एकाएकको उदारता ... खतरनाक छ, मलाई शङ्का लाग्छ भाइ । त्यही वालीका ... अस्तिसम्म दैत्य भइरहने मानिस आज एकाएक कसरी दे... हुन सक्ला ? मलाई त असम्भव लाग्छ ।

७. २०७५ सेट A प्र. नं. ३ अफ खिस्स हाँसि रहन तपाईलाई ... छैन ? मानिसको शोभा र सभ्यताको रक्षा गर्ने कुरा लाज ... त्यो लाज मानिसमा छैन भने त्यस नाङ्गो मानिससित कसा... के लाग्छ र ?

८. २०७५ सेट B प्र. नं. ३ ऊ एक्कासी प्रश्न गरेर मनको रिसो... खलवल्याइ दिन्थी तर मसंग रमाउन चाहन्नथी ।

९. २०७४ पूरक प्र. नं. ३ हर्षनारानले पनि सबैको सल्लाहअनुसा... पुतलीसंग विवाह गरे तर दाइजो भने केही ल्याएनन् । सबै... भने –"यस्तो पो हुनुपर्छ त विहे ।"

१०. २०७४ प्र. नं. ३ विचार गर्दा आलु पिंडालुभन्दा निकै वाठोटाठो... अप टु डेट लाग्छ, त्यसैले यसलाई बुढो भन्न मेरो आलु... जिब्राले कदापि सक्तैन ।

११. २०७३ पूरक प्र. नं. ३ इतिहासले आज मलाई कहाँ ल्याएर पछा... कुन्नि ! तिमी त मभन्दा धेरै अगि गइ सकेछौ ।

१२. २०७३ प्र. नं. ३ एउटा फगडामा सबभन्दा निर्दोष काम हो - त... फगडाको मध्यस्थ हुनु तर कुनै पनि मध्यस्थ दुवै पक्ष... समर्थक हुन सक्तैन । मध्यस्थले एउटा न एउटाको शत्रु हुने प... - कृष्ण रायले विउँफे भैं यो ज्ञान आर्जन गरे ।

१३. २०७२ पूरक प्र. नं. ३ भक्तेको हालखवर के छ नि ? काम गर... धेरै पसिना चुहाएर न्यायसित पैसा कमायौ तिमीहरूले ?

१४. २०७२ प्र. नं. ३ हातखुट्टा बलियो भएपछि काम भनेको स... पाइन्छ वा ! तर छोराछोरीका निम्ति वावु सधैं पाईरहिन्न वा... सेवा गर्न पाएपछि त्यस्ता काम लाख आउँछन् ।

१५. २०७२ सेट E प्र. नं. ३ ओहो ! त्यसो भए त डरलाग्दो कुरा... वावु ! अब कहिल्यै नवोलाउनु ती डाक्टरलाई फेरि ।

१६. २०७१ पूरक प्र. नं. ३ हेर, अँध्यारो रातमा एउटा मैनवत्तीले प... टाढासम्म ज्योति फाल्छ । यस दुष्ट संसारमा सानो सत्कार्य प... त्यसरी नै फल्कन्छ ।

१७. २०७१ प्र. नं. ३ मिठो कुराले सधैंभरि राम्रो गर्छ भन्ने छैन । ... खायो भने मिठाले पनि स्वास्थ्यमा हानि पुऱ्याउने हुँदा थोरै खा... राम्रो हो ।

१८. २०७० प्र. नं. ३ अँ, सम्फें । समाजको दुःखको अन्त न कागज... कोर्देमा हुँदो रहेछ न वोल्दैमा मात्र । यसका लागि त समाज... जरादेखि नै परिवर्तन गर्नुपर्छ ।

१९. २०६९ प्र. नं. ३ अरूको त के कुरा, आफ्नै पोष्य पुत्रमाथि प... उनलाई भरोसा थिएन ।

puspas.com.np

## एकाइ ४: शब्दस्रोत (२ अङ्क)

१. २०७६ ग्रेडवृद्धि परीक्षा सेट A प्र. नं. ४ तलको अनुच्छेदबाट दुई दुईवटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् (२)
सुविधाको खोजीमा ग्रामीण भेगबाट मानिसहरू सहरतिर आई बस्न थालेपछि त्यस क्षेत्रमा बाँझो हुन पुगेको जमिनको उपयोग कसरी गर्न सकिन्छ भन्नेतर्फ सरकारले स्पष्ट नीति ल्याउनु जरुरी छ ।

२. २०७६ ग्रेडवृद्धि परीक्षा सेट B प्र. नं. ४ तलको अनुच्छेदबाट दुई दुईओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)
त्यस्तै भाषाको देशमा लवजको दशा हुन्छ । कोही कोही शब्दहरू दुब्ला पातला भएका छन्, तिनीहरूको प्राचीन महत्त्व उडेको छ । रेसमका भलादमी काठमाडौंका गल्लीमा खुसबु उडाइ रहेछन् ।

३. २०७६ प्र.नं. ४ तलको अनुच्छेदबाट दुई दुईओटा तत्सम र तद्भव शब्दहरू खोजी लेख्नुहोस् : (२)
अत्यन्त गर्मी भएकाले छात्रछात्राहरू छाता ओढेर विद्यालय जाँदै छन् । उनीहरूको हातमा पाँच, पाँचओटा पुस्तक समेत छन् ।

४. २०७५ ग्रेडवृद्धि परीक्षा प्र.नं. ४ तलको अनुच्छेदबाट दुई दुईओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)
तालुमा आलु फलेपछि बोर्के भलादमी पनि ठालु हुन्छन् । जसको तालुमा आलु फल्छ, उसलाई तरकारीको समस्याले त के पिर्थ्यो र सरकारी नियम कानुनले पनि केही लछार्न सक्तैन । त्यसैले आलु परम भाग्यको प्रतीक हो र सौभाग्यको द्योतक हो ।

५. २०७५ सेट A प्र. नं. ४ तलको अनुच्छेदबाट दुईओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् । (२)
तिनताक मेरो डेरा सहर नजिकै भए पनि इन्टरनेट, फोन नपुगेको विद्युत् र पुस्तकालय समेत नभएको गाउँमा थियो । विद्यालयका शिक्षकसंग चक र डस्टरसम्म थिएन ।

६. २०७५ सेट B प्र. नं. ४ तलका अनुच्छेदबाट दुई दुईओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)
विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ । किताबको ज्ञान एकातिर हुन्छ भने भलादमीको प्रमाण विज्ञापनमा सीमित हुन्छ ।

७. २०७४ पूरक प्र. नं. ४ तलको अनुच्छेदबाट दुई दुईओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : (५)
माध्यमिक तहका कक्षा ११ र १२ का विद्यार्थीले कलेज ड्रेसमा मोटरसाइकल चलाएमा कारवाही गर्ने कानुनी व्यवस्था भएपछि सडकमा जथाभावी सवारी साधन चलाउने र दुर्घटना हुने प्रवृत्तिमा कमी आएको छ । अभिभावकले पनि यस कार्यको स्वागत गरेका छन् ।

८. २०७४ प्र. नं. ४ तलको अनुच्छेदबाट दुई-दुईओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)
रेल, मोटर चढ्दा र होटेल, रेस्टुराँहरूमा खाँदा, बस्ता वा भेट हुँदा कतिपय मानिसहरूसंगको क्षणिक मित्रता पनि चिरम्मरणीय विषय भएर हाम्रो स्मृति पटलमा अङ्कित हुन पुग्छ ।

९. २०७३ पूरक प्र. नं. ४ तलको अनुच्छेदबाट दुई-दुईओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)
त्यतातिर किन अनुसन्धानको दृष्टि वा ध्यान जाँदैन ? टुरिष्टले प्यान केक भनेर रेस्टुराँ र लजमा फापर र कोदाको रोटी खाइरहेका छन् ।

१०. २०७३ प्र. नं. ४ तलको अनुच्छेदबाट दुई-दुईओटा तत्सस र आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)
सहरका तुलनामा ग्रामीण भेकतिरका प्रायः गरिव जनता आधुनिक सुविधाबाट वञ्चित रहेका छन् । तसर्थ सरकारले यसतर्फ पनि चासो दिई ग्रामीण क्षेत्रको विकासका लागि आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

११. २०७२ पूरक प्र. नं. ४ तलको अनुच्छेदबाट दुई-दुईओटा आगन्तुक र तत्सम शब्द खोजी लेख्नुहोस् : (२)
मानिसको पेटमा पर्नुपर्ने अन्न डिजल, पेट्रोलजस्ता ऊर्जा तथा इन्धन बनाउनमा प्रयोग हुन थालेको छ । अमेरिकीहरू आफूकहाँ उत्पादित २३ प्रतिशत मकै बायोफ्युल बनाउन खपत गरिरहेका छन् ।

१२. २०७२ प्र. नं. ४ तलको अनुच्छेदबाट दुई-दुईओटा तत्सम र तद्भव शब्द खोजी लेख्नुहोस् : (२)
असारमा रोपेर मङ्सिर महिनामा अन्नका रूपमा धान घरमा भित्र्याउँदा कृषकहरू हर्षले गद्गद् भएका देखिन्छन् ।

१३. २०७२ सेट E प्र. नं. ४ तलको अनुच्छेदबाट दुई-दुईओटा आगन्तुक र तत्सम शब्द खोजी लेख्नुहोस् : (२)
पुलाउ खाऊ, आऊ, टोप र टाई प्वान्टलुन लाऊ, तिम्रो परिवारलाई घर, आवास र मन्दिर दिन्छौं तिमी नजाऊ ।

१४. २०७१ पूरक प्र. नं. ४ तलको अनुच्छेदबाट दुई-दुईओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)
सहरबजारमा बसेर मात्र मानिसले प्रगति गर्न सक्छ भन्ने होइन । ग्रामीण क्षेत्रका मानिसले पनि राम्रो आम्दानी गरेर सुखद जीवन बिताउने गरेका उदाहरणहरू प्रशस्त भेटिएका छन् ।

१५. २०७१ प्र. नं. ४ तलको अनुच्छेदबाट दुईओटा तत्सम र दुईओटा आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)
विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ । भलादमीको प्रमाण पत्र सधैं उसको शरीर उपर विज्ञापन जाहेरी गर्दछ ।

१६. २०७० प्र. नं. ४ तलको अनुच्छेदबाट दुई-दुईओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)
कम्प्युटर एक इलेक्ट्रोनिक यन्त्र हो जसले अत्यन्तै उच्च वेगमा प्रयोगमा कर्ताले दिएको निर्देशनअनुसार कार्य सम्पादन गरी नतिजा प्रस्तुत गर्न र डाटा भण्डारण गर्न सक्छ ।

१७. २०६९ प्र. नं. ४ तलको अनुच्छेदबाट दुई-दुईओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् : (२)
टुरिस्टले प्यान केक भनेर खाइदिनाले रेस्टुराँ र लजमा फापर र कोदाका रोटी लोकप्रिय हुन्छन्, तर आफैंले घरमा पकाएर कोदाको रोटी वा ढिंडो खाएमा अरुको शौचालयमा जान लज्जाबोध हुन्छ ।

**एकाइ ५: शब्दनिर्माण (व्युत्पन्न) (कुनै दुई प्रश्न)**
**(२×३ = ६ अङ्क)**

१. **२०७७ सेट H प्र. नं. ६**

क. तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व व्युत्पन्न शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व व्युत्पन्न शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् : (३)

गाउँ समाजमा कसैसँग पनि नमिल्ने, कसैलाई साह्रोगाह्रो पर्दा आँखोखाँचो पनि नटार्ने अनि ऐरेगैरेसँग सम्वन्ध राख्ने मान्छेबाट कामसाम बन्ला भनी ठान्नु मूर्खता हुन जान्छ। त्यस्ता नरपशुबाट सहयोगको अपेक्षा गर्नुभन्दा आफूआफूबाटै भाग्योदयका लागि प्रयास गर्नु हाम्रा लागि उपयुक्त हुने देखिन्छ।

ख. तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् : (३)

बिभिन्न जातजातिका मानिसको साझा कर्मथलोका रूपमा रहेको नेपाल सांस्कृतिक विविधताले भरिपूर्ण छ। खर्चवर्च नहुँदा सरसापटका भरमा चाडपर्व मनाउने प्रचलन त यहाँ प्राचीन समयदेखि नै चल्दै आएको छ। सानन्दका साथ रमाइलो गरी जीवन जिउने कला सिकेका हामी शुभ कार्यमा कुनै किसिमको झैझमेलामा पर्ने गरेका छैनौं।

२. **२०७७ सेट I प्र. नं. ४**

क. तल दिइएका उपसर्ग र प्रत्यय लगाई एक एक शब्द निर्माण गर्नुहोस् : (३)

उपसर्ग : अन, निर, वे।

प्रत्यय : ईन, याइ, एलु।

ख. तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् : (३)

सरकारले भव्यताका साथ उद्घाटन गरेको पर्यटन वर्ष विदेशी पर्यटकहरूलाई भित्र्याई राष्ट्र निर्माण गर्ने एउटा महत्त्वपूर्ण महोत्सव नै हो। यसलाई सफल तुल्याई आर्थिक समृद्धिका मार्गमा लम्कने अभियानलाई सबैले आआफ्नो क्षेत्रबाट सरसहयोग गर्नुपर्ने देखिन्छ। अझ बेरोजगार युवा युवतीले त कुनै राम्रो कामसाम गरेर आफ्नो भविष्य निर्माणको योजना बनाउने अवसरका रूपमा यसलाई लिनुपर्ने देखिन्छ।

३. **२०७६ ग्रेडवृद्धि परीक्षा सेट A प्र. नं. ५**

क. तलका उपसर्ग र प्रत्ययबाट एक एक शब्द बनाउनुहोस्: (३)

उपसर्ग: अति, परि, कु।

प्रत्यय: अन्त, आउ, मय।

ख. तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व व्युत्पन्न शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व व्युत्पन्न शब्दको निर्माण प्रक्रिया देखाउनुहोस्: (३)

वर्षभरका लागि अन्नबाली उब्जाउने किसानहरूले असारका बेला आल्तुफाल्तु काममा लाग्नुहुँदैन। उनीहरूले घरघरमा चौपायाहरू पनि पालेर घरखर्च चलाउनुका साथै आवश्यक सरसामानको व्यवस्था गर्नुपर्ने हुन्छ। त्यसैले गफसफ गरेर उनीहरूले समय खेर फाल्नुहुँदैन।

ग. तलको अनुच्छेदबाट छओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धिविच्छेद गर्नुहोस्: (३)

ढुङ्गेधारा नजिकैको सामुदायिक विद्यालयको पठन-पाठन उत्कृष्ट रहेको छ। गैरसरकारी संस्था तथा केही ठुलठुला परोपकारी चन्दादाताका सरसहयोगमा स्थापित उक्त विद्यालय... विशेष गरी जेहेनदार छात्रछात्रालाई राष्ट्रको गरगहना ठा... छात्रवृत्ति प्रदान गरिएको छ। असहायको मरमद्दत गरिने ... पनि सङ्घसंस्था समाजमा सधैं प्रतिष्ठित रहने छ।

४. **२०७६ ग्रेडवृद्धि परीक्षा सेट B प्र. नं. ५**

क. तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरूमध्ये उपसर्ग व्युत्... शब्दमा लागेका उपसर्ग र प्रत्यय व्युत्पन्न शब्दमा लागे... प्रत्यय छुट्याउनुहोस् :

<u>राजनैतिक</u> <u>अस्थिरताका</u> कारण कलकारखाना खोली रोजगा... अवसर वढाउनेतर्फ सरकार, राजनीतिक दल एवम् <u>उ...</u> <u>सञ्चालकको</u> ध्यान पुग्न नसक्दा राम्रो शैक्षिक <u>योग्यता</u> भए... युवाहरू पनि रोजगारीको खोजीमा भौंतारिएका छन्।

ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व व्युत्प... शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व व्युत्प... शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :

टोलका दाजुभाइको सरसल्लाह भएपछि हामी सबै वनभोज जा... तम्तयार भयौं। टोल टाठाबाठा, बुढाबुढी, केटाकेटी र युवाह... सहभागी भएको उक्त वनभोजमा खानासाना राम्रो प्रक... थियो।

ग. तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त शब्द पहिचान ग... तिनको सन्धि विच्छेद गर्नुहोस् :

हिमालय नेपालको प्राकृतिक वरदान हो। हिमाली सौन्दर्य... पर्यटन व्यवसाय बढेको छ वैदेशिक मुद्रा आर्जनको यो नै रा... वैकल्पिक उपाय बनेको छ। बाटाको खरखाँचो सर-सामान... खरखजाना बोकी गएका विवेक पर्यटकले हरक्षेत्रमा प्रदू... गरेका छन्। प्रकृतिमाथि गरिने अत्याचार बढ्दै गएमा पछि य... प्रदूषणले जीवन शोकाकुल नबल्ला भन्न सकिन्न।

५. **२०७६ प्र.नं. ५**

क. तल दिइएका उपसर्ग र प्रत्यय लगाई एक-एक शब्द बनाउनुहोस्।

उपसर्ग : अन, सु, दुस्

प्रत्यय : ई, अक, एली

ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व व्युत्पन्न शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व व्युत्पन्न शब्दको-निर्माण प्रक्रिया देखाउनुहोस् :

आ-आफ्नो क्षेत्रमा कर्तव्यनिष्ठ भएर समर्पित नरनारीले ... जीवनपथमा सफलताका सिँढीहरू फटाफट चढ्न सक्छन्। झैझगडा र कलहसलहमा पलपल खेर फाल्नेहरूले अरूलाई... परेका बेलामा मरमद्दतका माध्यमबाट परोपकार गर्न एवं... आशीर्वचनको पञ्चामृत पान गर्न सक्दैनन्।

ग. तलको अनुच्छेदबाट छओटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् :

दिनरात काम गर्दा पनि सूर्योदय र सूर्यास्तपछि भातसात खा... नपाएका पीताम्बर, जगदीश र चक्रपाणिले घर घर डुलेर माग... गरेको देख्दा अत्यन्त पीडा भयो। यस्तो विषम, विकट ... कहालीलाग्दो दुरवस्थाको अन्त्य गर्न लागिपर्नु हामी सबैको... कर्तव्य हो। सामाजिक अव्यवस्था सम्झँदा मेरो त खाँदा खादैको... खानासाना पनि मुखमा नगई हातैमा अडिन्छ।

puspas.com.np

puspas.com.np

६. **२०७५ ग्रेडवृद्धि परीक्षा प्र.नं. ५**

क. तलका उपसर्ग र प्रत्ययबाट एक-एक शब्द निर्माण गर्नुहोस् : (३)
उपसर्ग : सु, अधि, निर्
प्रत्यय : एली, इक, तम

ख. तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द खोजी विग्रह गर्नुहोस् र तीनओटा द्वित्व शब्द खोजी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् : (३)
जबसम्म प्रत्येक नागरिकमा कर्तव्यसर्तव्य भावना जाग्दैन तबसम्म जति जति प्रयास गरे पनि असल चरित्र निर्माण गर्न सकिँदैन। देशभक्त नेपाली दाजुभाइले एकआपसमा सरसहयोगको भावना बोकेर गाउँगाउँमा पुगी सबैलाई आआफ्नो क्षेत्रबाट जाग्न प्रेरित गर्नुपर्छ।

ग. तलको अनुच्छेदबाट ६ वटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् : (३)
विद्यार्थीहरू विद्यालयमा पढ्छन्। पर्यटकहरू हिमालयमा चढ्छन्। आधुनिक युगमा प्रत्येक नागरिकले यस्तै महत्त्वपूर्ण कार्य गरे देश विकसित हुन समय लाग्दैन। गणतान्त्रिक मुलुकले सर्वाङ्गीण विकासका लागि सदैव व्यावहारिक तथा जीवनोपयोगी ज्ञान प्रदान गर्ने उद्देश्य लिनुपर्दछ।

७. **२०७५ सेट A प्र. नं. ५**

क. तलको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस्। (३)
छिमेकी गाउँले महिला भए पनि उनी निर्भीक र निडर थिइन्। ग्रामीण परिवेशमा बसेर उपन्यास लेख्नु उनको अभीष्ट थियो। रोजगार मानवीय संरचनालाई दयालु र कर्तव्यनिष्ठ तुल्याएर उनले आफ्ना समुचित भाव गाम्भीर्यलाई प्रकट गर्थिन्।

ख. तलको अनुच्छेदबाट तीन-तीनओटा समास र द्वित्व व्युत्पन्न शब्द टिपी तीनको निर्माण प्रक्रिया देखाउनुहोस्। (३)
चार बजेको घण्टीसँगै ससाना बालबालिका आआफ्ना कापी किताब बोकेर गाउँघरतिर लागे। कक्षाकोठा शून्य भयो। शिक्षिकाले घरमा आमालाई मरमद्दत गर्न, छिमेकीलाई सरसहयोग गर्न र आल्तुफाल्तु कुरा नगर्न सिकाउनु भएको थियो। बाह्र सत्ताइस नबुझ्ने द्रव्यपिशाचको भाव नभएका चौपायालाई स्नेह गर्ने ती विद्यार्थी अवश्य पनि भोलिको समाजका कर्णधार हुनेछन्।

ग. तलको अनुच्छेदबाट छओटा सन्धियुक्त शब्दहरू छान्नुहोस्। (३)
पुस्तकालय विद्यार्थीको दोस्रो घर हो। घर घडेरी जम्मा गर्नु घरको बनोट र गँसोटमा ध्यान दिनु डकर्मी सिकर्मीको प्राकृतिक धर्म भएझैं पठन पाठनमा मनोभाव लाउनु चित्ताकर्षक रचना लेख्नु परोपकारका कुरा गर्नु विद्यार्थीका पहिचान हुन्। छुट्टी भएपछि गाउँको सिरानदेखि देखिने हिमालयको सौन्दर्य र चन्द्रोदयलाई नमस्कार गरी आध्यात्मिक जग बसाउनुपर्छ।

८. **२०७५ सेट B प्र. नं. ५**

क. तलका उपसर्ग र परसर्ग लगाई एक-एक शब्द बनाउनुहोस् :
उपसर्ग: अ, उद्, कु परसर्ग: अनीय, त्व, पन

ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व व्युत्पन्न शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व व्युत्पन्न शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :
ससाना बालबालिकाले आफ्नो काम कर्तव्य पूरा गरेका छन्। ठूल्ठूला ऋषिमुनि पनि वनवास गएर चित्तशुद्धिमा रमाएका छन्। हरदिन लोभमा फस्ने मानिसले समाजमा घरैघर ठड्याएर कुटाकुट निम्त्याएको भेटिन्छ।

ग. तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् :
उल्ले मलाई भन्यो, "विदेशबाट आएका पर्यटकहरू हाम्रो स्वागत, सत्कार तथा आतिथ्य पाएर अन्यन्त हर्षित हुँदै स्वदेश फर्कन्छन्।"

९. **२०७४ पूरक प्र. नं. ५**

क. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको निर्माण प्रक्रिया देखाउनुहोस् : (३)
नेपालमा घरेलु उद्योग निरन्तर घटिरहेका छन्। मानवीय विकाससँगै भौतिक उपार्जन बढेको अवस्थामा जैविक संरक्षण र संवर्धन गर्नु आजको आवश्यकता हो। मातृत्व संरक्षण गरी बालबालिकाको भविष्य जोगाउनु र भएका सांस्कृतिक सम्पत्तिको पुस्तान्तरण महत्त्वपूर्ण हुन्छ।

ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व व्युत्पन्न शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व व्युत्पन्न शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् : (३)
सानातिना कुराको स्वार्थसिद्धिमा लागेर ठूल्ठूला राजनीतिक दलहरूले देशविदेशमा आफ्नो छवि बिगार्नुहुँदैन। रातदिन जनहितमा लागेर एकआपसमा झैझगडा नगरी दलहरूले गाउँसहरका जनताको सेवा गर्नुपर्दछ। आआफ्नो पार्टीमा ससाना कुरा गर्नुभन्दा जनमतको सम्मान गर्नुपर्दछ।

ग. तलको अनुच्छेदबाट ६ ओटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तीनको सन्धिविच्छेद गर्नुहोस् : (३)
पुस्तकालयमा विद्यार्थीले परोपकारको भावना भएका महर्षिका कुरा सूर्योदयदेखि सूर्यास्तसम्म पढ्न पाउँछन्। अत्यावश्यक खँदिलो विषयलाई अध्ययनको विषय बनाउन सके वाङ्मयको गरिमा उच्च उच्छ्वासमा अभिव्यक्त हुने थियो।

१०. **२०७४ प्र. नं. ५**

क. तल दिइएका उपसर्ग र प्रत्यय लगाई एक-एक शब्द बनाउनुहोस् : (३)
उपसर्ग: सु, अन, बद प्रत्यय: ईय, ता, यौली।

ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व व्युत्पन्न शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व व्युत्पन्न शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् : (३)
घामछाया जस्तो जीवनमा सुखदुःख आलोपालो आईं आइरहन्छन्। गगनचुम्बी महलमा बसे पनि, सगरमाथाको चुचुरोमा चढे पनि र मखिबुट्टे कपडाले जतिसुकै आङ्साङ सिँगारे पनि हामी पीताम्बर बन्न सक्तैनौं। न त खुरुखुरु आआफ्नो काम गर्न छाडेर मुख बिगार्दैमा हात्तीसुँढे लम्बोदर नै बन्न सक्छौं।

ग. तल दिइएको अनुच्छेदबाट छओटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् : (३)
मनोरम नदीनाला र सरोवरहरू हेर्नका लागि प्रत्येक वर्ष थुप्रै विदेशी पर्यटकहरू नेपाल आउने गर्दछन्। उनीहरू यहाँ जातीय, धार्मिक, सांस्कृतिक र भाषिक विविधताका बीचमा सामाजिक सद्भाव र राष्ट्रिय एकताको जगमग ज्योति पाउँछन्। उनीहरू

नृत्याङ्गनाका छमछम नाचहरू हेर्दै नेपालमै पुराणहरूमा वर्णित स्वर्गको झझल्को अनुभव गर्दछन् ।

११. २०७३ पूरक प्र. नं. ५

क. तल दिइएका उपसर्ग र प्रत्यय लगाई एक-एक शब्द बनाउनुहोस् (३)

उपसर्ग: वि, सम्, अधि प्रत्यय: ले, अनीय, ता ।

ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस् (३)

साथीभाइसँग साझबिहान झैझगडा गर्ने खराव बानीले गर्दा छरछिमेकमा उसको सम्वन्ध विग्रेको छ । कुलदीपका रूपमा नवरत्न मानिएको व्यक्ति पिटपाट र गोदगादमा लागेर ससाना कुरामा लल भन्दै अल्झिने बानीले उसलाई दहीच्युरे, निर्लज्ज बनाएको छ ।

ग. तलको अनुच्छेदबाट छओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् : (३)

अतीतको खँदिलो विषयलाई रमेशले आफ्नो मनोरथ पूरा गर्ने उद्देश्यले समेटेको छ । परोपकार सदैव गरौं, सूक्ति र हिमालयका सौन्दर्य वर्णित कुरा पुस्तकालयमा मात्र होइन हृदयमा सजाऊँ ।

१२. २०७३ प्र. नं. ५

क. तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरूमध्ये उपसर्ग व्युत्पन्न शब्दमा लागेका उपसर्ग र प्रत्यय व्युत्पन्न शब्दमा लागेका प्रत्यय छुट्ट्याएर देखाउनुहोस् : (३)

अहिले नेपाली युवाहरूका लागि वैदेशिक रोजगारी आशाको केन्द्रविन्दु बनेको छ । देशको राजनीतिक अस्थिरता, शान्ति सुरक्षाको अभाव र बढ्दो बेरोजगारीले यस्तो परिस्थिति सिर्जनाका लागि उत्प्रेरकको भूमिका खेलेका छन् ।

ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्ट्याउनुहोस् : (३)

सप्तर्षि उच्चमाध्यमिक विद्यालयका छात्रछात्राहरूले एकआपसमा सरसल्लाह गरेर त्रिवेणीमा वनभोजको आयोजना गरेका थिए । त्यहाँ तात्तातो खानेकुरा खाएपछि सबै जनाले आआफ्ना सुरमा नाचगान गरे अनि साँझतिर सबै घरघर फर्किए ।

ग. तलको अनुच्छेदबाट छओटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् : (३)

प्रत्येक वर्ष पौष शुक्लपूर्णिमाको दिन सप्तकोशीका किनारामा ठूलो मेला लाग्ने गर्दछ । मेलामा प्रायः त्यसै भेगका मधेसी र पहाडी समुदायका मानिसहरूको भिडभाड देख्न पाइन्छ । मेलाका हुलमुलमा युवायुवती र वृद्धवृद्धाहरू आफ्नै सुरमा रमाइरहेका भेटिन्छन् । त्यहाँ कोही अत्यावश्यक सामानहरू किन्न व्यस्त देखिन्छन् भने कोही वेसुरका गफ चुटिरहेका हुन्छन् । त्यहाँ प्रायः सोझासाझा मानिसहरू नै भेटिन्छन् तापनि त्यहाँ पकेटमार र रक्स्याहाहरूको आतङ्क पनि कम हुँदैन ।

१३. २०७२ पूरक प्र. नं. ५

क. तलको अनुच्छेदबाट छओटा उपसर्ग व्युत्पन्न र छओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् : (३)

कुलतमा लागेका मानिसको अकाल मृत्यु हुन सक्छ । सामाजिक विकासका क्रममा यसका लागि परिसंवाद हुनु आवश्यक छ । कुबाटोमा लाग्ने यस्ता मानिसको उपकार गर्न हामी सबै प्रतिबद्ध हुनपर्छ । यस्तो सुकार्य बुझक्कड मानिसले मात्र ग[...] सक्छन् । मायालु भाव र रमाइलो वातावरण प्रदान गरेर मित्र[...] बढाएपछि यी मानिस सुध्रन्छन् गन्तव्यमा पुग्न हरेक मानिसला[...] ममतामय वातावरण दिएर यिनलाई उत्कृष्ट र प्रगतितिर लैजा[...] विशिष्ट नागरिक बनाउन सकिन्छ ।

ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खो[...] समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अ[...] छुट्ट्याउनुहोस् :

कञ्चनजङ्घाको सौन्दर्यमा पुग्दा पनि तिम्रै झझल्को आउँछ[...] त्यसैले दुईचार दिनको आआफ्नो जीवनयात्रामा सुखदुःख[...] आत्मसात् गर्दै ससाना कुरामा नअल्झी इष्टमित्रसँग मनमोह[...] व्यवहार एवम् खानखाँचोमा सरसहयोग गरेर अमर बन्नुपर्दछ ।

ग. तलको अनुच्छेदबाट छओटा सन्धियुक्त शब्द पहिचान ग[...] तिनको सन्धि विच्छेद गर्नुहोस् :

सूर्योदय नहुँदै मनकामना पुगेर मनोरथ पूरा हुने आशा ग[...] सदैव परोपकारको भावनाले मानवलाई देवर्षितुल्य ठा[...] हिमालयमा सूर्यास्त नहुँदै हामी घर फर्क्यौं ।

१४. २०७२ प्र. नं. ५

क. तलको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न शब्द [...] तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् :

संविधानसभाको मुख्य दायित्व लोकतान्त्रिक संविधान निर्माण गरी मुलुकलाई सङ्क्रमणबाट मुक्त गराउनु नै हो । निर्वाचनमा जनताले विश्वास गरेका राजनीतिक दलहरूले जनमतको उपेक्षा नगरी समयमै काम सम्पन्न गरेर आर्थिक क्रान्तिद्वारा नेपाली जनताको मन जित्नु जरुरी छ ।

ख. तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्ट्याउनुहोस् :

गाउँठाउँमा बसेपछि कर्तव्यनिष्ठ भई समयसमयमा समाजका असहायहरूको हकहितमा लाग्ने सोचाइ राखेर सबैका सुखदुःखमा सारिक हुने कृष्ण राय सार्वजनिक सभासमारोहमा झल्याकझुलुक मात्र देखापर्थे । गाउँदेखि टाढाटाढासम्म ख्याति कमाएका यस्ता महापुरुषलाई घरबाहिर भेट्दा चौतारोमा उभिएर गाउँलेहरूले अदवसँग स्वागत गर्थे किनभने कृष्ण रायमा गाउँलेहरू देवताकै झझल्को पाउँथे ।

ग. तलको अनुच्छेदबाट छओटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् : (३)

मनमोहक रमणीय हिमाल, पहाड, नदीनाला, वन्यजन्तु आदिले गर्दा नेपाल विदेशी पर्यटकहरूका लागि आकर्षक गन्तव्य बन्नपुगेको छ । खासगरी सूर्यको झलमल किरण पर्ने बित्तिकै जगमग हुने नेपालका गरगहनाका रूपमा रहेका हिमाच्छादित शिखरहरू टलक्क टल्केको देख्दा पर्यटकहरू स्वदेश फर्कन नै भुल्छन् होला भन्दा खासै अत्युक्ति हुँदैन ।

१५. २०७२ सेट E प्र. नं. ५

क. तल दिइएका उपसर्ग र प्रत्यय लगाई एक-एक शब्द बनाउनुहोस् : (३)

उपसर्ग: अन, अति, सु,

प्रत्यय: अन्त, इम, त्व

puspas.com.np

puspas.com.np

ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस् (३)

मरमसला र गरगहनाको खोजीमा साँझविहान श्रम गर्ने श्रमजीवी मात्र होइन ससाना बालबालिकालाई मरमद्दत गर्ने, झैझगडा गर्न नदिने कक्षाकोठाका छात्रछात्रा पनि यो राष्ट्रका असल नागरिक हुन् ।

ग. तलको अनुच्छेदबाट छओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् : (३)

प्राकृतिक सौन्दर्य, जैविक विविधता बोकेको नैतिक मूल्यमान्यताको धरोहर नेपालको सांस्कृतिक पहिचान परोपकार हो । समाज भँडुवा गफाडी बनेर होइन, सच्चरित्रवान्, सदाचारी, मनस्वी व्यक्तिलाई सरोवरबाट देखिने सूर्योदयको नमस्कार ।

१६. **२०७१ पूरक प्र. नं. ५**

क. तलको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न शब्द र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् : (३)

दयालु व्यक्तिको अकाल मृत्यु भयो भन्ने कुरामा अनपत्यार हुनु स्वाभाविक नै हो । यद्यपि कसैको कुभलो नचिताई सदा सुकार्यमा लागेका त्यस्ता विशिष्ट व्यक्तिको मृत्युको खबर सुन्दा जो कोहीको मन दुखी हुने निश्चित छ ।

ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस् : (३)

तात्तातो भात खाएर हिँडेका पिताम्बर राजीवलोचन कलेज पुगेर मल्याकमुलुक गर्दै छिटोछिटो कक्षाकोठातिर लागे । पढाइसढाइ छाडेर सधैँ कक्षामा नबसी अन्यत्र हिँड्ने गरेकाले यी दुवैलाई गुरुहरू विनाकामका विद्यार्थी भनी गाली गर्नुहुन्थ्यो ।

ग. तलको अनुच्छेदबाट छओटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् : (३)

देशको अव्यवस्थित बसोबासले जनताको अत्यावश्यक भौतिक वस्तुहरूको सहज आपूर्ति हुन सकेन । उनीहरूको उन्नति र भलाइमा ककसले कुन कुन क्षेत्रबाट जिम्मेवारी पूरा गर्नुपर्ने हो, यसबाट सोचिएन । आगामी दिनमा यी सबै कुराको सङ्गति मिलाउनै पर्छ । पछौटे सोचाइले समस्याको समाधान हुँदैन ।

१७. **२०७१ प्र. नं. ५**

क. तल दिइएका उपसर्ग र प्रत्यय लगाई एक-एक शब्द बनाउनुहोस् : (३)

उपसर्ग: वद, परा, कु प्रत्यय: ईय, ता, आलु

ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्ट्याउनुहोस् : (३)

देशहितका काममा लागेका पीताम्बर र चक्रपाणिले आआफ्नो कर्तव्य पूरा गर्दै देशविदेश जहाँ भए पनि एक अर्कामा सरसहयोग र सुखदुखमा साथ दिने गरेका छन् । उनीहरूले गरेको कामका बारेमा छरछिमेकका घरघरमा मुक्तकण्ठले प्रशंसा हुनेगरेको छ ।

ग. तलको अनुच्छेदबाट छओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् : (३)

नेपालको हिमाली सौन्दर्य, पहाडबाट हाम्फाल्ने नदीनाला, प्राकृतिक भूबनोट र पुरातात्त्विक महत्त्वका वस्तुहरूको अवलोकन गर्न पर्यटकहरू यहाँ आउने गर्छन् अनि नेपालीहरूको स्वागत, सत्कार र आतिथ्य पाएर सुखी हुँदै हँसिलो अनुहार लगाएर आफ्नो मुलुक फर्कन्छन् भनेर कान्छ्यामाले उल्लाई भन्नुभयो ।

१८. **२०७० प्र. नं. ५**

क. तलको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न शब्द र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् । (३)

प्रमुख राजनैतिक दलहरूले गैरजिम्मेवार बनेर देशलाई अनिर्णयको बन्दी बनाउनुहुँदैन । दलीय कर्तव्यलाई बुझेर सकेसम्म चाँडै नै निकास दिने काममा केन्द्रित हुनु जरुरी छ ।

ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्ट्याउनुहोस् : (३)

सप्तकोसीका बगरमा बसेर वनभोज जानेबारे सरसल्लाह गर्न पुगेका नीलकण्ठ र गजाननले आआफ्ना बल्छीद्वारा थुप्रै माछा पनि मारे । यसो तरकारी सरकारीको खाँचो टर्ला भनेर घरमा ल्याई भोलिपल्ट पकाउन खोज्दा ती माछा त गल्याकगुलुक भइसकेछन् ।

ग. तलको अनुच्छेदबाट छओटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् : (३)

कहिल्यै असत्य नबोल्ने, अरुलाई राम्रो उपदेश दिने, पण्डित्याइँ गरी घरबार चलाउने समाजका वयोवृद्धहरूको सेवा सुश्रुषा गर्न सदैव तम्तयार हुने अनि गाउँसमाजका कसैको पनि खासखुस गरी नराम्रो कुरा नकाट्ने हाम्रा कान्छा वा समाजसेवीका रूपमा चिनिनुहुन्छ । उहाँ पत्नी तथा छोराछोरीहरूसँग सरसल्लाह गरेर मात्र घरायसी काम सम्पन्न गर्ने व्यावहारिक अभिभावकका रूपमा पनि चिनिँदै आउनुभएको छ ।

१९. **२०६९ प्र. नं. ५**

क. तल दिएका उपसर्ग र प्रत्यय प्रयोग गरी एक-एक शब्द बनाउनुहोस् : (३)

उपसर्ग: बे, सु, अप । प्रत्यय: ली, आइ, ईय ।

ख. तलको अनुच्छेदबाट तीन समस्त शब्द र तीन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस् : (३)

नौगेडी लाएकी मृगनयनी सानीमाको रातोपिरो अनुहार देखेर भान्दाइले भने उहाँ जन्मदेखि नै मरमसला हालेर पकाएको खानेकुरा सपासप खानुहुन्न । आआफ्ना सरसामान मिलाएर दराजमा राख्नु र आफ्नो रूपको झझल्को दिनु उहाँको पहिचान हो ।

ग. तलको अनुच्छेदबाट छओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् : (३)

हिमालको सौन्दर्यलाई नेपालीको भलाइमा लगाऔं । हिमालमा फोहर फाल्नाले हाम्रो कमाइ गुम्न सक्छ । त्यहाँ गएर आर्थिक उपार्जन गर्ने र गोरेटो बाटो हिँडेर थकाइसमेत नभनी यात्रा गर्ने भरियादाइले हिमालमा पर्यटकको स्वागत गर्दै छन् ।

**एकाइ ६: शब्द रूपायन (कुनै एक प्रश्न) (५ अङ्क)**

१. **२०७७ सेट H प्र नं ५**

क वाक्य ढाँचासहित तलको अनुच्छेदका वाक्यलाई एक वचनमा परिवर्तन गरी लेख्नुहोस् (३)

हाम्रा सबै योजनाहरू पूरा हुनेछन्। हामी भ्रमणबाट अथाह ज्ञान आर्जन गर्नेछौं। हामी प्राप्त ज्ञानको उपयोग गर्न चुक्ने छैनौं।

ख तलको अनुच्छेदका वाक्यलाई सम्भावनार्थमा परिवर्तन गरी लेख्नुहोस् (३)

यस वर्ष उनीहरू मनग्यै अन्नबाली भित्र्याउने छन्। हामी सबैलाई केही राहत मिल्ने छ। यद्यपि चामलको मूल्य भने घट्ने छैन।

२. **२०७७ सेट I प्र. नं. ५**

क तलका अनुच्छेदका वाक्यलाई द्वितीय पुरूषमा परिवर्तन गर्नुहोस् :(३)

ऊ विज्ञान विषय पढ्दै छ। ऊ डाक्टर वन्न चाहन्छ। ऊ नियमित रूपमा विद्यालय जाने गरेको छ।

ख तलको अनुच्छेदका वाक्यलाई आज्ञार्थमा परिवर्तन गर्नुहोस् : (३)

त पनि राम्रै काम गर्लास्। त वरालिएर हिंड्दैनस्। तैँले आफ्नो क्षमता देखाउने छस्। त सत्मार्गमा लम्कने छस्।

३. **२०७६ ग्रेडवृद्धि परीक्षा सेट A प्र. नं. ६**

क तलका वाक्यहरूलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गर्नुहोस्: (५)

गायक गीत गाउनका लागि मञ्चतिर उक्लियो। उसका पछिपछि गायिका पनि मञ्चतिर लम्की। गायकले आफ्नो गीतद्वारा सवैलाई मन्त्रमुग्ध तुल्यायो। गायिका पनि के कम थिइ र! उसले पनि सवैलाई नचाउदै मिठो गीत गुनगुनाई।

ख तलको अनुच्छेदका वाक्यहरूलाई उच्च आदरमा परितर्वन गर्नुहोस्: (५)

श्याम विहान सवेरै उठ्छ। ऊ धेरै वेरसम्म व्यायाम गर्छ। ऊ साथीहरूसंग घुम्न निस्कन्छ। ऊ पत्रपत्रिकाहरूमा सरसरती आँखा दौडाउँछ। ऊ खाना खाइसकेपछि नियमित काममा व्यस्त हुन्छ।

४. **२०७६ ग्रेडवृद्धि परीक्षा सेट B प्र. नं. ६**

क. तलको अनुच्छेदका वाक्यहरूलाई वहुवचनमा परिवर्तन गर्नुहोस् :

ऊ मेरा मामाको छोरो हो। ऊ खाइलाग्दो र रातोपिरो देखिन्छ। उसले भर्खरै कक्षा उत्तीर्ण गरेको छ। ऊ स्नातक पढ्न विदेश जाने तरखरमा छ। उसको साथी पनि त्यही चक्करमा छ।

ख. तलका वाक्यमा प्रयुक्त सामान्य वर्तमानको क्रियालाई अभ्यस्त भूतकालमा परिवर्तन गर्नुहोस् :

ऊ चित्रकला प्रदर्शनीमा जान्छ। ऊ चित्रकलामा रुचि राख्छ। साथीहरूले पनि उसको राम्रो मान्छन्। वुवाआमाले पनि उसको चित्र हेरेर सुझाव दिनुहुन्छ। ऊ महान् चित्रकार वन्न चाहन्छ।

५. **२०७६ प्र.नं. ६**

क. तलका अनुच्छेदमा दिइएको पुलिङ्गी वाक्यहरूलाई वाक्य ढाँचासमेत मिलाई स्त्रीलिङ्गमा परिवर्तन गर्नुहोस्। (५)

मेरो वुवा आज वजार जानुभएको छ। भाइले आफूलाई खाने कुरा मगाएको छ। काकाले खेत खन्ने सामान लिएर आउन भन्नुभयो। भिनाजु आज नै हाम्रो घर आउँदै हुनुहुन्छ। वेलुका हजुरवुवासंग पनि भेटेर रमाउन पाइन्छ।

ख. तलको अनुच्छेदमा दिइएका वाक्यहरूलाई वाक्य ढाँचा मिलाई आज्ञार्थमा परिवर्तन गर्नुहोस् :

तिमी नियमित कलेज जान्छौ। तिमीले पढाइ नै मेरो ज्योति हो भन्ने वुझेका छौ। तिमीले आफ्नो व्यवहार सुधारेका छौ। तिमी अरूको विचारलाई सम्मान गर्छौ। भविष्यमा असल मान्छे वन्नेछौ।

६. **२०७५ ग्रेडवृद्धि परीक्षा प्र.नं. ६**

क. वाक्य ढाँचासहित वहुवचनलाई एकवचनमा परिवर्तन गर्नुहोस् :

क्रिकेट खेलाडीहरूले उत्कृष्ट खेल प्रदर्शन गर्नेछन्। उनीहरू आफ्नो क्षमता देखाउनेछन्। खेल जितेपछि पुरस्कार प्राप्त गर्नेछन्। उनीहरूले देशको नाम राख्ने छन्। गाउँले उनीहरूलाई सम्मान गर्नेछ।

ख. तलको अनुच्छेदलाई द्वितीय पुरुष मध्यम आदरमा परिवर्तन गर्नुहोस्।

ऊ गीत रचना गर्छ। ऊ आफैँले गीत गाउँछ। उसमा गीत गाउने क्षमता छ। उसले गीत गाएर सवैलाई आकर्षित तुल्याउँछ। ऊ देशको चर्चित गायक र गीतकार पनि हो।

७. **२०७५ सेट A प्र. नं. ६**

क. तलको अनुच्छेदका वाक्यलाई वचन परिवर्तन गरी आवश्यक वाक्य ढाँचा मिलाई लेख्नुहोस्।

तिमी वजार जाऊ। तिमी किताव किन। वजारमा भेटिएका साथीहरूसँग परिचय गर। उनीहरूको घर ठेगाना सोध। उनीहरूले मलाई असल कुरा सिकाओस्।

ख. तलको अनुच्छेदका वाक्यलाई आवश्यक वाक्य ढाँचामा परिवर्तनसहित लिङ्ग परिवर्तन गर्नुहोस्।

तिमी त साह्रै राम्री छ्यौ। केटाले केटीसँग भनेछ। केटीले भनी राम्रो त ज्ञान हो चेतना हो। यो कुरा केटाले राम्ररी वुझेन केटीलाई जिस्क्याउने उसको उद्देश्य विफल भयो।

८. **२०७५ सेट B प्र. नं. ६**

क. तलका वाक्यहरूलाई आवश्यक सुधारसहित पुलिङ्गमा परिवर्तन गर्नुहोस् :

गुरु आमाले वहिनीलाई नियमित विद्यालय आउनुपर्छ भन्नुभयो। काकीले पनि नियमित रुपमा पढाइ नभएको बताउनुभयो। राम्री केटी झोला बोकेर आउँदै थिई। दिदीले उसको पढाइप्रति ध्यान दिएकी थिइन्। माइजू र आमा सामाजिक काममा लागेकाले दिदीको भूमिका वढेको थियो।

ख. तलका अनुच्छेदका वाक्यहरूलाई प्रथम पुरुषमा परिवर्तन गर्नुहोस् :

ऊ नेपाली हो। ऊ रारा पुगेकी छैन। ऊ कहिले त्यहाँ पुगुँ भन्ने विचारमा छ। उसले अहिलेसम्म त्यहाँ जाने अवसर पाएकी छैन। ऊ रारामा पुगेर गौरवान्वित हुनेछ।

९. **२०७४ पूरक प्र. नं. ६**

क. तलको अनुच्छेदमा एकवचनका वाक्यहरूलाई वाक्य ढाँचा समेत मिलाई वहुवचनमा परिवर्तन गर्नुहोस् :

मेरो साथी वनभोज गयो। उसले वनभोजमा गीत गायो। उसले चुटकिला सुनायो। ऊ आफ्नो साथीसंग नाच्यो। उसकी केटी साथी वनभोज आइन।

puspas.com.np

puspas.com.np

ख. तलका वाक्यहरूलाई आवश्यक संशोधनसहित इच्छार्थमा परिवर्तन गर्नुहोस् : (५)

म राष्ट्रका लागि असल काम गर्छु। मलाई साथीहरू सहयोग गर्छन्। हामी उद्यमी बन्छौं। हामी देशलाई समृद्ध पार्छौं। देशविरोधी विचार हामीलाई आउँदैन।

१०. २०७४ प्र. नं. ६

क. तलको अनुच्छेदका वाक्यहरूलाई एकवचन भए वहुवचनमा र बहुवचन भए एकवचनमा परिवर्तन गरी वाक्यढाँचा समेत मिलाइ पुनर्लेखन गर्नुहोस् : (५)

हामी प्रत्येक दिन विहान चाँडै उठ्छौं। हामी हातमुख धुन्छौं। हामी चिया पिएर पढ्न थाल्छौं। तिमी भने सधैं ढिलो उठ्छ्यौ। तिमी पढाइमा पछि पर्छ्यौ। (५)

ख. तलको अनुच्छेदका वाक्यहरूलाई आवश्यक सुधारसहित सामान्य आदरमा परिवर्तन गर्नुहोस्।

ऊ कक्षा १२ मा पढ्दै छ। ऊ अति नै परिश्रमी छ। ऊ अनुशासित छ। उसकी एक बहिनी पनि छे। ऊ वहिनीलाई पनि पढ्न लेख्न सिकाउँछ। (५)

११. २०७३ पूरक प्र. नं. ६

क. तलका वाक्यमा रहेका एकवचनलाई बहुवचनमा परिवर्तन गर्नुहोस् : (५)

ऊ इमान्दार कृषक हो। ऊ साँझविहान नभनी काम गर्छ। उसले प्रशस्त अन्न फलाएको छ। त्यो अन्न मैले पनि प्रयोग गरेको छु। ती सवैलाई जीवन दिने कृषकलाई मेरो नमस्कार छ।

ख. तलका वाक्यलाई सामान्य भूत कालमा परिवर्तन गर्नुहोस् : (५)

यसपटक प्रशस्त हिमपात भएछ। हिमाली क्षेत्रमा खुसियाली छाएछ। कृषकहरू रमाएछन्। उनीहरूले इष्टदेवलाई पुजेछन्। यो कुरा पत्रिकामा छापिएछ।

१२. २०७३ प्र. नं. ६

क. तलको अनुच्छेदका वाक्यहरूलाई एकवचनमा परिवर्तन गर्नुहोस् : (५)

मेरा साथीहरू क्रिकेट खेलाडी हुन्। उनीहरूले स्कुल पढ्दादेखि नै क्रिकेट खेलको अभ्यास गरेका थिए। उनीहरू अहिले पनि निरन्तर अभ्यास गर्दै छन्। उनीहरूले अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउने छन्। उनीहरूले विश्वकप जित्ने योजना पनि बनाएका छन्।

ख. तलको अनुच्छेदका वाक्यहरूलाई आवश्यक सुधारसहित पूर्ण वर्तमान कालमा परिवर्तन गर्नुहोस् : (५)

शिवनारानले वावुको काजक्रिया सम्पन्न गरे। उनले आमालाई आदर साथ पाले। उनले भाइहरूप्रति सधैं माया दर्साए। उनले नानीथकुँको विवाह गराइदिएर दाजुको दायित्व पूरा गरे। उनी सधैं कर्तव्य पथमा हिँडे।

१३. २०७२ पूरक प्र. नं. ६

क. तलका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : (५)

गौरी सारै फुर्तिलो छे। शङ्कर गरिव केटा हुन्। गौरी र शङ्कर साथी हो। उनीहरू सँगै खेल्छ। उनीहरू खेलेको अभिभावकलाई मन पर्नुभएको छैन।

ख. तलको अनुच्छेदमा प्रयुक्त सवै क्रियापदलाई सामान्य वर्तमान कालमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्। (५)

म दिनहुँ स्कुल जान्थें। म स्कुल जाँदा कापी किताब लैजान्थें। म स्कुलमा नै खाजा खान्थें। म साथीहरूसँग खेल्थें। म अतिरिक्त क्रियाकलापमा भाग लिन्थें।

१४. २०७२ प्र. नं. ६

क. तलको अनुच्छेदका वाक्यहरूलाई आवश्यक सुधारसहित पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गर्नुहोस् : (५)

ऊ विदेशमा बस्दै आएको छ। उसले त्यहाँ राम्रो आम्दानी हुने काम फेलापारेको छ। उसकी बहिनी पनि विदेशमै बस्छे। ऊ त्यहाँ विद्यावारिधि गर्दै छे। उसले पढाइ सकेर स्वदेश फर्कने सोचाइ बनाएकी छ।

ख. तलको अनुच्छेदका वाक्यहरूलाई आवश्यक सुधारसहित इच्छार्थमा परिवर्तन गर्नुहोस् : (५)

नेपालको चाँडै उन्नति हुन्छ। युवाहरूले स्वदेशमै काम पाउँछन्। जलविद्युत्को विकासमा देशले ठूलो फड्को मार्छ। नेपालीहरूलाई लोडसेडिङको समस्याले पिरोल्दैन। नेपालीहरू सुखी जीवन बिताउँछन्।

१५. २०७२ सेट E प्र. नं. ६

क. तलको अनुच्छेदका वाक्यहरूलाई वाक्य ढाँचासहित सामान्य भविष्यत् कालमा परिवर्तन गर्नुहोस् : (५)

म अमेरिका गएँ। मैले त्यहाँ विभिन्न ठाउँहरूको अवलोकन गरें। मैले विज्ञान र प्रविधिका क्षेत्रमा अमेरिकाले गरेको प्रगतिका विषयमा जानकारी लिएँ। मैले नेपाललाई पनि त्यस्तै विकसित गराउने लक्ष्य लिएँ। म नेपाल फर्कें।

ख. तलका वाक्यहरूलाई प्रथम पुरुषमा परिवर्तन गरी लेख्नुहोस् : (५)

तँ गाउँमा जन्मेको होस्। तँलाई तेरै गाउँ प्यारो छ। तैंले स्कुल शिक्षा गाउँमै पाएको होस्। तँ उच्च शिक्षाका लागि सहर पसेको होस्। तेरो मनमा गाउँकै वास छ।

१६. २०७१ पूरक प्र. नं. ६

क. वाक्य ढाँचासहित एकवचनलाई वहुवचनमा परिवर्तन गर्नुहोस् : (५)

मेरो साथी मूर्ति बनाउने काम गर्छ। ऊ त्यसवाट निकै पैसा कमाउँछ। ऊ आफूले बनाएको मूर्ति विदेशतिर पनि पठाउँछ। ऊ राम्रो आम्दानी गरेर सुखी जीवन बिताइ रहेको छ। उसले पेसा अँगालेर बाँच्ने अठोट लिएको छ।

ख. तल दिइएको अनुच्छेदलाई वाक्य ढाँचासहित अज्ञात भूत कालमा परिवर्तन गर्नुहोस् : (५)

मेरी बहिनी सवेरै उठ्छे। ऊ उठ्ने वित्तिकै हातमुख धोएर पढ्न बस्छे। ऊ शिक्षकहरूले दिएको गृहकार्य खुरूखुरू गर्छे। ऊ आमालाई घरधन्दाका काममा पनि सघाउँछे। ऊ आफैं तयारी गरेर विद्यालय जान्छे।

१७. २०७१ प्र. नं. ६

क. तलको अनुच्छेदका वाक्यलाई स्त्रीलिङ्गमा परिवर्तन गर्नुहोस् : (५)

ऊ ताराको छोरो हो। उसले प्रवेशिका प्रथम श्रेणीमा उत्तीर्ण गरेको छ। ऊ अहिले कक्षा एघारमा पढ्छ। यहाँ पनि ऊ कक्षामा ध्यान दिएर सिक्छ। ऊ सवैको प्यारो भएको छ।

ख. तलका वाक्यलाई उच्चआदरार्थीमा परिवर्तन गर्नुहोस् : (५)

तँ गाउँमा जन्मेको होस्। तँ त्यहाँको अन्नपानी खाएर हुर्के, वढेको होस्। अहिले पढ्नका लागि तँ सहरमा आएर वसेको छस्। गाउँलाई भने तैले विर्सेका छैनस्। पढिसकेर तँ गाउँकै सेवामा फर्कन्छस्।

१८. २०७० प्र. नं. ५

क. तलका वाक्यहरूलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा आवश्यक सुधारसहित पुनर्लेखन गर्नुहोस् (५)

गायक गीत रेकर्ड गर्नका लागि स्टुडियोतिर जाँदै थियो। उसको पछिपछि गायिका पनि आउँदै थिई। पहिले गायकले गीत गायो। त्यसपछि गायिकाले पनि एउटा मिठो गीत गाई। उसको मधुरस्वर सुनेर गायक दङ्ग पर्‍यो।

ख. तलका वाक्यलाई आवश्यक परिवर्तनसहित तृतीय पुरुषमा बदल्नुहोस् (५)

म क्रान्तिकारी कवि हुँ। म आफ्ना कवितामा क्रान्तिको सन्देश दिन्छु। मैले जनताका पक्षमा मात्र कविता रचेको छु। मैले आफ्ना कविताकै माध्यमबाट समाज परिवर्तनको प्रयास गरेको छु। मैले यही कुरामा सन्तोष मानेको छु।

१९. २०६९ प्र. नं. ५

क. तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य ढाँचा समेत मिलाई पुनर्लेखन गर्नुहोस् (५)

ऊ पोखरामा बस्छ। ऊ विद्यालयमा पढाउँछ। उसकी एउटी महिला साथी छे। ऊ संस्थानमा काम गर्छे। ऊ आफ्नी महिला साथीलाई बैङ्कक घुम्न जाने प्रस्ताव गर्छ।

ख. वाक्य ढाँचासहित एकवचनलाई बहुवचन र बहुवचनलाई एकवचनमा परिवर्तन गर्नुहोस् : (५)

विद्यार्थीहरू दार्जिलिङ घुम्न गएका थिए। त्यहाँ विदेशी पर्यटक पनि आएका रहेछ। उसले दार्जिलिङभन्दा त नेपालै राम्रो छ भन्यो। विद्यार्थीहरू झसङ्ग भए। विद्यार्थीहरूले स्वदेशी पर्यटनलाई महत्त्व दिनुपर्ने कुरा बुझे।

## एकाइ ७: वाक्य तत्त्व (कुनै एक प्रश्न) (६ अङ्क)

१. २०७७ सेट H प्र. नं. ६ तलको अनुच्छेदका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : (४)

तपाई सहरमा बसेर के गर्दै छ ? साना भाइ त्यहाँ बसेर पढ्दै छ। मेरो बहिनी त पढाइमा मात्र होइन, अतरिक्ति क्रियाकलापमा पनि अब्वल छ। ठुलो माइजूले बहिनीलाई प्रेरणा दिएको थिइन्। भाइ बहिनीको सफलतावाट हामी खुसी भएको छ। उनीहरू जीवनमा सफलताको शिखर चुमोस्।

२. २०७७ सेट I प्र. नं. ६

क. ले, लाई, द्वारा, बाट विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग भएका चार वाक्यमा कुनै डरलाग्दो घटनाको वर्णन गर्नुहोस्। (४)

ख. तलको अनुच्छेदका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् (४)

बगैँचामा फूलहरू रोपिएको छ। यहाँ बस्नका लागि ठाउँहरू पनि बनाइएको छ। साँझ बिहान त्यहाँ मानिसहरू डुल्न जान्छ। सानो बहिनी पनि त्यहाँ जान मन गर्छ।

३. २०७६ ग्रेडवृद्धि परीक्षा सेट A प्र. नं. ७

क. तलका अनुच्छेदका रेखाङ्कित पदहरूको कारक पहिचान गरी लेख्नुहोस्। (६)

आँगनमा जमेको पानी फाल्न फरुवाले भल काट्दै गरेको कालेको बाबुले बजारबाट लामो काँटी ल्याउनू भनेपछि कालेकी आमा डोकाले छोपेको भालेलाई हेर्दै दुधको डुङ्ग्रो काँधमा बोकेर बजार पुगी। त्यहाँ पुग्दा उसलाई इसाराले बोलाउँदै बाबुनीले चिया पिउन आग्रह गरी।

ख. तलको अनुच्छेदका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस्

अर्जुन सहरमा पढ्दै थिए। उसको आमा बिरामी भयो। कान्छी बहिनीले उसलाई फोन गर्‍यो। आफ्नो बहिनीको फोन आएपछि ऊ गाउँ फर्किए। उसले बिरामी आमालाई अस्पताल लगे। आमाको उपचार चल्दै छन्।

४. २०७६ ग्रेडवृद्धि परीक्षा सेट B प्र. नं. ७

क. ले, लाई बाट, द्वारा देखि र विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग गरी छ वाक्यमा आफूलाई मनपर्ने साहित्यकारको बयान गर्नुहोस्।

ख. तलको अनुच्छेदका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :

झुमा र जुना दिदी बहिनी हो। उनीहरू एउटै कलेजमा पढ्नुहुन्छ। त्यो दुवैले नाच सिक्छ। तपाईं पनि उनीहरूलाई चिन्छ। उनीहरू चित्रकलामा पनि रुचि राख्छ। त्यो जुम्ल्याहा हो।

५. २०७६ प्र.नं. ७

क. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको कारक पहिचान गरी लेख्नुहोस् : (६)

प्रतापले कैंचीले रिबन काट्यो। दाइले उसलाई मुक्तिनाथबाट उनीका लुगा ल्याइदिनु भएको छ। उसले आफ्ना किताबहरू दराजमा राखेको छ। आमाले उसलाई पत्रिका पढ्न लगाउनुभयो। बुवाले आरानबाट निकालेको कोदालीले बारी खन्नुभयो। उहाँहरू आफ्नो इज्जतका लागि अत्यन्त सजग हुनुहुन्छ।

ख. तलको अनुच्छेदका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : (६)

म हिजो घरबाट आयो। आमाले मेरा लागि ताजा तरकारी पठाइदिएको छ। आमा मलाई असाध्यै माया गर्छ। म पनि आमालाई धेरै सम्मान गर्छौं। आमासँग मेरो बहिनी पनि बस्छ। बहिनी अहिले दश कक्षामा पढ्छु।

६. २०७५ ग्रेडबृद्धि परीक्षा प्र.नं. ७

क. 'ले', 'लाई', 'बाट', 'देखि', 'मा', 'द्वारा' विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग गरी आफूले देखेको कुनै घटनाको वर्णन गर्नुहोस्। (६)

ख. तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् (६)

एकपटक हामी वनभोज गयो। वनभोजमा रमाइलो गर्‍यो। साथीहरूले गीत गाई। मेरो बहिनी पनि गएको थियो। उसले अचार बनाए। सबैले खानपिन गरेर रमाइलो गर्‍यो।

७. २०७५ सेट A प्र. नं. ७

क. ले, लाई, देखि, बाट, मा, द्वारा, विभक्ति चिह्नको प्रयोग गरी ६ वाक्यमा आफ्नो पढाइसम्बन्धी बयान गर्नुहोस्। (६)

ख. तलको अनुच्छेदका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस्। (६)

मेरी भाइ कक्षा १० मा पढ्छ। उसको दुई जना दाजु पनि छ। ऊ दाजु र भाइ दुवैलाई माया गर्छन्। दाजु उहाँलाई पढाइमा सहयोग गर्छ। भाइ उसले अह्राएको काम मान्नु हुन्छ। उनीहरू मिलेर बसेको छ।

puspas.com.np



८. **२०७५ सेट B प्र. नं. ७**

क. ले, लाई, बाट, द्वारा, देखि, मा विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग गरी छ ओटा वाक्यमा आफूले देखेको रक्तदान कार्यक्रमको वर्णन गर्नुहोस् । (६)

ख. तलको अनुच्छेदका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् (६)

तिनीहरू विद्यार्थी हो । तिनीहरू कक्षा एघारमा पढ्छे । म पनि तिनीहरूसँगै पढ्नुहुन्छ । तिनीहरू अध्ययनशील छु । तिनीहरूले परीक्षामा धेरै अङ्क ल्याउने योजना बनाएकी छस् । तिनीहरूको योजना सफल बनेस् ।

९. **२०७४ पूरक प्र. नं. ७**

क. 'ले', 'लाई', 'द्वारा', 'बाट', 'देखि', 'मा' विभक्ति चिह्न प्रयोग भएका ६ वटा वाक्यमा आफू सहभागी भएको कुनै अतिरिक्त क्रियाकलापको वर्णन गर्नुहोस् । (६)

ख. तल दिइएका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : (६)

मेरो बहिनीले कविता लेखेको छ । उहाँले कवितामा मानवीय सौन्दर्य पस्केकी छ । उनका कवितामा नेपालको तस्विर पाइन्छन् । मैले उनलाई प्रोत्साहन दिएको छ । उसको सृजनाले निरन्तरता पाउनुहुन्छ । हामी यसैमा खुशी हुन्छौ ।

१०. **२०७४ प्र. नं. ७**

क. तलको अनुच्छेदमा रेखाङ्कित पदहरूको कारक पहिचान गरी लेख्नुहोस् : (६)

म खेतमा काम गर्दै थिएँ । खेतालाहरू कोदालीले खेत खन्दै थिए । रोपाहारहरू छुपुछुपु धान रोप्न लागेका थिए । खेतका आलीमा एउटा कालो सर्प देखियो । त्यसले मुख 'आँ' गरेर टोकुला जस्तो गऱ्यो । मैले त्यसलाई लट्ठीले हिर्काएँ । सर्प मऱ्यो । मैले मरेको सर्पलाई खेतको आलीबाट पर लगेर एउटा खाल्डामा पुरें । आधा दिनदेखि डराएका खेतालाहरू अब ढुक्क भए । मैले उनीहरूलाई नास्ता खान दिएँ । उनीहरूले मलाई पानी दिए । हामी सबैले रमाउँदै फेरि काम गर्न थाल्यौं ।

ख. तलको अनुच्छेदका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : (६)

मेरी दाइ क्याम्पसमा पढाउनुहुन्छ । उनले विज्ञानमा स्नातकोत्तर गरेकी छन् । उहाँका साथीहरू पनि क्याम्पसमै पढाउँछ । भाउजूले दाइका साथीहरूलाई राम्ररी चिनेको छु । समय समयमा घरमै बोलाएर खाना खुवाउने भएकाले भाउजूसँग सबै खुसी छ । भाउजूको माया र सहयोग पाएकामा दाइ पनि मख्ख छ ।

११. **२०७३ पूरक प्र. नं. ७**

क. ले, लाई, द्वारा, बाट, मा, देखि विभक्ति चिह्नको प्रयोग गरी विभिन्न कारकमा आफ्नी बहिनीको पढाइबारे वर्णन गर्नुहोस् । (६)

ख. तलका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् । (६)

रिमा बजार गयो । उसले सामानहरू किने । बजारमा साथीले उसलाई भेटेछु । तपाईं त विदेश थिइस्, कहिले आइस् भनी प्रश्न गर्छन् । हामीहरू लामो समयपछिको भेटमा रमायो ।

१२. **२०७३ प्र. नं. ७**

क. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको कारक पहिचान गरी लेख्नुहोस् : (६)

म घरबाट बाहिर निस्कें । मैले साथीलाई बोलाइँ तर ऊ आएन । म बसमा चढें । बस सडकमा गुड्दै थियो । बस रोकिएपछि मैले झ्यालबाट बाहिर हेरें । सडकको पेटीमा मानिसहरू जम्मा भएका थिए । केही मानिसहरू एकजना घाइतेलाई उठाउँदै थिए । कसैले उसलाई मोटरसाइकलबाट ठक्कर दिएको रहेछ । एकजनाले आफ्नो मोबाइलद्वारा एम्बुलेन्स बोलाइसकेका रहेछन् । सबैले घाइतेलाई उपचारार्थ अस्पताल पुऱ्याए । सबैले घाइतेका लागि सक्दो सहयोग जुटाए । हिजोदेखि पानी परेकाले बाटो चिप्लो हुन गई दुर्घटना भएको रहेछ ।

ख. तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : (६)

उसको बहिनी "बौलाहा काजीको सपना" नाटक हेर्न गएकी छे । उसको भाइ पनि त्यहीँ जाँदै छन् । कान्छो दिदी पनि जाने कुरा गर्नुहुन्थ्यो । तँ पनि जान्छौ ? जाने भए मसँगै हिँड । म पनि कोही बेरपछि त्यतै जान्छ ।

१३. **२०७२ पूरक प्र. नं. ७**

क. वाक्य ढाँचा सहित एकवचनलाई बहुवचन र बहुवचनलाई एकवचनमा परिवर्तन गर्नुहोस् : (६)

विद्यार्थी परीक्षा हलमा पस्यो । उसले आफ्नो बस्ने ठाउँ खोज्यो । निरीक्षकहरू आउनुभयो । उहाँहरूले विद्यार्थीलाई आआफ्नो ठाउँमा बस्न भन्नुभयो । निरीक्षकहरूले प्रश्न बाँड्नुभयो । विद्यार्थी खुशी भयो ।

ख. ले, लाई, देखि, द्वारा, बाट, मा विभक्तिको प्रयोग गरी आफ्नो परिवारको बयान गर्नुहोस् । (६)

१४. **२०७२ प्र. नं. ७**

क. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको कारक पहिचान गरी लेख्नुहोस् : (६)

शिवरात्रिका दिन पशुपतिमा धेरै मानिसहरू शिवको दर्शन गर्न आएका थिए । पूजालाई ल्याएको फूल हातमा लिएर उभिएका मानिसहरूको पङ्क्ति गौशालादेखि मन्दिरसम्म देखिन्थ्यो । त्यहाँ कोही मानिस मोबाइलबाट कुराकानी गरिरहेका देखिन्थे भने कोही चाहिँ भक्तजनलाई ठग्ने दाउमा पनि थिए । त्यहाँ प्रहरीहरूले गँजडीहरूलाई डन्डाले हिर्काउँदै लखेटेको दृश्य पनि देखिन्थ्यो । कोही सङ्घसंस्थाले श्रद्धालुहरूलाई निःशुल्क पिउने पानीको व्यवस्था पनि मिलाएका थिए ।

ख. तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : (६)

मेरो भाउजू बैङ्कमा काम गर्नुहुन्छ । उनले व्यवस्थापनमा स्नातकोत्तर गरेकी छन् । उहाँका दुई जना साथी पनि बैङ्कमै काम गर्छ । ठूलो दिदीले भाउजूका ती दुई जना साथीलाई राम्ररी चिन्छु । दिनभर कार्यालयको काममा व्यस्त हुने भएकाले भाउजूलाई घरका सबैले सहयोग गरेको छ । सबैको माया र सहयोग पाएकोमा भाउजू मक्ख छ ।

१५. **२०७२ सेट E प्र. नं. ७**

क. तलको अनुच्छेदमा रेखाङ्कित गरिएका कारक पहिचान गरी लेख्नुहोस् : (६)

काकाले पोखराबाट बसद्वारा ल्याएका सुन्तला केही गाउँलेलाई बाँडी

कति छुराछुरीका लागि भनी घरमा राख्नुभएको रहेछ । भोलिपल्ट हेर्दा सबै सुन्तला चोरले झोलामा राखेर लगेको पाउँदा उहाँ क्रुद्ध भई उसलाई गाली गर्दै हड्बड्ग भुइँमा लड्नुभएछ ।

ख तलको वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् (६)

दिदी र बहिनी तीजमा माइत आइन् । उसले तीज रमाइलो गरी मनाए । बुबा खुशी भइन् । आमा हर्षले गद्‌गद भयो । चाडपर्वले नेपालीलाई एकै ठाउँमा जुटाउँछ । त्यसैले मलाई चाडपर्व मन पर्छ ।

१६. 2071 पूरक प्र. नं. ७

क तलको अनुच्छेदमा रेखाङ्कित शब्दको कारक पहिचान गर्नुहोस् :(६)

चामेले गौथलीलाई लातीले पिठिउँमा हिर्कायो । पिटाइको चोट सहन नसकेपछि ऊ ओछ्यानमा पल्टी । त्यसपछि उसले दराजबाट लुगाफाटो झिकेर झोलामा हाली र छिमेकीलाई आफू माइत हिँडन लागेको जानकारी गराई । हलोले बारी जोतिरहेको चामेलाई पनि इसाराले नै माइत हिँडेको जानकारी त गराई तर चामेले थाहा पाएन । घरदेखि पाँच घन्टा पैदल हिँडेपछि गौथली माइत पुगी ।

ख तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : (६)

मेरो भाइ चकचके छन् । कल्पनाकी भाइ पनि चकचके छन् । उनीहरू एकै ठाउँमा भेला भए भने झगडा गरिहाल्छ । मेरो आमा ती दुवैलाई झगडा नगर्न सम्झाउँछे । जति सम्झाए पनि उनीहरू झगडा गर्न छाड्दैन । झगडा गर्नु केटाकेटीहरूको बानी नै हुन् ।

१७. २०७१ प्र. नं. ७

क ले,लाई, बाट, द्वारा, मा र देखि विभक्ति लागेका भिन्नभिन्न कारकको प्रयोग भएका छओटा वाक्यमा आफ्नी आमाको वर्णन गर्नुहोस् । (६)

ख तलका वाक्यमा सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : (६)

राजु र सुमित्रा दसैंमा घर आयो । उनीहरू बुबाआमालाई भेटनु पाउँदा धेरै खुसी हुनुभयो । मैले पनि उनीहरूलाई भेट्न पायो । मलाई भेटेर राजु र सुमित्रा खुसी भइन् । दसैंपछि उहाँहरू विदेश फर्के । उहिले त्योहरू विदेशमै बस्छ ।

१८. २०७० प्र. नं. ७

क. ले, लाई, बाट, द्वारा, देखि र मा विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग भएका छओटा वाक्यमा आफूले प्रत्यक्ष देखेको कुनै घटनाको वर्णन गर्नुहोस् । (६)

ख. तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : (६)

मैले आमालाई ढोगिदियो । आमाले मलाई आशीर्वाद दिइन् । तिमीले पनि आमालाई ढोगिस् ? मेरो भाइले पनि ढोगे । आमाको आशीर्वाद हामी सन्तानलाई अवश्यै लाग्छन् । आमाको आशीर्वाद पाउनु सौभाग्यको कुरो हुन् ।

१९. २०६९ प्र. नं. ७

क ले, लाई, बाट, द्वारा, मा र देखि विभक्ति लागेका भिन्नभिन्न कारक प्रयोग भएका छओटा वाक्यमा आफूले गरेको कुनै एउटा कार्यको वर्णन गर्नुहोस् : (६)

ख. तलका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :

मेरो बहिनी बुटवलमा बस्छ । मेरो भतिजो चाहिँ विराटनगरमा बस्छ । तपाईं बुटवल जान्छस् ? म पनि बहिनी भेट्न बुटवल जाँदै छ । हामी दुवै सँगै जान्छौं ।

## एकाइ ८: वाक्यान्तरण (कुनै दुई प्रश्न) (२×४=८ अङ्क)

१. २०७६ ग्रेडवृद्धि परीक्षा सेट A प्र. नं. ८

क. तलका जटिल वाक्यहरूलाई आठओटा सरल वाक्यमा छुट्याउनुहोस्:

गाउँ-गाउँलाई सडक सञ्जालसँग जोड्न सक्नुपर्दछ अनि देशको विकास तीव्र गतिमा हुन्छ । जब गाउँमा यातायात पुग्छ, तब त्यहाँको उत्पादनले बजार पाउँछ । किसानहरू खेतीपातीमा तल्लीन हुन्छन् किनभने त्यसबाट राम्रो आम्दानी गर्न सकिन्छ । कृषि उत्पादन बढ्यो भने युवाहरू कृषितर्फ आकर्षित हुन्छन् ।

ख. तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस्:

गोलभैंडा आलुको ठिमाहा छोरो हो । एउटाको जन्म जराबाट, अर्काको जन्म हाँगाबाट हुन्छ । यो तर्क हावा गफ मात्र हो । यस्तो मलाई लाग्दछ ।

ग. तलका वाक्यहरूलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस्:

रमेशले मलाई विद्यालय नजाने भनी सोध्यो । मैले आज आफू विद्यालय जान नसक्ने कुरो बताएँ । उसले मलाई विद्यालय नजानुको कारण सोध्यो । मैले आज घरमा धेरै काम गर्नुपर्ने कुराको जानकारी उसलाई गराएँ ।

२. २०७६ ग्रेडवृद्धि परीक्षा सेट B प्र. नं. ८

क. तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस्: (४)

फूल ढकमक्क फुल्यो । मौरी उड्दै आयो । मौरी फूलमाथि बस्यो । मौरीले टन्न चुस्यो ।

ख. तलको अनुच्छेदका वाक्यमा आवश्यक थपघट सहित वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् : (४)

ऊ लुम्बिनी गयो । ऊ होटलमा बस्यो । उसले साथीहरूलाई भेट्यो । उनीहरूले बौद्धविहार भ्रमण गरे । गुरुले उपदेश दिनुभयो । सबैले उपदेशलाई कापीमा टिपे । ऊ बेलुका साथीहरूसँग बिदा भयो । ऊ घर पुगेर प्रार्थना गर्न थाल्यो ।

ग. तलका अनुच्छेदका वाक्यलाई कारण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् : (४)

हरि मिहिनेत गरेर पढ्थ्यो । उसका साथीहरूले भने राम्री पढेनछन् । त्यसैले हरिले परीक्षामा सफलता पायो । अरू उसका साथीहरू परीक्षामा उत्तीर्ण भएनन् । अब हरि कलेज पढ्ला । उसका साथीहरू अब पढोइनन् । हरिको जीवन सफल बन्ला । उसका साथीहरूको जीवन सुखद नबन्ला ।

३. २०७६ प्र.नं. ८

क. तलका आठओटा सरल वाक्यलाई चारओटा जटिल वाक्यमा परिवर्तन गर्नुहोस् : (४)

नेपालीहरू इमान्दार छन् । यो कुरा विदेशीहरू भन्दछन् । तपाईं अरूबाट राम्रो व्यवहार चाहनुहुन्छ । तपाईं अरूलाई त्यस्तो व्यवहार गर्नुहोस् । मलाई मेरो देशमा रोजगारी पाइने वातावरण चाहिएको छ । मेरो देशको उन्नतिमा नै मेरो भविष्य लुकेको छ । हाम्रा सपना साझा हुनुपर्दछ । हाम्रा सपना साकार पार्न सम्भव छ ।

puspas.com.np

puspas.com.np

ख. तलका वाक्यहरूलाई वाक्य ढाँचासमेत मिलाई वाक्य परिवर्तन गर्नुहोस् (४)

हरि विद्यालय जादै छ। ऊ विद्यालयमा बसबाट पुग्छ। विद्यालयले उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार दिन्छ। हरिका बुबाआमा पनि खुसी हुनुहुन्छ। उसले राम्ररी पढेको छ। उसले नयाँ किताब, कापी र कलम किनेको छ। ऊ प्रतापलाई समेत सहयोग गर्छ। ऊ परोपकारमा रमाउँछ।

ग. तलका वाक्यहरूलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् : (४)

- गुरुले केदारनाथ अनुशासित विद्यार्थी हो भनेर भन्नुभयो।
- विद्वानहरू मानिसमा मानवताको कमी हुँदै गएको धारणा व्यक्त गर्दछन्।
- घमन्डी मानिसहरू अत्यन्तै क्रूर हुन्छन् भनी हजुरबुबाले भन्नुभयो।
- देश विकासमा लाग्नुपर्ने विचार गुरुले व्यक्त गर्नुभयो।

४. **२०७५ ग्रेडवृद्धि परीक्षा प्र.नं. ८**

क. तलका चारओटा जटिल वाक्यलाई आठओटा सरल वाक्यमा परिवर्तन छुट्याउनुहोस्। (४)

जब वर्षायाम सुरु हुन्छ तब तराईमा महामारी रोगहरू देखा पर्न थाल्छन्। वर्षायाममा स्वास्थ्यलाई ख्याल गर्नुपर्छ भने खानपानमा समेत ध्यान दिनुपर्छ। घर वरपर पानी जम्न दिनुहुँदैन भने राति सुत्दा झुल टाँगेर सुत्नुपर्छ। मानिसहरू स्वास्थ्यप्रति सचेत हुन्छन् तर विभिन्न रोगहरूले सताइ रहन्छन्।

ख. तलका वाक्यलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्। (४)

सम्पदा सधैं विद्यालय जान्छे। उसलाई साथीहरू निकै मन पराउँछन्। ऊ पढ्नमा ध्यान दिन्छे। ऊ नयाँ कुरा जान्न खोज्छे। काम गरे सफल भइन्छ भन्ने कुरा उसले बुझेकी छ। उसको बानी देखेर बाबुआमा दुःखी छैनन्। उसलाई कत्ति गाली गर्दैनन्। ऊ बाबुआमाले भनेको मान्छे।

ग. तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् : (४)

मीमांसा असल र मिहिनेती विद्यार्थी हो। उसले बाबुआमाबाट अनुशासनको पाठ पढेकी छ। उसले नृत्य प्रतियोगितामा भाग लिई। उसले प्रथम पुरस्कार प्राप्त गरी।

५. **२०७५ सेट A प्र. नं. ८**

क. तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस्।

विद्यार्थी मिहेनती छन्। विद्यार्थी व्यवस्थापन विषय पढ्छन्। उनीहरू पढाइ लेखाइमा अब्बल छन्। उनीहरू भविष्यमा आफ्नो विषयमा दक्ष बन्नेछन्।

ख. आवश्यकताअनुसार थपघट गरेर तलका अनुच्छेदका वाक्यहरूको वाच्य परिवर्तन गर्नुहोस्।

जीवनमा हरेक किसिमका मानिसको साथ गरियो। सबैसित मिलेर बसियो। आफ्नै जीवनबाट धेरै कुरा सिकियो। जीवन सङ्घर्षलाई गुरु मानियो। मैले आज अनौठो अनुभूति गरेको छु। म भोलिका बारेमा सोच्दै छु। म समयसँग अत्यन्त डराउँथे। म सचेत बनी जीवनका पाइला अगाडि बढाउनेछु।

ग. तलका अनुच्छेदका वाक्यलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस्।

धनजितेले गुमानेलाई कुलामा पछारेन। गुमाने पनि बलशाली थिएन। दुवैले कत्ति पनि वाझावाझ गरेनन्। धर्मानन्दले दुवैलाई उक्साएनन्। त्यसपछि उनीहरूका घरमा आवतजावत भयो। धनजिते बिरामी पर्दा गुमाने गएन। त्यसपछि उनीहरूले पटक पटक झगडा गरे। दुवैले एक अर्कालाई दोषारोपण गरे।

६. **२०७५ सेट B प्र. नं. ८**

क. तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :

रमेश मिहिनेती छ। ऊ चलाख विद्यार्थी हो। उसले परीक्षामा उच्च अङ्क ल्याएको छ। उसको भविष्य उज्वल छ।

ख. तलका वाक्यहरूको कथन परिवर्तन गर्नुहोस् :

श्यामले भन्यो, "उनीहरू काम गर्दैनन्।" मैले आज गर्मी कुनै कुरा बताएँ। हरिले आफू ज्ञानी भएको कुरा बतायो। उहाँले भन्नुभयो, "अध्यक्षज्यू कार्यक्रम आरम्भ गर्नुहोस्।"

ग. तलका अनुच्छेदका वाक्यलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् :

डोल्माको डाक्टर बन्ने चाहना छ। ऊ मिहिनेत गरेर पढ्छे। उसँग प्रशस्त पैसा पनि छैन। पैसा सदुपयोग गर्ने विचार उसँग छ। उसका आमाबुवा खुसी छन्। ऊ सधैं गृहकार्य गर्छे। उसलाई साथीहरूको वास्ता छ। उसको जीवन सुखी बन्छ।

७. **२०७४ पूरक प्र. नं. ८**

क. तलका चारवटा जटिल वाक्यलाई आठओटा सरल वाक्यमा परिवर्तन गर्नुहोस् : (४)

जब म जनकपुर गएँ तब मैले जनकपुरलाई नजिकबाट देखें। जनकपुरवासी मिहिनेती छन्, त्यसैले तिनीहरू लोकप्रिय छन्। जनकपुरमा स्वदेशी तथा विदेशी पर्यटकहरू आउँछन् किनभने जनकपुर नेपालको धार्मिक क्षेत्र हो। तपाईं त्यहाँ जानुहुन्छ भने त्यहाँको सौन्दर्य आफैं देख्नुहुनेछ।

ख. तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् : (४)

हामीले व्याकरण पढेका छौं। हामीले साहित्य पढेका छौं। हामीले बोध र अभिव्यक्ति पढेका छौं। हामीलाई परीक्षा दिन गाह्रो छैन।

ग. आवश्यक कुरा थपघट गरी तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :

हामीले सबै पाठहरू पढ्यौं। हामीले सबै अभ्यास गरेका छौं। यसपटक किताब समयमै पाइएको थियो। केही दिन शैक्षिक भ्रमण गइयो। त्यहाँ खेलियो। रमाइलो गरियो। अबचाहिँ हामी माथिल्लो कक्षामा पुगौंला। हाम्रो मित्रता नतोडियोस्।

८. **२०७४ प्र. नं. ८**

क. तलको अनुच्छेदका आठओटा सरल वाक्यलाई चारओटा जटिल वाक्यमा परिवर्तन गर्नुहोस् : (४)

म पहिलो पटक पोखरा गएँ। म अत्यन्तै रमाएँ। तपाईं प्राकृतिक सुन्दरतामा रमाउन चाहनुहुन्छ। तपाईं एक चोटि पोखरा पुग्नुहोस्। उसले पोखराको सराङ्कोटबाट सूर्योदयको दृश्यावलोकन गऱ्यो। उसले स्वर्गीय आनन्दको अनुभव गऱ्यो। पोखराले विभिन्न ताल, गुफा र हरियालीका कारणले लाखौं पर्यटकको मन जितेको छ। पोखराका स्थानीय मान्छेहरूका लागि स्वरोजगारको अवसर सिर्जना गरेको छ।

ख. वाच्यपरिवर्तन गर्नुहोस् : (४)

म त यसपटक दसैंमा घर जान्छु। म आमाबुवालाई भेट्छु। म उहाँहरूका हातबाट दसैंको टीका लगाउँछु। म आशीर्वाद थाप्छु। आमा मिठामिठा परिकारहरू बनाउनुहुन्छ। हामी आपसमा बाँडेर ती परिकारहरू खान्छौं। साना केटाकेटीहरू गाउँघर डुल्छन्। उनीहरू धेरै रमाउँछन्।

ग. तल दिइएका प्रत्यक्ष कथनका वाक्यहरूलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् : (४)

शिवनारानले भने - "भइ गो, फर्किसक्नु भएको मानिसले किन फेरि दुःख गर्ने।"

"अब मैले तपाईंलाई पाउन नसक्ने भएँ।" रुँदै नानीथकुंले भनिन्।

"हिँड, जाँदै गर रञ्जना ! म आउँछु।" डाक्टर गोदत्तप्रसादले भने।

पुननारान, हर्षनारान दुवै जनाले एकै स्वरमा भने- "ठिक छ, आमाले ठिक भन्नुभयो।"

९. २०७१ पूरक प्र. नं. ८

क. तलका चारओटा जटिल वाक्यबाट आठओटा सरल वाक्य बनाउनुहोस् (४)

बिहानै उठी हातमुख धोएँ। बिहानी भ्रमण सकेर पत्रिका पसलबाट पत्रिका किनें। बाटोमा दुध, पाउरोटी किनेर घर आइपुगें। सात बजेको समाचार सुनी खाना खाएँ।

ख. तलका अनुच्छेदका वाक्यहरूलाई करण भए अकरण, अकरण भए करणमा परिवर्तन गर्नुहोस् : (४)

तिमीले भनेको कुरा मिलेन। मेरो साथी त पढ्दै रहेछ। ऊ खेल्न गएको थिएन। तिमीले झुटो बोलेछौ। म तिमीसँग रिसाएँ। म भन्न सक्तिनँ। उसको प्रयास सफल भएछ। ऊ आत्तिएको छैन।

ग. तलका वाक्यलाई आवश्यक ढाँचा मिलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् : (४)

कथालाई सानो आँखीझ्यालका रूपमा देवकोटाले परिभाषा गरेका छन्। उनले मानिस जातले होइन दिलले ठूलो हुने कुरा लेखेका छन्। सबै मानिस नै ईश्वर हुन् भन्ने विचार पनि देवकोटामा पाइन्छ। उनले ईश्वर वाहिर आँखाले खोजेर नभेटिने कुरा गरेका छन्।

१०. २०७३ प्र. नं. ८

क. तलका चारओटा जटिल वाक्यहरूलाई आठओटा सरल वाक्यमा छुट्ट्याउनुहोस् : (४)

विद्यार्थीहरू राम्रो पठनपाठनका निम्ति निजी विद्यालयमा भर्ना भए तर उनीहरूले सोचे जस्तो पठनपाठन भएन। विद्यालय प्रशासनले सुधारका निम्ति प्रयास गऱ्यो तापनि समस्या यथावत नै रह्यो। जब अभिभावकहरूले यो समस्या थाहा पाए तब उनीहरूले धेरै विद्यार्थीहरूलाई विद्यालयवाट निकाले। विद्यार्थीहरू घट्दै गए भने निजी विद्यालय सङ्कटमा पर्ने निश्चित छ।

ख. तलको अनुच्छेदका अप्रत्यक्ष कथनका वाक्यलाई प्रत्यक्ष कथनमा बदल्नुहोस् : (४)

सुयशले आज आफू कलेज नजाने कुरा बतायो। दाइले सुयशलाई कलेज नजानाका कारण सोध्नुभयो। सुयशले आफूलाई सन्चो नभएको कुरा दाइलाई बतायो। दाइले सुयशलाई आज घरमै वसेर आराम गर्न आग्रह गर्नुभयो।

ग. तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् : (४)

मान्छेले जीवनमा कहिले रुनु पर्छ। कहिले हाँस्नु पर्छ। जीवनमा सुखदुःख चक्रझैं घुमेर आइरहन्छन्। यो स्वाभाविक प्रक्रिया हो।

११. २०७२ पूरक प्र. नं. ८

क. तलका सरल वाक्यहरूलाई मिश्र वाक्यमा परिवर्तन गर्नुहोस् : (४)

अ. विद्यार्थीहरूले मेहनत गरेका छन्। उनीहरूले राम्रो अङ्क ल्याउने छन्।

आ. फूल फुलेको छ। भमरो बसेको छ।

इ. त्यो गोरुको सिङ छैन। त्यो गोरुको नाम तिखे हो।

ई. देशको संविधान बन्छ। देशमा विकास हुन्छ।

ख. आवश्यक कुरा थपघट गरी तलका वाक्यहरूको वाच्यपरिवर्तन गर्नुहोस् :

हामीले नेपाली पढेका छौं। परीक्षाको राम्रो तयारी गरिएको छ। आफ्नै विद्यालयमा पटकपटक परीक्षा दिइएको छ। हामी परीक्षासँग डराउँदैनौं। केन्द्रमा राम्रो वातावरण पाएका छौं। तसर्थ अब परीक्षा दिइन्छ त्यसपछि साथीसँग घर गइन्छ।

ग. तलका वाक्यलाई आठओटा सरल वाक्यमा विश्लेषण गर्नुहोस्

नेपाल बहुभाषिक देश हो र यसको स्वरूप बहुसांस्कृतिक छ। नेपालीको पहिचान भनेको हाम्रो सांस्कृतिक परम्परा हो। यसले नै हामीलाई एकतामा बाँधेको छ। हामी संस्कृतिक दृष्टिले सम्पन्न पनि छौं र हाम्रो उन्नति पनि यसैवाट हुन्छ। संस्कृतिको संरक्षण गर्नुपर्छ किनभने संस्कृति हाम्रो सम्पत्ति हो।

१२. २०७२ प्र. नं. ८

क. तलका सरल वाक्यवाट चारओटा जटिल वाक्य वनाउनुहोस् (४)

पूर्णिमाले लोक सेवा पास गरी। उसले सरकारी नोकरी पाई। उसको पढाइ राम्रो थियो। ऊ सफल हुँदै गई। उसको आम्दानी राम्रो छ। उसको परिवार राम्ररी चलेको छ। ऊ दिनरात काम गर्छे। ऊ कहिल्यै थाकें भन्दिन।

ख. तलको अनुच्छेदका वाक्यहरूलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् : (४)

पेम्वाको जीवन सुखी छ। उसले दुःखकष्ट भोगेको छैन। उसको वाल्यकाल पनि सुखद थियो। उसले दुःखको अनुभव गरेन। उसले अरुलाई सहयोग गर्न सकेको छ। उसले अरुवाट सहयोग लिनुपरेको छैन। अहिलेसम्म उसको जीवन सुखमा वितेको छ। उसले आफ्नो भविष्यको चिन्ता लिनुपरेको छैन।

ग. तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् : (४)

तराईमा प्रशस्त मात्रामा अन्नवाली उब्जन्छ। तराईको माटो ज्यादै उर्वर छ। तराईमा सिँचाइको उचित व्यवस्था छ। तराई नेपालको अन्न भण्डार हो।

१३. २०७२ सेट E प्र. नं. ८

क. आवश्यक कुरा थपघट गरी तलका वाक्यहरूलाई वाच्यपरिवर्तन गरी पुनर्लेखन गर्नुहोस् : (४)

यसपटक विदामा वृद्धाश्रम गइन्छ। त्यहाँ वृद्धहरूको सेवा गरिन्छ। फलफूल बाँडिन्छ। कपडा वितरण गरिने छ। उनीहरूको सरसफाइमा ध्यान दिइने छ। यो कुरा प्रशासनमा भनिने छ। यसरी अरुलाई पनि समाजसेवा गर्न प्रेरित गरिने छ। यसैमा आनन्द पाइने छ।

ख. तल दिइएका आठओटा सरल वाक्यलाई चारओटा जटिल वाक्यमा परिवर्तन गर्नुहोस् : (४)

हावाहुरी चल्यो। पानी पऱ्यो। कृषक रमाए। खेततिर लागे। कृषकले खेत खने। उनीहरूले खेती लगाए। कृषकले मेहनत गर्छन्। त्यसको फल सवैले पाउँछन्।

ग. तलका वाक्यलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् : (४)

जिल्लावासीहरूले मिलेर पिकनिक जाने कुराको सूचना आजको पत्रिकामा छापिएको वताए। ऊ नगए पनि आफू चाहिँ वनभोज जाने कुरा रमाले रमेशसँग गरिन्। नेपालले विश्वक्रिकेटमा नाम राखोस् भनी प्रशंसकहरूले प्रार्थना गरे। नजाने गाउँको बाटो नसोध्नु भनी बुवाले मलाई सम्झाउनुभयो।

puspas.com.np

puspas.com.np

१४. **२०७१ पूरक प्र. नं. ८**

क. तलका जटिल वाक्यहरूलाई आठओटा सरल वाक्यमा छुट्याउनुहोस् : (४)

मेघ गर्जेर पानी पऱ्यो भने किसानहरू खुसीले दङ्ग पर्दछन्। जति पानी पर्छ त्यति अन्नबाली उब्जन्छ। जब किसानहरू आफूले उब्जाएको अन्न प्रशस्त मात्रामा बजारमा पुऱ्याउँछन् तब हामी बजारबाट सहज रूपमा अन्न किनेर ल्याउन सक्छौँ। किसानहरूले दिनरात मिहिनेत गरेका छन्; तसर्थ हामीले आजसम्म खाद्यसङ्कटको सामना गर्नुपरेको छैन।

ख. आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाइ वाच्यपरिवर्तन गरी पुनर्लेखन गर्नुहोस् : (४)

नियमित रूपमा कलेज गइयो। एक दिन पनि कलेज छोडिएन। सधैँ गृहकार्य गरेर बुझाइयो। परीक्षाको तयारी राम्रोसँग गरियो। कुरा नछुटाई उत्तर लेखियो। विशिष्ट श्रेणीमा उत्तीर्ण भइयो। गुरुहरूबाट स्यावासी पनि पाइयो। कुलको इज्जत समेत बढाइयो।

ग. तलका प्रत्यक्ष कथनका वाक्यलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् : (४)

गुरुले भन्नुभयो - "विद्यार्थीको पहिचान नै उसको अनुशासन हो।"
विद्यार्थीले भन्यो - "म अनुशासित हुने प्रयत्न गर्छु।"
गुरुले भन्नुभयो - "स्यावास।"
विद्यार्थीले भन्यो - "यो त मेरो कर्तव्य नै हो।"

१५. **२०७१ प्र. नं. ८**

क. आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्यपरिवर्तन गरी पुनर्लेखन गर्नुहोस् : (४)

परीक्षा सकेर पोखरा घुम्न गइन्छ। त्यहाँका रमणीय ठाउँहरूको अवलोकन गरिन्छ। साथीभाइसँग भेटघाट पनि गरिन्छ। फोटाहरू खिचिन्छ। साँझ नाचगान गरी रमाइलो मनाइन्छ। फर्कँदा मनकामनाको दर्शन पनि गरिन्छ। केबुलकार चढेर आनन्द लिइन्छ। भोलिपल्ट मात्र घर फर्किइन्छ।

ख. तलका वाक्यहरूलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् : (४)

सुयोग विदेश गयो। ऊ बुबाआमाले भनेको मान्छ। ऊ यहाँ बस्न चाहँदैन। विदेशको दुख उसलाई थाहा छैन। काम नगर्दा जहाँ पनि पैसा कमाइँदैन। पैसा नै सबै कुरा हो। पैसाभन्दा शान्ति महत्त्वपूर्ण कुरा होइन। यो कुरा उसलाई थाहा छ।

ग. तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् : (४)

भाषाको देशमा लवजको दशा हुन्छ। शब्दहरू दुव्लापातला हुन्छन्। तिनीहरूको प्राचीन महत्त्व उड्छ। शब्दको अपभ्रंश हुन्छ।

१६. **२०७० प्र. नं. ८**

क. तलका जटिल वाक्यहरूलाई आठओटा सरल वाक्यमा छुट्याउनुहोस् : (४)

लोडसेडिङ घट्ने अवस्था भएन भने देशको आर्थिक उन्नति हुँदैन। जब देशमा आर्थिक मन्दी छाउँछ तब जनता गरिबीको मारमा पर्दै जान्छन्। सरकारले लोडसेडिङ हटाउन पहल गर्नुपर्दछ अनि विद्युत्‌गृहहरूको निर्माणकार्य निर्धारित समयमै पूरा गर्नुपर्दछ। सरकार लोडसेडिङ हटाउन सक्षम भयो भने देशको चौतर्फी विकास हुने कुरा निश्चित छ।

ख. तलको अनुच्छेदका वाक्यहरूलाई कर्तृवाच्यमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् : (४)

हिजो चौरमा भकुण्डो खेलियो। तरिका मिलाएर भकुण्डो हानियो। खेल पनि जितियो। प्रथम पुरस्कार पाइयो। त्यस अवसरमा खुसियाली मनाइयो। नाचगानका कार्यक्रमहरू सम्पन्न गरिए। बाजाहरू बजाइए। ट्रफी उचालेर नगर परिक्रमा पनि गरियो।

ग. तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् (४)

यहाँबाट नजिकै एउटा जङ्गल छ। जङ्गलमा ठूलठूला रुखहरू छन्। त्यस जङ्गलमा ग्रामीण महिलाहरू सालको पात टिप्न जान्छन्। त्यहाँ गोठालाहरू गाईबाख्रा चराउन पनि जान्छन्।

१७. **२०६९ प्र. नं. ८**

क. तलका वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् : (४)

हामी स्वतन्त्रताप्रेमी छौँ। हामी इमान्दार छौँ। हामी नेपाली हौँ। हामी विश्वमा प्रख्यात छौँ।

ख. तलका वाक्यहरूलाई करण भए अकरणमा र अकरण भए करणमा परिवर्तन गर्नुहोस् : (४)

सम्झनाको इन्जिनियर बन्ने चाहना छ। उनी मिहिनेत गरी पढ्छिन्। उनका धेरै साथी छैनन्। अतिरिक्त काममा उनी रुचि राख्दिनन्। अनुसन्धानमा सधैँ संलग्न हुन्छिन्। प्रयोगशालाबाहिर बस्दिनन्। पाठ्यक्रमभन्दा बाहिरका पुस्तक पढ्दिनन्। उनको भविष्य उज्यालो देखिन्छ।

ग. आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्यपरिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :

वर्षभरि पढियो। विद्यालयमा नियमित रूपमा गएँ। त्यहाँ असल साथीहरू भेटेँ। उनीहरूसँग गफगाफ गरेँ। अतिरिक्त क्रियाकलापमा भाग लिइयो। साथीहरूसँग घुमियो। पत्रपत्रिकाहरू पढिए। वर्षदिन रमाइलोसँग बितायौँ।

## खण्ड (ख) बोध र अभिव्यक्ति(१०+५+५+५+१०=३५ अङ्क)

### एकाइ १: बोध र शब्दभण्डार तथा बुँदाटिपोट र सङ्क्षेपीकरण (१०+५=१५ अङ्क)

### क. बोध र शब्दभण्डार (१० अङ्क)

१. **२०७६ ग्रेडवृद्धि परीक्षा सेट A प्र. नं. १** तलको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्: (१०)

खगोल विज्ञान विश्व वैज्ञानिक इतिहासमा प्राचीन विज्ञानका रूपमा स्थापित छ। अहिले खगोल विज्ञानका क्षेत्रमा धेरै महत्वपूर्ण उपलब्धिहरू प्राप्त भइसकेका छन्। यसलर्फको वैज्ञानिक अध्ययन अहिले ज्ञात ब्रह्माण्डीय पिण्डभन्दा पनि अज्ञात ग्रह तथा पिण्डको रहस्य खोतल्न लक्षित भएको छ। स्पष्टतः अहिलेका खगोलविद्‌हरू ब्रह्माण्ड निर्माणको, भौतिक तथा रासायनिक प्रक्रियाको अध्ययनमा जुटेका छन्। खगोल विज्ञानको इतिहास केलाउने हो भने हामीले प्राचीन सभ्यतासम्म पुग्नै पर्दछ। उत्पत्ति कालदेखि नै मानव जातिले ग्रह तथा आकाशीय पिण्डहरूका विषयमा जानकारी राख्न गरेका प्रयासलाई खगोल अध्ययनको पहिलो प्रहर मान्न सकिन्छ। ग्रहहरूको प्रक्रिया, जलवायु वा मौसम अनि मौसमको परिवर्तन यी प्राग्मानवका प्रारम्भिक जिज्ञासाहरू थिए। प्राचीन मिस्रका

नागरिकहरूले प्रत्येक वर्ष बाढी आउनुपूर्व आकाशमा नक्षत्र एक निश्चित स्थितिमा हुन्छ भन्ने पत्ता लगाए। यो पर्यवेक्षण नै प्रमाणयुक्त खगोल अध्ययनको पहिलो पाइलो थियो। यो खोजपछि नै उनीहरूलाई नक्षत्रयुक्त आकाशको मानचित्र बनाउन सफलता मिल्यो। फलतः मिस्रवासीहरू यसकै आधारमा पञ्चाङ्ग निर्माण गर्न सफल पनि भए र उनीहरूले नै एक वर्षमा ३६५ दिन हुन्छ भन्ने पत्ता लगाए। सूर्य तथा चन्द्र ग्रहणको भविष्यवाणी आजको आधुनिक खगोल विज्ञानमा सहज बनिसकेको छ। प्राचीन वेबिलोनवासीहरू ग्रह तथा नक्षत्रको अध्ययन गरी सूर्य तथा चन्द्र ग्रहणको भविष्यवाणी गर्न पहिलोपल्ट सफल भएका थिए। वर्षलाई महिना, सप्ताह, दिन, घण्टा र मिनेटमा बाँड्ने प्रक्रिया पनि वेबिलोनवाटै प्रारम्भ भएको हो। उनीहरूको सोचाइ थियो-आकाश ठुलो चाल्नी जस्तै छ जसमा असङ्ख्य छिद्रहरू छन् र यिनै छिद्रहरूवाट पृथ्वीमा वर्षा हुन्छ।

**प्रश्नहरू:**

क. अहिलेका खगोलविद्हरूको अध्ययन केमा केन्द्रित छ ?

ख. खगोल अध्ययनको पहिलो प्रहर केलाई मान्न सकिन्छ ?

ग. प्रमाणयुक्त खगोल अध्ययनको पहिलो पाइलो के थियो ?

घ. प्राचीन वेबिलोनवासीहरू पहिलोपल्ट के कुरामा सफल भए ?

ङ. 'खगोलविद्' र 'पर्यवेक्षण' शब्दको अर्थ लेख्नुहोस्।

२. **२०७६ ग्रेडवृद्धि परीक्षा सेट B प्र. नं. ९** तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्: (१०)

जुन प्रकारले मानिसलाई बाँच्नका निम्ति भोजनको आवश्यकता पर्दछ, त्यस्तै बोटविरुवाका लागि पनि हुर्कन, फुल्न र फल लाग्न खाद्यपदार्थको आवश्यकता पर्दछ। विरुवाका लागि यी खाद्यपदार्थहरू केही मात्रामा हावा र पानीवाट प्राप्त हुन्छ भने अधिकांश भाग माटोवाट प्राप्त हुन्छ। बोटविरुवालाई माटोवाट खाद्य पदार्थ उपलब्ध गराउनका निमित्त माटोमा जुन पौष्टिक पदार्थ हालिन्छ त्यसैलाई मल भनिन्छ। यसैले मल भनेको त्यो पदार्थ हो जुन माटोमा मिलाउनाले माटाको उर्वराशक्तिमा वृद्धि र माटाको स्वरुप राम्रो हुन्छ र विरुवालाई सजिलैसित आवश्यक पौष्टिक खाद्य पदार्थ उपलब्ध हुन्छ।

कुनै पनि वाली विरुवाका लागि विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ। ती तत्त्वहरू कार्वन, हाइड्रोजन अक्सिजन, नाइट्रोजन, फस्फोरस, पोटास, क्याल्सियम, म्याग्नेसियम, सल्फर, म्याग्जिन, वोरन, कपर, जिङ्क, आइरन, मोलिव्डेन तथा क्लोरिन हुन्। यी तत्त्वहरूमध्ये कार्वन, हाइड्रोजन र अक्सिजन विरुवाले हावा तथा पानीवाट र अरू वाँकी तत्त्वहरू माटोवाट लिन्छन्। माटोवाट वन्ने यी सबै तत्त्वहरूलाई मुख्य खाद्यतत्त्व भनिन्छ। क्याल्सियम, म्याग्नेसियम र सल्फर वोटविरुवाले माटोबाट कम लिने गर्दछन्। यी तत्त्वहरूलाई सहायक खाद्यतत्त्व हुन्। यिनीहरूलाई सूक्ष्म खाद्यतत्व भनिन्छ। हावा, पानी माटो, प्राङ्गारिक मल, रासायनिक मल आदि वोटविरुवाका खाद्यतत्त्वका स्रोतहरू हुन्।

**प्रश्नहरू:**

क. वोटविरुवाका लागि खाद्यपदार्थको आवश्यका किन पर्दछ ?

ख. विरुवाहरूले खाद्यपदार्थ केवाट प्राप्त गर्दछन् ?

ग. माटोको उर्वराशक्ति कसरी वढ्छ ?

घ. खाद्यतत्त्वका स्रोतहरू के के हुन् ?

ङ. 'उर्वराशक्ति' र 'प्राङ्गारिक' शब्दको अर्थ लेख्नुहोस्।

३. **२०७६ प्र.नं. ९** तलको अनुच्छेद पढी अन्त्यमा सोधिए प्रश्नहरूको छोटो, छरितो उत्तर दिनुहोस्: (१

विज्ञानको रोचक र सर्वोपयोगी चमत्कार हामी विजुली अनुभव गर्न सक्छौं। विजुलीमा तीन किसिमका विद्युत कणहरू हुन्छन् - ऋणात्मक कण, धनात्मक कण र तटस्थ कण। यिनकै संयोजनको वैज्ञानिक तालमेलवाट विद्युत ऊर्जा उत्पादन हुन्छ। विद्युत् ऊर्जाको उपयोग जस्तोसुकै काम लागि पनि गरिन्छ। वत्ती वाल्न, ताप पैदा गरी विभिन्न काम उपयोग गर्न, रेफ्रिजेरेटरको सहयोगले कुनै वस्तु चिस्याउन तान्न, ठेल्न, उचाल्न, पछार्न - जे गर्न पनि विद्युत शक्ति उपयोग गरिन्छ। रेडियो, टिभी, टेलिफोनलगायत विभिन्न सञ्चार उपकरणमा समेत विद्युत् शक्तिको उपयोग हुने गर्दछ। यसको उपभोग दिनानुदिन वढ्दै छ। यो अत्यावश्यक उपभोग्य वस्तुका रूपमा चिनिन थालेको छ र प्रयोगमा आइरहेको छ तर हाम्रो देशमा पूंजी र प्राविधिक ज्ञानको न्यूनताका कारण विद्युत् उत्पादनको ठूलो सम्भावना भए पनि पर्याप्त विजुली उत्पादन गर्न सकिएको छैन। हुन त पूंजी र प्राविधिक ज्ञानको अपर्याप्तता भनेर पूरै पन्छिने अवस्थाचाहिं छैन। देशको राजनीतिक अस्थिरता र विकासप्रतिको प्रतिवद्धताको कमीलाई पनि अंशतः जिम्मेवार कारण मान्नुपर्ने हुन्छ। देशमा सयौं नदीनाला छन् तर औंलामा गन्दा भ्याइने जलविद्युत् आयोजना मात्र वनेका छन्। ती पनि विदेशी सहयोग र कृपामा वनेका छन्। आफ्नै पूँजी, प्रविधि, सीप र जनशक्तिको उपयोग गरी जलविद्युत् आयोजना गर्ने हो भने निश्चय नै त्यसवाट धेरै लाभ हुन्छ।

**प्रश्नहरू:**

क. विद्युत् ऊर्जा कसरी उत्पादन हुन्छ ?

ख. विद्युत् ऊर्जाको उपयोग कुन कुन काममा गर्ने गरिएको छ ?

ग. नेपालमा पर्याप्त विजुली उत्पादन गर्न नसक्नुको कारण के हो ?

घ. उपर्युक्त अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुन सक्ला ?

ङ. 'प्रतिवद्धता' र 'उपभोग्य वस्तु' पद-पदावलीको अर्थ लेख्नुहोस्।

४. **२०७५ ग्रेडवृद्धि परीक्षा प्र.नं. ९** तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्: (१०

आज विज्ञानवाट अनेक प्रविधिको विकास भइरहेको छ। प्रविधिले गर्दा पनि विज्ञानको नयाँ नयाँ प्रादुर्भावलाई सहायता पुगि रहेछ। आजको विश्वको द्रुततर उन्नति प्रविधि कै परिणाम हो। हाम्रो जस्तो विकासोन्मुख देशका निम्ति विज्ञानकै ठूलो उपादेयता छ र त्यो हो - प्राथमिक आवश्यकता पूर्ति, विकासका पूर्वाधारको तयारी र समाजमा वैज्ञानिक दृष्टिको विकास। प्रथमतः हामीले आफ्नै परम्परागत प्रविधिभित्रवाट पनि विज्ञानलाई उद्घाटित गर्नु छ र त्यसकै विकास गरेर हाम्रा प्राथमिक आवश्यकताको पूर्ति गर्नु छ। आफ्ना प्रविधिलाई संस्थागत रूपमा विकसित गर्दै र उन्नत प्रविधिलाई आयातित पनि गरेर हामीले विकासका पूर्वाधार तयार गर्नु छ। हाम्रो वैज्ञानिक शिक्षा आत्मतृप्तिका निमित्त नभई दक्ष जनशक्ति तयार पार्न र समाजमा विकासका लागि अनुकूल दृष्टि तयार पार्नका निम्ति हुनुपर्दछ। नेपाली प्रतिभाले विज्ञानमा केही नयाँ तथ्य पत्ता लगाउन सकेमा त्यो चाहिं विश्व मानवताकै पनि सम्पत्ति हुन जानेछ र विश्वको वैज्ञानिक मानचित्रमा नेपालको नामसमेत

puspas.com.np

puspas.com.np

अङ्कित हुनेछ। यसका लागि अहिलेको परम्परागत शिक्षा पद्धतिलाई परिवर्तन गरेर प्रयोगात्मक, व्यावहारिक र वैज्ञानिक शिक्षालाई लागु गर्न सके नेपालले शिक्षा क्षेत्रमा आशातीत सफलता प्राप्त गर्न सक्ने छ।

**प्रश्नहरू:**

क. विज्ञान र प्रविधिबीच कस्तो सम्बन्ध देखाइएको छ ?

ख. विकासोन्मुख देशमा विज्ञानको उपादेयता कसरी पहिल्याउन सकिन्छ ?

ग. वैज्ञानिक शिक्षा कस्तो हुनुपर्दछ ?

घ. के गरेमा नेपालले शिक्षा क्षेत्रमा आशातीत सफलता प्राप्त गर्न सक्छ ?

ङ. 'आयातित' र 'पूर्वाधार' शब्दको अर्थ लेख्नुहोस्।

५. **२०७५ सेट A प्र. नं. ९** तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्। (१०)

लोकतन्त्रमा सूचनाका माध्यमहरूको व्यवस्थापन कसले र कसरी गर्ने भन्ने विषयमा खास सैद्धान्तिक विवाद छैन तर व्यावहारिक प्रयोगमा भने विभिन्नता पाइएका छन्। लोकतान्त्रिक देशहरूमा समेत प्रसारण माध्यमको व्यवस्थापन सरकारका तर्फबाट हुने परिपाटी अझै पनि नभएको होइन तर छापा माध्यम भने प्रायः सरकारद्वारा सञ्चालन हुने गर्दैनन्। नेपालमा भने अहिले पनि छापा माध्यम सरकारले चलाइरहेको छ। लोकतन्त्रको पुनः स्थापना हुनुभन्दा पहिले सूचना प्रवाहको परिपाटी नियन्त्रणात्मक र निर्देशनमुखी थियो। अपेक्षाकृत स्वतन्त्र रूपमा सूचना दिन खोज्ने निजी क्षेत्रका माध्यमहरू समेत सरकारका तर्फबाट वारम्वार प्रताडित र प्रतिवन्धित हुने अवस्था थियो। लोकतन्त्रको स्थापनाले यस परिपाटीमा व्यापक र आधारभूत परिवर्तन ल्यायो। परिणामस्वरूप निजी क्षेत्रका सञ्चार माध्यमहरू माथिको नियन्त्रित परिपाटी समाप्त गरे पनि सरकारी संस्थाहरूवाट सूचनाको प्रवाह गर्ने परिपाटीमा अपेक्षा गरेअनुसारको गुणात्मक परिवर्तन भने आउन सकेको देखिँदैन। जे जति परिवर्तन देखिन्छ त्यो व्यवस्थित वैज्ञानिक सुधारका कारण नभएर व्यापक राजनीतिक परिवर्तनका कारण हुन पुगेको स्वभाविक परिणाम जस्तो मात्रै अनुभव हुन्छ।

**प्रश्नहरू:**

क. लोकतन्त्रमा सञ्चार माध्यमको व्यवस्थापन कसरी गर्नु उपयुक्त हुन्छ ?

ख. लोकतन्त्रको पुनः स्थापना हुनुभन्दा पहिले सूचना प्रवाहको परिपाटी कस्तो थियो ?

ग. लोकतन्त्रको सञ्चार क्षेत्रमा कस्तो परिवर्तन ल्यायो ?

घ. नेपालमा सरकारी स्तरवाट के कस्ता सञ्चार माध्यमहरू सञ्चालित छन् ?

ङ. 'नियन्त्रणात्मक' र 'छापा माध्यम'को अर्थ के हो ?

६. **२०७५ सेट B प्र. नं. ९** तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्: (१०)

विश्व श्रम वजारमा घरेलु श्रम एउटा प्रमुख क्षेत्र वनेको छ। विकसित मुलुकहरूमा घरेलु श्रमलाई उच्च महत्त्व दिइएको पाइन्छ। यद्यपि यो त्यति सम्मानित पेसाका रुपमा स्थापित हुन सकेको छैन। घरेलु श्रमिकको उपस्थितिले महिलाहरूलाई घर वाहिरको पेसा र क्षेत्रमा सहभागी तथ क्रियाशील हुने कुरामा विश्वभर नै योगदान गरेको छ। नेपालका सन्दर्भमा पनि महिलालाई घर वाहिरको उत्पादन, सेवामूलक पेसा र अन्य क्षेत्रको काममा सहभागी गराउन घरेलु श्रमिकको विशेष भूमिका रहेको छ। यति भएर पनि स्वयम् घरेलु श्रमिकका रुपमा काम गर्ने महिला वा पुरुषले सम्मानपूर्वक वाँच्न पाएका छैनन्। हाम्रो समाज, राष्ट्र तथा परिवार त्यस्ता श्रमिकलाई इज्जत दिन हिच्किचाउँछन्। घरेलु श्रमिकका समस्या अनेकौं छन्।

**प्रश्नहरू:**

क. नेपालमा घरेलु श्रमको विशेष भूमिका रहनुको कारण के हो ?

ख. घरेलु श्रमिकलाई सम्मानपूर्वक वाँच्न रोक्ने कुरा के हो ?

ग. विकसित मुलुक र नेपालमा घरेलु श्रमको महत्त्व किन फरक परेको होला ?

घ. उपयुक्त अनुच्छेदको उपयुक्त शीर्षक के होला ?

ङ. 'क्रियाशील' र 'घरेलु' शब्दको अर्थ लेख्नुहोस्।

७. **२०७४ पूरक प्र. नं. ९** तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्: (१०)

हिमाल र हिमनदी पग्लिनु अनि हिमालय क्षेत्रमा तापक्रम वृद्धि हुनुमा जलवायु परिवर्तन मात्रै कारण नभई जैविक इन्धनवाट निस्किएका कार्वनका मसिना कणको पनि उत्तिकै भूमिका छ। जलवायु परिवर्तनका सम्वन्धमा विभिन्न समय सन्दर्भमा विश्वव्यापी छलफल हुँदै जनचेतना फैलाउने कार्य भएका छन्। छलफलमा सहभागी वैज्ञानिकहरूले जैविक इन्धनवाट उत्पन्न मसिना कणको मात्राको तह वायुमण्डलको माथिल्लो तहसम्म वढेकाले हिमालय क्षेत्रमा अन्यत्रभन्दा पाँचगुणा तापक्रम वेढेको तथ्य सार्वजनिक गरेका छन्। नेपालमा वार्षिक शून्य दशमलव शून्य छ डिग्री सेल्सियसका दरले तापक्रम वृद्धि भइरहे पनि हिमाली क्षेत्रमा अझ वढी असर परेको तथ्याङ्क सार्वजनिक भएका छन्। विश्वमा पछिल्लो सय वर्षयता शून्य दशमलव ८ डिग्री सेल्सियस तापक्रम वढेको तथ्याङ्क सार्वजनिक भएको छ। अन्यत्रभन्दा हिमालय क्षेत्रमा वढी असर देखिएको हो। 'व्ल्याक कार्वन सट' को तह माथि सरेकाले हिमालय क्षेत्रमा वढी असर देखिएको हो। 'व्ल्याक कार्वन सट' को तह वायुमण्डलको पहिलेको भन्दा निकै माथिल्लो तहसम्म फैलिन गएकाले समग्र हिमालय क्षेत्रमा हिँउ पग्लिने क्रम वढेको हो। कोइला, दाउरा, गुइँठा र डढेलो लागेपछि उड्ने ससाना काला कण वायुमण्डलमा फैलिनुलाई 'व्ल्याक कार्वन सट' भन्ने गरिएको हो। वैज्ञानिकहरूले सगरमाथाको आधारशिविरका साथै अन्य हिमालय क्षेत्रको पाँच हजार मिटरभन्दा अग्लो स्थानमा मनिटरिङ स्टेसन राखी पछिल्लो अवस्थावारे अध्ययन गरेका थिए। अध्ययनले विश्वका अन्य स्थानमा भन्दा हिमालय क्षेत्रमा तापक्रम पाँचगुणासम्म वढेको निष्कर्ष निकालेको थियो।

**प्रश्नहरू:**

क. तापक्रम वृद्धि हुनुका कारण के हुन् ?

ख. हिमाली क्षेत्रमा पाँचगुणा वढी तापक्रम वढ्नाको कारण के हो ?

ग. 'व्ल्याक कार्वन सट' भनेको के हो ?

घ. नेपालमा तापक्रम वृद्धिको औसत दर कति छ ?

ङ. 'हिमनदी' र 'भयावह' शब्दको अर्थ लेख्नुहोस्।

puspas.com.np

८. [२०७४ प्र. नं. ९] तल दिइएको गद्यांश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् । (१०)

पृथ्वीको सतह र वायुमण्डलको तल्लो तहमा सूर्यबाट आएका विभिन्न विकिरण जम्मा हुन्छन् । यिनै विकिरणका कारण पृथ्वीको सतह तात्ने र चिसिने कार्य भई पृथ्वीको जीवमण्डलमा विभिन्न असर देखा पर्दछन् । त्यस असरलाई हरितगृहप्रभाव भनिन्छ । हरित गृह प्रभावको प्रत्यक्ष सम्बन्ध तापक्रमसँग रहेको छ । विकिरण थपिने क्रम बढ्दै गएकाले विगत केही वर्ष यता पृथ्वीको सतह बिस्तारै तात्दै गएको निष्कर्ष वैज्ञानिकहरूले निकालेका छन् । त्यसैका आधारमा नै सन् १९९५ लाई सबभन्दा तातो वर्षका रूपमा लिइन्छ । बितेको सय वर्षमा पृथ्वीको भूमध्यरेखीय क्षेत्रमा ०.४५° सेल्सियस र ध्रुवीय (आर्कटिक) क्षेत्रमा सन् १९६८ देखि यता ५° सेल्सियस तापक्रम वढेको कुरा वैज्ञानिक अनुसन्धानले प्रमाणित गरेको छ । वायुमण्डल विभिन्न ग्याँसहरू मिलेर बनेको हुन्छ । वायुमण्डलमा आयतनका हिसाबले सबभन्दा बढी नाइट्रोजन र अक्सिजन रहेका छन् भने धुलाको कण, जलवाष्प, मिथेन, ओजोन, कार्वनडाइअक्साइड, नाइट्रसअक्साइड आदि नगण्य मात्रा रहेका छन् । यी भन्ये जलवाष्प, मिथेन, ओजन, क्लोरोफ्लोरो कार्वन, कार्वन डाइअक्साइड, नाइट्रसअक्साइडले हरित गृह प्रभावमा प्रमुख भूमिका खेलेका हुन्छन् । यस ग्याँसहरूलाई समग्रमा हरित गृह ग्याँस (ग्रिन हाउस ग्याँस) भनिन्छ । सूर्यबाट विभिन्न विकिरण आइरहेका हुन्छन् । तीमध्ये लघुतरङ्गका विकिरणहरू पृथ्वीका सतहमा आइपुगेपछि दीर्घतरङ्गी विकिरणमा बदलिन्छन् । ती दीर्घ तरङ्गका विकिरणहरू परावर्तित भएर अन्तरिक्षतर्फ नै फर्किने गर्दछन् तर वायुमण्डलमा रहेका विभिन्न ग्याँसहरूमध्ये हरित गृह ग्याँसहरू (कार्वनडाइअक्साइड, क्लोरोफ्लोरोकार्वन, नाइट्रसअक्साइड, जलवाष्प, मिथेन, ओजन आदिले ती दीर्घ तरङ्गका विकिरणलाई अन्तरिक्षतर्फ जान रोकी आफैँले सोसेर राख्दछन् । यसरी पृथ्वीमा दीर्घ तरङ्गका विकिरणहरू तापका रूपमा वायुमण्डलको तल्लो तहमा थुप्रिन्छन् र तिनले वायुमण्डललाई तातो पारिरहन्छन् । यिनै थुप्रिएका विकिरणहरूले वायुमण्डलमा पार्ने विभिन्न असर नै हरित गृह प्रभावका रूपमा देखिन्छ । यो साधारण तिरन्तर चलिरहने प्रक्रिया हो । यसलाई पृथ्वी तात्ने प्रक्रिया पनि भनिन्छ ।

**प्रश्नहरू**

क. हरित गृह प्रभाव भनेको के हो ?

ख. वैज्ञानिक अनुसन्धानबाट के कुरा प्रमाणित भएको छ ?

ग. हरित गृह प्रभावमा मुख्य भूमिका खेल्ने ग्याँसहरू कुनकुन हुन् ?

घ. दीर्घ तरङ्गका विकिरणहरू वायुमण्डलको तल्लो तहमा थुप्रिनाको कारण के हो ?

ङ. 'अन्तरिक्ष' र 'विकिरण' शब्दको अर्थ लेख्नुहोस् ।

९. [२०७३ पूरक प्र. नं. ९] तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् : (१०)

शिक्षामा महिलाहरू पछि पर्नुमा आर्थिक तथा सामाजिक कारणहरू नै प्रमुख भए तापनि देशको भौगोलिक बनावट तथा विगतमा राजनैतिक कारण पनि रहेको थियो । शिक्षामा महिला सहभागिता कम हुनुका आर्थिक र सामाजिक कारणहरूका रूपमा आर्थिक विपन्नता, शैक्षिक चेतनाको कमी, परम्परागत सामाजिक धारणा, अन्धविश्वास तथा रुढिवाद, छिटो विवाह, घरायसी काममा महिलाको बढी संलग्नता आदिलाई लिन सकिन्छ । यस्तो अवस्थामा महिला शिक्षाको उपयुक्त विकासका लागि उल्लिखित कारणहरूलाई ध्यानमा राखेर योजना र कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । खास गरी महिला शिक्षामा रहेका नकारात्मक धारणा, अन्धविश्वास, सामाजिक रुढि हटाई शैक्षिक चेतनामा अभिवृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गरी सबैले पढ्न पाउने अधिकारको कदर गर्दै छोरीहरूलाई स्कुल पठाउने कार्यमा समाजलाई अभिप्रेरित गर्नु आवश्यक छ । त्यसै गरी भौगोलिक दृष्टिले विकट र पिछडिएका क्षेत्रहरूमा विद्यालय तथा अन्य शिक्षण संस्था खोल्ने काममा प्राथमिकता दिनु र विपन्न वर्गका लागि आयमूलक कार्यक्रम तथा उपयुक्त रोजगारीको अवसर सिर्जना गरिनु आवश्यक देखिन्छ ।

**प्रश्नहरू:**

क. शिक्षामा महिलाहरू पछि पर्नुका कारणहरू केके हुन् ?

ख. शिक्षामा महिला सहभागिता कसरी गराउन सकिन्छ ?

ग. महिला शिक्षाको उपयुक्त विकासका लागि के कस्ता योजनाहरू आवश्यक हुन्छन् ?

घ. यस अनुच्छेदको उपयुक्त शीर्षक के हुन सक्छ ?

ङ. 'अभिवृद्धि' र 'अन्धविश्वास' शब्दको अर्थ लेख्नुहोस् ।

१०. [२०७३ प्र. नं. ९] तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् । (१०)

चुहिएको गाग्रामा पानी हाल्दै भर्ने प्रयास गर्नुलाई अस्वाभाविक सम्झनुपर्दछ । प्वाल परेको गाग्राबाट पानी चुहिएर गाग्रीभित्रको पानी घट्दै गए झैँ मानिसको शरीरबाट पानी खेर गई पानी घट्छ र ऊ बिरामी हुन्छ । यस्तो हुँदा पानीसँगै नुन र शरीरको तागत पनि खेर जान्छ । यसरी पानी, नुन र तागत खेर जाने प्रक्रियालाई जलवियोजन भनिन्छ । धेरै जलवियोजन भए मानिस मर्न सक्दछ । झाडापखाला हुँदा मर्ने मुख्यकारण जलवियोजन नै हो । नचुहिएको गाग्रामा पानी भऱ्यो भने रित्तिन पाउँदैन र भरिइरहन्छ । त्यस्तै औषधि पानी खुवाउँदै गऱ्यो भने झाडापखालाबाट खेर गएको पानी र नुन आपूर्ति हुन्छ र बिरामी मृत्युबाट बच्दछ । तीनचार दिनसम्म औषधी पानी खुवाएपछि बिरामीको झाडा पखाला आफैँ निको हुन्छ । यसरी खेर गएको नुन र पानी आपूर्ति गर्ने प्रक्रियालाई पुनर्जलीय उपचार भनिन्छ ।

पुनर्जलीय उपचारले बिरामीको पखाला तत्कालै रोकिँदैन तर जलवियोजनलाई सुधार्छ र बिरामीलाई मर्नबाट बचाउँछ । औषधि पानीले पखाला थापिएन भनेर कति मानिसहरूले गुनासो गरेको सुनिन्छ तर सम्झनुपर्ने कुरा के छ भने झाडापखाला लागेको बिरामीको मुख्य उपचार नै जलवियोजन हुन नदिई रोगीको प्राण बचाउनु हो । पुनर्जलीय प्रक्रियाबाट जलवियोजनको उपचार भएमा झाडा पखालाका धेरैजसो बिरामीहरू आफैँ ठिक हुन्छन् । त्यसैले झाडापखाला लागेका बिरामीका लागि पुनर्जलीय उपचार नै सबैभन्दा महत्वपूर्ण हुन्छ ।

बिरामीलाई कसरी र कति पुनर्जलीय उपचार गर्ने भन्ने कुरा बिरामीको अवस्था र वियोजनको स्थितिमा भर पर्ने हुँदा पहिले बिरामीको स्थितिको लेखाजोखा गर्नुपर्दछ र सोहीअनुसार उपचार प्रणाली अपनाउनुपर्दछ । त्यसैले कस्तो बिरामीलाई गाउँघरमै उपचार गर्ने हो, कस्तालाई स्वास्थ्यचौकी वा अस्पताल उपचारका लागि पठाउने हो वा कस्तालाई सामान्य उपचार ...

puspas.com.np

उपाय सिकाए पुग्दछ भन्ने कुरा बिरामीको जलवियोजनको स्थितिमा भर पर्दछ ।

**प्रश्नहरू :**

क जलवियोजन भन्नाले के बुझिन्छ ?

ख पुनर्जलीय उपचारले के कुरामा सघाउ पुऱ्याउँछ ?

ग. के भएमा झाडा पखालाका बिरामीहरू आफैँ ठिक हुन्छन् ?

घ. पुनर्जलीय उपचार केके कुरामा भर पर्दछ ?

ङ 'तागत' र 'आपूर्ति' शब्दको अर्थ लेख्नुहोस् ।

११. **२०७२ पूरक प्र. नं. ९** तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् । (१०)

आजको विश्वमा मानव जातिका लागि मानवअधिकार भन्ने कुरा अपरिहार्य विषय बन्न पुगेको छ । मानवअधिकारको अभावमा मान्छेको वैयक्तिक विकास सम्भव छैन । जब एउटा नागरिक आफ्ना अधिकारहरूबाट वञ्चित रहन्छ तब त्यसको असर समाज र राष्ट्रले समेत भोग्नुपर्ने हुन्छ । अर्थात् मानवअधिकार कुनै एउटा व्यक्ति वा कुनै एउटा राज्यको मात्र सरोकारको कुरा होइन । यसको सम्मानमा संसारका हरेक व्यक्ति, समाज, राज्य एवम् अन्तराष्ट्रकै सहयोग अत्यावश्यक हुन्छ तापनि आफ्नो मुलुकमा मानवअधिकारलाई सम्मान गर्ने परिपाटी कायम गर्ने कि नगर्ने भन्ने विषय भने त्यस मुलुकको राज्यव्यवस्था वा सरकारमै निर्भर गर्दछ । यस अर्थमा मानवअधिकारको सम्मान गर्न र त्यसलाई सुदृढ पार्न सरकारको नै सवैभन्दा महत्त्वपूर्ण भूमिका रहनु स्वाभाविक हो । जहाँ मानवअधिकारको सम्मान हुँदैन त्यहाँ प्रजातन्त्र पनि हुँदैन । जहाँ प्रजातन्त्र हुन्छ त्यहाँ मानवअधिकारको सम्मान गर्नु अनिवार्य हुन्छ । मानवअधिकारलाई गौण विषय ठानेर त्यसलाई बेवास्ता गरेर प्रजातन्त्रको कुरा गर्नु निरङ्कुशतालाई आत्मसात् गर्नु हो । संविधानमा मात्रै मानवअधिकारप्रति प्रतिवद्धता जाहेर गरेर वास्तविक रूपमा मानवअधिकारको सम्मान हुन सक्दैन । मानवअधिकारको सम्मानका लागि प्रजातान्त्रिक संविधानअनुसार स्थापित हुने सरकारको कार्यशैली पनि प्रजातान्त्रिक हुनुपर्दछ ।

**प्रश्नहरू:**

क. मानवअधिकार किन आवश्यक छ ?

ख. मानवअधिकारको सम्मान किन गर्नुपर्छ ?

ग. प्रजातन्त्र र मानवअधिकारका विचमा कस्तो सम्बन्ध रहेको हुन्छ ?

घ. माथिको अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुनसक्छ ?

ङ 'अपरिहार्य' र 'निरङ्कुशता' शब्दको अर्थ के हो ?

१२. **२०७२ प्र. नं. ९** तलका अनुच्छेदहरू पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् : (१०)

पानीमा फोहोर कसिङ्गर मिसियो भने प्रदूषित हुन्छ र हाम्रा लागि उपयोग गर्न उपयुक्त हुँदैन । पानी प्रदूषित हुनुमा धेरै कारणहरू हुन सक्छन् । हुन त सवभन्दा शुद्ध पानी वर्षाको मान्न सकिन्छ । जुन वेला बादल चिसिएर पानी वन्छ त्यस वेला पानी शुद्ध हुन्छ तर जब पानी आकाशबाट खस्न थाल्छ तब हावामा रहेका धुलाका कणहरू र ग्याँसहरूसँग सम्पर्कमा आएर पानी दूषित हुन थाल्छ । खास गरेर उद्योगहरूबाट धुवाँ धेरै फालिने ठाँउमा पानी धुवाँका कणहरूसँग मिसिएर तेजाव वन्छ र अम्लीय वर्षा हुन्छ । अम्लीय वर्षाको पानी निर्मल देखिन्छ तर यसमा माछालगायत अन्य जीवहरू भने बाँच्न सक्दैनन् । अव्यवस्थित ढङ्गद्वारा ढल फाल्नाले पनि पानी प्रदूषित हुन्छ भन्ने कुराको उदाहरणका रूपमा काठमाडौं वरपर वग्ने टुकुचा, विष्णुमती र बागमती खोलाहरूमा बगेको पानी नै देख्न सकिन्छ । ढलनिकासले गर्दा प्रदूषित भएको पानीमा रोगका किटाणुहरू व्यापक रूपमा फस्टाउने गर्दछन् । साथै त्यस्तो पानीमा झारहरू उम्रिए पनि पानीमा रहने माछा र अन्य जीवहरू नष्ट हुन्छन् । खेतवारीबाट बग्ने रासायनिक मल, कलकारखानाबाट बग्ने रासायनिक झोल एवम् सडक र बसविसौनीहरूबाट वग्ने रासायनिक पदार्थहरू मिसिएको भलले पनि पानी प्रदूषित हुन्छ । रासायनिक पदार्थहरू मिसिएको पानी स्वास्थ्यको लागि हानिकारक हुन्छ । कलकारखानाबाट रसायनिक झोलहरू उपचार गरेर फाल्नुपर्दा खर्च लाग्न सक्छ तर त्यस्ता झोलहरूका कारणले पानी दूषित हुँदा त्यसबाट हुने सङ्कट आखिरमा मानिस आफैँले भोग्नुपर्ने हुन्छ । कतिपय मिलहरूमा यन्त्रहरूलाई चिसो पार्न पानीको प्रयोग गरिन्छ । त्यसबाट निकासमा पाइने पानी बाहिरको प्राकृतिक स्रोतबाट आएको पानीभन्दा अलि तातो हुन्छ । त्यसैले सामान्य तातो पानी खान र त्यस्तो पानीमा वस्न नसक्ने जीवाणु एवम् माछाहरू मर्न सक्छन् । पानीसँग सम्वन्धित अरु पनि समस्याहरू हुन सक्छन् । तीमध्ये खानेपानीको अभाव एउटा हो । पानीको परिमाण कम हुनु, भएको पानी दूषित हुनु र खेर जानु वास्तवमा समस्या नै हो । त्यसै गरी अर्को समस्या हो- बाढी । नदीमा पानीको वहाव धेरै हुन गई वरपरको घरखेतसम्म पानी वग्न सक्छ । यसको खास कारण हो- वर्षाको पानी जमिनभित्र रसाएर जानुभन्दा भलका रूपमा वग्नु । त्यसो हुनुको कारण जमिनमा हरियाली कम भई माटो सुक्खा र कडा हुनु हो ।

**प्रश्नहरू:**

क. अम्लीय वर्षा कसरी हुन्छ ?

ख. रसायन मिसिएको झोलले मानिस कसरी सङ्कटमा पर्छन् ?

ग. जमिन सुक्खा हुनुको कारण के हो ?

घ. पानीसँग सम्वन्धित समस्याहरू के के हुन् ?

ङ. 'अम्लीय' र 'किटाणु' शब्दको अर्थ लेख्नुहोस् ।

१३. **२०७२ सेट E प्र. नं. ९** तलको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् : (१०)

वायुमण्डल विभिन्न ग्याँसहरू मिली वनेको हुन्छ । वायुमण्डलमा आयतनका हिसाबले सयभन्दा वढी नाइट्रोजन र अक्सिजन रहेका छन् भने धुँलाको कण, जलवाष्प, मिथेन, ओजोन, कार्वनडाइअक्साइड, नाइट्रसअक्साइडले हरित गृह प्रभावमा प्रमुख भूमिका खेलेका हुन्छन् । सूर्यबाट विभिन्न विकिरण आइरहेका हुन्छन् । तीमध्ये लघुतरङ्गका विकिरणहरू पृथ्वीका सतहमा आइपुगेपछि दीर्घतरङ्गी विकिरणमा वदलिन्छन् । ती दीर्घतरङ्गका विकिरणहरू परावर्तित भएर अन्तरिक्ष तर्फ नै फर्किने गर्दछन् तर वायुमण्डलमा रहेका विभिन्न ग्याँसमध्ये हरित गृह ग्याँसहरूले ती दीर्घतरङ्गका विकिरणलाई अन्तरिक्षतर्फ जान रोकी आफैँले सोसेर राख्दछन् । यसरी पृथ्वीमा दीर्घ तरङ्गका विकिरणहरू तापको रूपमा वायुमण्डलको तल्लो तहमा थुप्रिन्छन् र तिनले वायुमण्डललाई न्यानो पारी राख्छन् । यिनै थुप्रिएका विकिरणहरूले वायुमण्डलमा पार्ने विभिन्न असर नै हरित गृह प्रभावका रूपमा

puspas.com.np

दखिन्छ। साधारणत: यो निरन्तर रूपमा चलिरहने प्रक्रिया हो। जसलाई पृथ्वी तात्ने प्रक्रिया पनि भनिन्छ। औद्योगिकीकरण नै हरित गृह ग्यासको प्रमुख स्रोत हो।

**प्रश्नहरू:**

क. हरित गृहमा प्रभाव पार्ने तत्वहरू केके हुन्?
ख. हरित गृह ग्यासको मुख्य कार्य के हो ?
ग. पृथ्वी तात्नुको कारण के हो ?
घ. माथिको अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुन सक्छ ?
ङ. 'परावर्तित' र 'विकिरण' शब्दको अर्थ लेख्नुहोस्।

१४. **२०७१ पूरक प्र. नं. ९** तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् : (१०)

झापाका राजवंशी समाजको धर्म र देवीदेवतासम्वन्धी धारणा आफ्नै प्रकारको पाइन्छ। उनीहरू प्राकृतिक अलौकिक अदृष्य शक्तिका रूपमा धर्ममा विश्वास गर्छन्। मानिसको जन्ममृत्यु हुनु, गरिव हुनु, धनी हुनु, धन सम्पत्ति कमाउनु, सुन्दर हुनु, कुरूप तथा अपाङ्ग हुनु, चिताएको कुरा पुग्नु वा नपुग्नु, छोराछोरी दुखी हुनु, छोराछोरी भएर पनि नवाँच्नु, विरामी हुनु, अकालमा मर्नु, दुर्घटनामा पर्नु, अन्नवाली नोक्सान हुनु, आगलागी हुनु, चोरी हुनु जस्ता कुरा भाग्य र दैवका खेल हुन् भन्ने विश्वास राजवंशीहरूमा पाइन्छ। वास्तवमा अलौकिक शक्तिहरूमाथिको आस्था नै धर्मको प्रमुख लक्षण हो। धर्म भन्नु नै मानिसहरूको नीति, आदर्श, नैतिकता, आत्मा, ईश्वर तथा अदृष्य शक्तिमाथिको विश्वास राख्नु हो। व्रह्माण्ड तथा जीवनको सृष्टि, मृत्यु र त्यसपछिको रहस्यका साथै जीवनलाई पूर्ण वनाउने कुराका रूपमा वा मानिसका मानसिक जिज्ञासाका परिणामस्वरूप धर्मको उत्पत्ति भएको हो। अर्को अर्थमा आफूभन्दा शक्तिशाली प्रकृतिमाथिको निर्भरताले गर्दा मानिसहरू प्राकृतिक शक्तिमा अदृष्य अलौकिक गुणहरू हुन्छन् भन्ने कुरामा विश्वास गर्छन्। राजवंशी समाजमा पनि आफ्नो अज्ञानताले कपोलकल्पित शक्तिहरूलाई सन्तुष्ट राख्न सकिएन भने तिनीहरूले दुख, यातना र विपत् ल्याउन सक्छन् भन्ने विश्वासले जरो गाडेको छ। त्यसैले राजवंशीहरू कपोल कल्पित दैवी शक्तिलाई सन्तुष्ट पारियो र तिनको पूजाआजा गरियो भने आफूलाई मद्दत हुन्छ भन्ने कुरामा विश्वास गरी त्यस्ता शक्तिको पूजा, पाठ, प्रार्थना, आराधना, स्तुति गर्ने जस्ता धार्मिक क्रियाकलाप सम्पन्न गर्छन्। राजवंशीहरू अर्काको परोपकार गर्नु, आफ्नो मर्यादाभित्र बस्नु, अरूलाई दु:ख पीडा नदिनु, पाहुनाको सत्कार गर्नु आदिलाई धर्म मान्दछन्। यसै गरी उनीहरू असत्य वा झूटो कुरा गर्नु, सत्यमा नवस्नु, अर्काको सम्पत्ति हड्प्नु, चोरी डकैती गर्नु, छल्नु जस्ता सामाजिक मान्यताभन्दा वाहिरका कार्य गर्नु पाप हो भन्दछन्।

**प्रश्नहरू:**

क. राजवंशीहरू कस्ताकस्ता कुरालाई दैवको खेल ठान्दछन् ?
ख. राजवंशीहरूका समाजमा प्रचलित मान्यताअनुसार धर्मको उत्पत्ति कसरी भएको हो ?
ग. राजवंशीहरू कस्तो दैवीशक्तिको पूजा गर्दछन् ?
घ. राजवंशीहरूका समुदायमा कस्ता कार्य गर्नुलाई पाप मानिन्छ ?
ङ. अदृष्य र अलौकिक शब्दको अर्थ लेख्नुहोस्।

१५. **२०७१ प्र. नं. ९** तलको गद्यांश पढी सोधिएका प्रश्नको उ[त्तर] (१[०]) लेख्नुहोस् :

रसायनशास्त्रको विकासका प्रारम्भिक चरणहरूमा सैद्धान्ति[क] एवम् प्रयोगात्मक व्याख्या गर्ने क्रममा अनेकौं रासायनि[क] प्रयोगहरू गरिए। प्रारम्भमा रासायनिक विधा अभ्यास ग[र्ने] मानिसहरू आधारभूत धातु, जस्तै फलामलाई सुवर्ण धातु[मा] परिवर्तन गर्ने प्रयासमा लागेका थिए। त्यसैगरी मानिसह[रू] अजम्वरीवुटीको खोजीमा पनि लागेका थिए। तर यी ... प्रयासहरू पूर्णत: सफल हुन सकेनन् तापनि त्यसै खेर ... गएनन्। यी साध्यहरूको उपलव्धि गराउने कार्यमा सल[ग्न] मानिसहरूले त्यस अवधिमा अँगालेका साधनहरूको माध्यम[बाट] रसायनविधालाई नयाँ मोडमा दिनमा निकै सफल भ[ए]। फलस्वरूप नयाँ पदार्थहरूको आविष्कार हुन सक्यो। ... पदार्थहरू थिए - मदिरा, खनिज, अम्ल (तेजाव), अन[ेक] लवणहरू। रसायनशास्त्र आधुनिक समाजमा क्रान्तिका[री] परिवर्तन ल्याउनमा निकै सहायक सिद्ध भएको छ। रासायनि[क] विधाको अभावमा कृषि, औषधी, जनस्वास्थ्य, उद्योगधन्[दा], यातायात, युद्धसामग्री र खानीसम्वन्धी अनेकौं वस्तुहरू[को] उत्पादन र विकास प्राय: असम्भव हुन आउँछ। मलखा[द], कीटनाशक औषधीहरू, झारपात नाश गर्ने रसायनहरूजस्[ता] कृषिसम्वन्धी सामग्रीहरूको प्रयोगबाट कृषि उत्पादनमा अभूतपू[र्व] वृद्धि हुँदै गइ रहेको छ भने उता विभिन्न प्रकारका रोगहरू[को] निदानका लागि शुद्ध रसायन विधामा आधारित सुरक्षित एव[म्] असरदार औषधीहरू आविष्कार भएका छन्। जनस्वास्थ्य[का] लागि अतिमहत्त्वपूर्ण मानिएका पानी र खाद्य पदार्थहरू[को] गुणात्मकता वृद्धि गर्नमा समेत रसायनशास्त्रको अतुलनी[य] योगदान रहिआएको छ। रसायनशास्त्रकै विकासबाट विभि[न्न] उपभोग्य सामग्रीहरू, विलासिताका सामानहरू र यु[द्ध] सामग्रीहरूको आविष्कार भएको हो। आजको युगमा दैनि[क] प्रयोगमा ल्याइने विभिन्न वस्तुहरू रासायनिक प्रविधि[का] कारणवाट मात्र सम्भव हुन गएका छन् र साँच्चै भन्ने हो भ[ने] आधुनिक उद्योगहरूको विकास र संवर्धनमा समेत रासायनि[क] प्रविधि नै मेरुदण्डको रूपमा स्थापित भएको छ।

**प्रश्नहरू:**

क. प्रारम्भमा रासायनिक विधा अभ्यास गर्ने मानिसहरू केक[ो] खोजीमा लागेका थिए ?
ख. रसायनशास्त्रको योगदान के कुरामा छ ?
ग. रासायनिक विधा नहुँदा के हुन सक्दैन ?
घ. रासायनिक प्रविधिलाई केको मेरुदण्ड भनिन्छ ?
ङ. अजम्मरी वुटी र रासायन विधा पदावलीको अर्थ लेख्नुहोस्।

१६. **२०७० प्र. नं. ९** तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्[तर] (१[०]) लेख्नुहोस् :

तपाईंको जीवनमा समस्याहरू छन्। तपाईंले गर्ने व्यवसा[य] रोजगारी र व्यक्तिको जीवनमा पनि निकै अप्ठ्याराह[रू] आइपर्छन। विमान दुर्घटना हुन्छ। भूकम्प, वाढी र पहिर[ो] ... सम्पत्ति नष्ट गर्छन्। आगलागीका कारण धनजनको क्षति हुन्[छ]। मोटर र रेलहरू दुर्घटनामा पर्छन। यी समस्याले हाम्रो जीव[न] सधैं अप्ठ्यारामा छ। हामीले आर्जन गरेको सम्पत्ति पनि स्था[यी] र सुरक्षित छैन। हामी हरेक ठाउँमा जोखिमयुक्त जीवन वाँच[िरहेका] छौं। बिरामी हुँदा उपचार गर्ने पैसा छैन, छोराछो[री] पढाउनुपर्‍यो- ऋण वा सापटी खोज्ने ठाउँ छैन। आफू ... भइयो, परिवार र छोराछोरीको जीवनाधार छैन। त्यस[लाई] कसरी हल गर्ने भन्ने उपाय पनि छैन। अव कसरी यसवाट ... पाउने ?

puspas.com.np

यी सबै हाम्रो जीवनका जोखिमका अवस्था हुन् । जोखिम भनेको जीवनमा आइपर्ने समस्या हो र अझ सामान्य भाषामा तपाईंको जीवनमा आइपर्ने बाधा र अप्ठ्यारो हो । अझ जोखिमलाई हानिकै अर्थमा पनि बुझ्ने गरिन्छ तर बिमाको भाषामा यति मात्र भनेर जोखिमको अर्थ पूर्ण हुन सक्तैन । बिमामा जोखिम भनेको तपाईंको जीवनमा, व्यवसायमा, सवारी साधनमा केही हुन्छ भने पछि त्यसका बारेमा शङ्का उत्पन्न हुने र त्यसबाट मुक्त हुने अवस्था पनि हो । यसलाई जोखिमबाट मुक्तिको अवस्था पनि भनिन्छ । अर्को शब्दमा यो आर्थिक सङ्कट निम्त्याउने अवस्था हो र त्यसलाई मानिसले बीमाका माध्यमबाट अन्त्य गर्दछ । अझ जोखिमलाई परिभाषित गर्दा तपाईंले आशा गरेभन्दा फरक नतिजा देखाउने अवस्थाका सन्दर्भबाट पनि हेर्न सकिन्छ । उदाहरणका लागि तपाईं आफ्नो व्यवसायबाट नाफा कमाउँछु भनेर सोचिरहेको समयमा आगलागी भयो । यो तपाईंले आशा गरेभन्दा फरक अवस्था हो वा जोखिम हो । अझ आफ्नो बच्चाको पढाइ खर्च जुटाउँदै गर्दा तपाई निकै ठूलो दुर्घटना वा रोगको सिकार हुनुभयो । यस्तो अवस्था दुर्भाग्यवश हुन्छ र यो एउटा अप्रिय घटना हो । त्यसैले जोखिम हानिनोक्सानीको सम्भावनालाई अन्त्य गर्ने उपायको खोजी पनि हो र खतरापूर्ण अवस्थाको संयोजन पनि हो ।

**प्रश्नहरू:**

क. हाम्रो जीवन किन सधैं अप्ठ्यारोमा छ ?

ख. हाम्रो जीवनमा जोखिमका अवस्था केके हुन सक्छन् ?

ग. बीमामा 'जोखिम' भनेको के हो ?

घ. मानिसले बिमाका माध्यमबाट केकुराको अन्त्य गर्छ ?

ङ. 'जोखिम' र 'दुर्भाग्यवश' शब्दको अर्थ लेख्नुहोस् ।

## ख. बुँदाटिपोट र सङ्क्षेपीकरण (५ अङ्क)

१. **२०७७ सेट H प्र. नं. ७** तलको अनुच्छेद पढी मुख्य मुख्य चार बुँदा टिपोट गर्नुहोस् : (४)

साहित्य के हो ? थाहै नपाई साहित्यसँग मानिसको साइनो बस्दो रहेछ । केही थाहा पाउन थालेदेखि नै साहित्य मानिसलाई मन पर्न पनि थाल्दो रहेछ । यसरी साहित्य प्रिय लागिरहे पनि साहित्यको पहिचान र पारख गर्नुचाहिँ त्यति सहज र सुगम नरही चुनौतीपूर्ण नै रहँदै आएको छ । साहित्य छ र हुन्छ अनि हामी त्यसलाई केही चिन्दछौं र त्यसको प्रयोग वा उपयोग समेत गरिरहेका हुन्छौं तापनि त्यो के हो वा कस्तो हुन्छ र त्यसका के कस्ता विविध प्रकार देखिन आएका छन् भनी सोधनी गर्न लाग्नासाथ अनेक कठिनाइसँग हाम्रो जम्काभेट हुन थाल्दछ । यस्ता जिज्ञासाले साहित्यका जुन तत्त्व मिमांसातर्फ हामीलाई डोऱ्याउँछन् त्यो नै साहित्यको शास्त्र हो । वनस्पतिहरू छन् र नै वनस्पति शास्त्रको अपेक्षा भई त्यसको उठान र विकास भए जस्तै साहित्य हामीसँग भएकाले नै हामीलाई साहित्यको शास्त्र पनि चाहिने हुन्छ । शास्त्र त्यही हो, जसले साहित्यको पर्याप्त पहिचान र सही पारखका क्रममा समालोचना कर्मी वा समालोचकलाई पनि सघाउँछ । त्यसैले साहित्य शास्त्र वा साहित्य सिद्धान्तको अर्को नाउँ समालोचना सिद्धान्त पनि हो । कुनै भाषाको कुनै स्रष्टाका खास कृति वा कृतित्व बारेको समालोचना प्रायोगिक वा व्यावहारिक समालोचना हो भने साहित्यको स्वरूप, हेतु प्रकार, प्रयोजन आदि सम्बन्धी तत्त्व मिमांसाचाहिँ सैद्धान्तिक समालोचना हो, जसले सिद्धान्ततः साहित्यलाई चिनाउनुका साथै त्यसको समालोचनात्मक पारखका निम्ति सैद्धान्तिक मार्ग दर्शनमार्फत् एकल वा बहुल उपयुक्त पद्धति समेत प्रदान गरी सघाउने गर्दछ ।

२. **२०७७ सेट । प्र. नं. ७** तलको अनुच्छेदलाई एकतृतीयांशमा सङ्क्षेपीकरण गर्नुहोस् : (४)

प्राचीन समयदेखि नै पुच्छ्रेतारालाई पृथ्वी र पृथ्वीवासीहरूमा आउने अनिष्टताका पूर्व सूचक र विपत्तिका द्योतक आकाशीय पिण्डका रूपमा हेर्ने गरिएको पाइन्छ । यो अवधारणा अझै पनि विभिन्न समाजमा विद्यमान छ । विश्वमा धेरै अगिदेखि नै मानवले पुच्छ्रेताराहरूको अवलोकन गर्दै आइरहेको ज्ञात भए तापनि सन् १७०५ मा हेलीको वृहत् अनुसन्धानको परिणामस्वरुप नै पुच्छ्रेताराहरू अनिष्टताका पूर्व सूचक होइनन् र यिनीहरू पनि सौर मण्डलमा अवस्थित अन्य पिण्डहरूजस्तै सामान्य पिण्ड छन्, त्यसैले सूर्यलाई एउटा निश्चित अवधिमा परिभ्रमण गर्ने पिण्डहरूका रूपमा पुछ्रेतारालाई लिन थालियो । यसरी पुच्छ्रेताराका बारेमा जे-जस्ता अनुश्रुतिहरू रहेका भए पनि वैज्ञानिक विकासको क्रमसँगै यी भनाइहरू अन्धविश्वासमा परिणत भइसकेका छन् । वास्तवमा पुच्छ्रेतारा कुनै विशिष्ट आकार नभएको हिमकण एवम् विविध ग्याँसहरू तथा अवाष्पशील पदार्थहरूको ठोस कणहरूको समूहद्वारा संरचित एउटा फोहोर हिमपिण्ड नै हो भन्ने तथ्य प्रमाणित भइसकेको छ । आफ्नो कक्षमा परिभ्रमण गर्ने क्रममा सूर्यदेखि निकै दूरीमा रहँदा ब्रह्माण्डको शून्यताको चिसोमा जमेको पुच्छ्रेतारा शिर र पुच्छरविहीन प्रकाशयुक्त एउटा जगमगाउँदो विन्दुका रूपमा देखिन्छ । तर सूर्यको समीपमा आइपुग्दा यसको सतह तात्न पुगी यसमा निहित हिमराशि, ग्याँसहरू एवम् विद्युतीय कणहरू वाष्पका रूपमा पग्लन्छन् । त्यसपछि यसको शिर मात्र दृष्टिगोचर हुन थाल्दछ र सूर्यको विकिरण र सौर आँधीका चापले गर्दा वाष्पित हिमकण तथा ग्याँसहरू सूर्यको दिशातिर फैलिन थाल्दछन् ।

३. **२०७६ ग्रेडवृद्धि परीक्षा सेट A प्र. नं. १०** तल दिइएको विवरणका आधारमा निर्धारित ढाँचामा व्यक्तिगत विवरण लेख्नुहोस्: (५)

सरोज पराजुलीको जन्म बेलका नगरपालिका - ५, उदयपुरमा भएको थियो । २०५० साल भदौ १५ गते जन्मेका उनी पिता विष्णुप्रसाद पराजुली र माता तुलसादेवी पराजुलीको एक्ला सन्तान हुन् । हिन्दू धर्म मान्ने नेपाली नागरिक सरोज अझै अविवाहित छन् । बेलका नगरपालिका-५, बक्साहा, उदयपुर स्थायी घर भएका उनी हाल कोसी गाउँपालिका-३, कुश... सुनसरीमा अस्थायी रूपमा बस्दै आएका छन् । उनले २०६६ सालमा एस.एल.सी. र २०७१ सालमा उच्च माध्यमिक तह उत्तीर्ण गरेका छन् २०७२ सालमा पाठ्यक्रम विकास केन्द्रबाट सञ्चालित १० महिने नेपाली भाषा शिक्षण तालिम लिएका उनीसँग २०७३ सालदेखि हालसम्म प्राथमिक तहमा नेपाली विषय पढाउँदै आएको अनुभव छ । कम्प्युटरसम्बन्धी सबै आधारभूत जानकारी उनले हासिल गरेका छन् ।

४. **२०७६ ग्रेडवृद्धि परीक्षा सेट B प्र. नं. १०** तलको अनुच्छेद पढी एकतृतीयांश शब्दमा सङ्क्षेपीकरण गर्नुहोस् : (५)

फेसबुक जस्ता सामाजिक सञ्जालका साइटले धेरैका बिछोडिएका र टाढिएका साथीभाइहरूसँग भेट गराइदिएको छ र यसैका कारण कतिको भर्खर सुरु भएको वैवाहिक जीवन र परिवारबाट बिछोड गराउने अवस्था पनि निम्त्याएको छ । सूचना प्रविधिको सही उपयोग गर्नु र फाइदा उठाउनु पर्नेमा

आफ्नै चेलीबेटी र निर्दोष युवायुवतीको चरित्रहत्या गर्ने जस्ता अपराध पनि भएका देखिन्छन् । यसतर्फ सबैले सोच्नुपर्ने हुन्छ । नेपालमा लागु गरिएको साइबर अपराधसम्बन्धी कानुनद्वारा अपराधीहरू पत्ता लगाई कारवाही गर्नुपर्दछ । सञ्चारको पहुँचको दुरुपयोग गर्ने अपराधीलाई न्यायको कठघरामा उभ्याउनुपर्दछ । विकासोन्मुख र साधनस्रोतको कमी भएको हाम्रो जस्तो मुलुकमा यो काम कम चुनौतीको विषय होइन तापनि यसतर्फ समयमै ध्यान जानु जरुरी छ । यस्ता अपराध निराकरण गर्नका लागि र निर्दोषलाई न्याय प्रदान गर्नका लागि सामाजिक सञ्जाल प्रयोगकर्ताहरू आफू सजग हुनुपर्ने त छँदै छ, सरकारले पनि साइबर अपराधसम्बन्धी कानुनलाई मजवुत र आधुनिक वनाई साधन स्रोतसम्पन्न गराउनु आवश्यक देखिन्छ ।

५. **२०७६ प्र.नं. १०** तलको अनुच्छेदवाट मुख्य मुख्य कुरा नछुटाई पाँचओटा बुँदा टिप्नुहोस् : (५)

पृथ्वीको उत्पत्ति करिव ४ अर्व ५० करोड वर्षअघि भएको अनुमान गरिन्छ भने पृथ्वीमा पहिलो जीवको उत्पत्ति करिव ३ अर्व ५० करोड वर्षअघि भएको मानिन्छ । पृथ्वीमा पहिलो जीवको उत्पत्ति भएको करिव १० करोड वर्षपछि हरित कण अर्थात् क्लोरोफिल भन्ने रङद्रव्य (पिग्मेन्ट) युक्त एक कोषीय जीवको विकास भयो । यसैलाई हामी हाल वनस्पति भन्छौं । यिनै हरित कणले गर्दा वनस्पति हरियो रङका भएका हुन् । हरित कणको मद्दतवाट वनस्पतिले फोटोसिन्थेसिस भनिने जैविक प्रक्रियाद्वारा सौर ऊर्जालाई मानिसलगायत पृथ्वीका सम्पूर्ण प्राणी जगत्ले वाँच्न उपयोग गर्ने रासायनिक ऊर्जामा परिणत गर्छ । तसर्थ पृथ्वीका सम्पूर्ण प्राणीको अस्तित्व अन्ततः वनस्पति र तिनमा निहित फोटोसिन्थेसिस प्रक्रियामा भर पर्छ । समयक्रममा एक कोषीय हरित कणयुक्त जीववाट फूल फुल्ने र फूल नफुल्ने जातका विविध प्रजातिका वहुकोषीय वनस्पतिको विकास भएको हो । सवै प्रकारका वनस्पतिमध्ये फूल फुल्ने जातको वनस्पति सवैभन्दा विकसित, ठूलो र प्रधान समूहभित्र पर्दछ । यो लगभग १२ करोड वर्षअघि देखा परेको थियो ।

६. **२०७५ ग्रेडवृद्धि परीक्षा प्र.नं. १०** तलको अनुच्छेदलाई एक तृतीयांशमा सङ्क्षेपीकरण गर्नुहोस् : (५)

देशको विकासमा युवाशक्तिको महत्त्वपूर्ण भूमिका रहन्छ । युवाहरू देशका कर्णधार हुन् । युवाहरूलाई शिक्षादीक्षा प्रदान गरी सवल तुल्याएर उनीहरूलाई राष्ट्रनिर्माणको जिम्मेवारी सुम्पनु आवश्यक छ । देशमा रहेको युवाशक्ति सवल नेतृत्व र दिशानिर्देशको अभावमा त्यसै खेर गइ रहेकाले स्पष्ट नीतिको आवश्यकता महसुस भएको छ । वर्तमान समयमा देखा परेको विकृतिले युवाशक्तिलाई समेत प्रभाव पारेको छ र उनीहरू अन्धो वनेर विकृतिकै दलदलमा फसिरहेका छन् । मादक पदार्थ सेवन, मद्यपान, धुम्रपानजस्ता कुलत तथा दुर्व्यसनमा फसेर युवाशक्तिले आफ्नो समयलाई त्यसै वर्वाद पारिराखेको तथ्य हाम्रा सामु प्रष्टै छ । यसप्रकार कुलतमा फसेर कुवाटोमा हिँडेका युवावर्गलाई सही मार्गमा ल्याउनु हामी सबैको जिम्मेवारी पनि हो । यसका लागि स्पष्ट नीति वनाएर युवाहरूलाई राष्ट्र निर्माणको मूल धारमा ल्याउनु आवश्यक छ ।

७. **२०७५ सेट A प्र. नं. १०** तलको अनुच्छेदवाट मुख्य मुख्य ५ वटा बुँदाटिपोट गर्नुहोस् । (५)

लोकतन्त्रमा सूचनाका माध्यमहरूको व्यवस्थापन कसले र कसरी गर्ने भन्ने विषयमा खास सैद्धान्तिक विवाद छैन तर व्यावहारिक प्रयोगमा भने विभिन्नता पाइएका छन् । लोकतान्त्रिक देश... समेत प्रसारण माध्यमको व्यवस्थापन सरकारका तर्फवा... परिपाटी अझै पनि नभएको होइन तर छापा माध्यम भने... सरकारद्वारा सञ्चालन हुने गर्दैनन् । नेपालमा भने अहिले... छापा माध्यम सरकारले चलाइरहेको छ । लोकतन्त्रको स्थापना हुनुभन्दा पहिले सूचना प्रवाहको परिपाटी नियन्त्रणा... र निर्देशनमुखी थियो । अपेक्षाकृत स्वतन्त्र रूपमा सूचना खोज्ने निजी क्षेत्रका माध्यमहरू समेत सरकारका तर्फ... वारम्वार प्रताडित र प्रतिवन्धित हुने अवस्था थि... लोकतन्त्रको स्थापनाले यस परिपाटीमा व्यापक र आधा... परिवर्तन ल्यायो । परिणामस्वरूप निजी क्षेत्रका स... माध्यमहरू माथिको नियन्त्रित परिपाटी समाप्त गरं... सरकारी संस्थाहरूवाट सूचनाको प्रवाह गर्ने परिपाटीमा ... गरेअनुसारको गुणात्मक परिवर्तन भने आउन सकेको देखि... जे जति परिवर्तन देखिन्छ त्यो व्यवस्थित वैज्ञानिक सुधा... कारण नभएर व्यापक राजनीतिक परिवर्तनका कारण हुन पु... स्वभाविक परिणाम जस्तो मात्रै अनुभव हुन्छ ।

८. **२०७५ सेट B प्र. नं. १०** तलको अनुच्छेद पढी मुख्य मुख्य ... बुँदा टिप्नुहोस् :

प्रत्येक समाजका आआफ्नै मूल्य मान्यताहरू र व्यवहार... रहेका हुन्छन् । विभिन्न व्यवहारमध्ये मानव जीवन... नकारात्मक असर पार्ने व्यवहारलाई विकृति भन्न सकिन्छ... समाजमा विद्यमान अनेक विकृतिहरूमध्ये एउटा गम्भीर विकृ... लागु पदार्थको दुर्व्यसन हो । यस्तो दुर्व्यसनले नेपाली ... युवतीहरूको जीवन वर्वाद पारिरहेको छ । मुलुकको स... जनशक्ति गुमाई रहेको छ भने अनेक परिवारलाई कष्ट ... रहेको छ । विभिन्न परिवारका सदस्यहरू लागु पदार्थ... कुलतमा फसेर जीवन र मृत्युको दोसाँधमा पुगेका छन् । मन्दि... पार्क, वगैँचा, रेस्टुराँ आदि सार्वजनिक स्थलमा युवायुवती... नसामा झुमिरहेका हुन्छन् । यसो हुनुमा परिवारले आफ्... सन्तानको क्रियाकलाप तथा वानी वेहोरामाथि निगरानी ... नसक्नु हो भने अर्कातर्फ प्रयोगकर्ता आफ्नो जीवनप्रति सचे... हुन नसक्नु हो । लागु पदार्थको कुलतबाट मुक्त गराउन सकिए... भने त्यसले व्यक्ति, परिवार तथा समाजलाई नै नष्ट ... सक्छ । तसर्थ सबैले सामूहिक प्रयत्नवाट दुर्व्यसनलाई वहिष्का... गर्ने अवस्था निर्माण गर्नुपर्दछ ।

९. **२०७४ पूरक प्र. नं. १०** तलको अनुच्छेद पढी मुख्य मुख्य पाँ... बुँदाटिपोट गर्नुहोस् :

नेपालमा अपार जलस्रोत छ, तर त्यसको केही अंश पनि उपयो... हुन सकेको छैन । राजधानीलगायत कैयन ठूला सहर ... गाउँहरूमा समेत खानेपानीको अभावमा वस्तीहरू काकाकुल... परिणत हुँदै गइरहेका छन् । नेपालमा कतिपय क्षे... विजुलीबत्तीवाट वञ्चित रहेका छन् । ब्राजिलपछि दोस्रो ध... राष्ट्र मानिने नेपालमा जलस्रोतको दोहनका दिशामा पाइल... वढ्न नसक्नु मुटु चिमोट्ने विषय भएको छ । एक्काइस... शताव्दीको विकास यात्रामा लम्किरहेका अन्य देशसँग गा... मिलाउन जलस्रोत नेपालका लागि वरदान हुन सक्ने यथार्थ भ... तापनि अपेक्षाकृत दिशामा सामयिक कदम सधैं आकाशको फ... वन्दै आएको छ । निश्चय नै मुलुकको अर्थतन्त्र केही कमजो... छ, सरकारी प्रयासले मात्र जलशक्ति सदुपयोग गर्न नसकिए... तर जनता, निजीक्षेत्र र राज्यको दिगो प्रतिवद्धता भए... जलस्रोतमार्फत् राष्ट्रले कायापलट गर्ने कुरामा कसैमा विमति... नहोला ।

puspas.com.np

puspas.com.np

१०. **२०७४ प्र. नं. १०** तलको अनुच्छेदलाई एकतृतीयांश शब्दमा सङ्क्षेपीकरण गर्नुहोस् : (५)

हाम्रा वरिपरि रहेका सबैथरीका बोटबिरुवा, रुख, लहरा, घाँसपात आदिलाई बुझाउने साझा नाउँ वनस्पति हो। संसारमा फूल फुल्ने र नफुल्ने गरी दुई प्रकारका वनस्पतिहरू छन्। नेपालमा पनि यी दुवै थरि वनस्पति पाइन्छन्। नेपाल भौगोलिक विविधता भएको देश हुनाले यहाँ फरकफरक किसिमको हावापानी छ र सोहीअनुसार यहाँ विभिन्न किसिमका वनस्पति पाइन्छन्। नेपालका तराई, भावर, दुन र चुरे क्षेत्रमा उपोष्ण प्रदेशीय सदाबहार जङ्गल छ। समुद्री सतहदेखि एक हजार दुई सय मिटरसम्मको उचाइमा रहेको जङ्गल नै उपोष्ण प्रदेशीय सदा बहार जङ्गल हो। यो ज्यादै घना हुन्छ। एक हजार दुई सय मिटरभन्दा माथि करिब दुई हजार एक सय मिटरसम्मको उचाइमा उम्रने रुखबाट बनेको जङ्गललाई समशीतोष्ण पतझर जङ्गल भनिन्छ। यो पहाडी जङ्गल हो। यो त्यति बाक्लो हुँदैन। समुद्री सतहबाट तीन हजार मिटरभन्दा उच्च भागमा पाइने वनस्पतिलाई हिमाली वनस्पति भनिन्छ। यस्ता वनस्पति रहने ठाउँको तापक्रम वर्षभरि नै शून्य डिग्री सेल्सियसभन्दा पनि न्यून हुन्छ।

११. **२०७३ पूरक प्र. नं. १०** तलको अनुच्छेदबाट मुख्यमुख्य पाँच बुँदाटिपोट गर्नुहोस् : (५)

'विश्वको सर्वोच्च शिखर सगरमाथा र नेपालको पहिचान तथा विशेषता' हामीले सुन्दै आएका छौं। यहाँ रारा, फोक्सुन्डो, च्छोरोल्पा, दुधपोखरीजस्ता सयौं रमणीय र महत्त्वपूर्ण हिमतालहरू रहेका छन्। यी हिमतालहरूले धेरै मात्रामा पानी सञ्चय गर्ने तथा तल्लो तटीयक्षेत्रमा जलमा आश्रित पारिस्थितिकीय प्रणालीको बचाउ गर्ने भएकोले वातावरणीय प्रणालीमा यिनीहरूको भूमिका महत्त्वपूर्ण छ। विगत केही वर्षदेखि विश्वमा 'जलवायु परिवर्तन' नामक समस्याले गम्भीर प्रभाव पारेको छ। यो किन भयो ? मानवले निर्माण गरेका स्रोत साधनद्वारा प्रकृतिमा गम्भीर प्रभाव पारेकाले नै यो चुनौती देखिएको हो। जलवायु परिवर्तनले अत्यधिक प्रभावित हिमतालहरूको अस्तित्वका बारेमा गम्भीर बहसहरू भएका छन् साथै अनेकौं अध्ययन र निष्कर्ष निकालिएका छन्। ओहो ! नेपालमा मात्रै करिब २०० भन्दा बढी हिमतालहरू ध्वस्त हुने स्थिति रहेको छ भने केहीको अस्तित्व धेरै अघिदेखि समाप्त भइसकेको छ। यी तालहरू नष्ट भए भने त्यसले भयानक वातावरणीय समस्या निम्त्याउँछ। यसबाट जैविक विविधता तथा मानवीय संरचनामा पर्ने असरको सीमा बढ्दै गइरहेको छ।

१२. **२०७३ प्र. नं. १०** तलको अनुच्छेदलाई एक तृतीयांश शब्दमा सङ्क्षेपीकरण गर्नुहोस् : (५)

जीवहरू तापक्रमसित निकै सम्बन्धित हुन्छन्। तापक्रम घट्ने तथा बढ्ने क्रमको प्रभाव जीवहरूका भौतिक प्रक्रियामा पनि पर्छ। तीव्रगतिमा बदलिएको हावापानीमा जीवहरूका भौतिक प्रक्रियाहरू मिल्न सक्दैनन्। त्यसैले जीवहरू लोप हुने क्रम तीव्रगतिमा बढेको छ। जस्तै: कोस्टारिकाको स्थानीय क्षेत्रमा पाइने लगभग ४० प्रतिशत उभयचरहरू सधैंको लागि लोप भएका छन्। मेक्सिकोको जङ्गलभित्र एदिथको चेकपोस्ट नामको पुतलीको झुन्ड नै हराएको छ र त्यो क्यानडाको जङ्गलभित्र फेला परेको छ। दक्षिण अमेरिकाको कोलम्बियामा मलेरिया रोगका वाहक लामखुट्टेहरू २,२०० मिटरसम्म उचाइ भएका स्थानहरूमा समेत देखापर्न थालेका छन्। ती लामखुट्टेहरू प्राय: १,००० मिटरभन्दा माथिको उचाइमा बाँच्न सक्दैनन्। यसैगरी नेपालका पहाडी भेकहरूमा हिजोआज लामखुट्टे देखापरेको चर्चा सुन्न पाइन्छ। विभिन्न फूलहरू समयभन्दा पहिल्यै फुल्न थालेको अनुभव वनस्पतिविज्ञ बताउँछन्। ती सबै परिणामहरू सजीवहरूले बाँच्नका लागि उपयुक्त ठाउँ खोज्ने क्रमका प्रतिफलहरू हुन्। त्यसैले पृथ्वी तातोले सजीवहरू आफ्नो वंश जोगाउन सङ्कटको सामना गर्दै उपयुक्त वासस्थानको खोजीमा छन्।

१३. **२०७२ पूरक प्र. नं. १०** तलको अनुच्छेदबाट मुख्यमुख्य पाँच बुँदाटिपोट गर्नुहोस् : (५)

हाम्रो समाजमा विद्यमान् अनेक विकृतिहरूमध्ये एउटा गम्भीर विकृति लागुपदार्थको दुर्व्यसन हो। लागुपदार्थ दुर्व्यसनले आज नेपाली समाजका युवापिंढीलाई नराम्रोसँग गाँज्दै लगिरहेछ। दिन प्रतिदिन समाजमा मौलाउँदै गएको यस विकृतिबाट अनेक युवायुवतीहरूले आफ्नो अमूल्य जीवन बर्बाद पारिरहेछन्। मुलुकले सक्षम जनशक्ति गुमाइरहेको छ भने अनेक परिवारलाई नष्ट गरिरहेछ। आज हाम्रै वरिपरि विभिन्न परिवारका सदस्यहरू लागुपदार्थको कुलतमा फसेर जीवन र मृत्युको दोसाँधमा पुगेको देख्न सक्छौं। कोही मृत्युसँग लडि रहेको हुन्छ त कसैले जीवन नै गुमाइसकेको हुन्छ। आजकल हामी मन्दिर, पार्क, बगैंचा, रेष्टुराँ आदि सार्वजनिक स्थलमा युवायुवतीहरू नशामा झुमिरहेको देख्न सक्छौं। यस्तो किन भई रहेछ ? किन कुनै पनि परिवारले आफ्ना सन्तानको क्रियाकलाप र बानीबेहोरामाथि निगरानी गरिरहेको छैन ? सामाजिक, पारिवारिक पृष्ठभूमिले वा परिवारको ध्यान नपुग्नाले उनीहरू त्यतातिर आकृष्ट भएका त होइनन् ? जेहोस् परिवारमा सन्तानप्रति उचित नियन्त्रण र निगरानीको अभाव, साथीहरूको सङ्गत, खुला परिवेश, सञ्चार माध्यमको बढ्दो प्रभाव, नक्कल गर्ने प्रवृत्ति आदि कारणले कुलतमा लागेका युवायुवतीलाई जोगाउने पहिलो दायित्व परिवारको नै हो। परिवारले केटाकेटीहरूको क्रियाकलाप, उनीहरूको व्यवहारमा आएको परिवर्तनका कारणहरू, उनीहरूका साथीसंगी र तिनको पृष्ठभूमि आदिबारे समयमै जानकारी राख्ने गरेमा धेरै हदसम्म उनीहरूलाई कुलतबाट बचाउन सकिन्छ।

१४. **२०७२ प्र. नं. १०** तलको अनुच्छेद पढी मुख्यमुख्य पाँच बुँदाटिपोट गर्नुहोस् : (५)

कुनै पनि आन्दोलनलाई मार्गदर्शन गर्ने निश्चित विचार, सिद्धान्त र प्रतिबद्धताको आवश्यकता पर्छ। अहिले महिलाअधिकार र समानताका लागि हिंसा र अशान्ति होइन, सम्झौताको आन्दोलनबाट समाधान खोज्नुपर्छ। महिलामाथि नकारात्मक रूपमा पारिएको सामाजिक प्रभावलाई परिवर्तन गराउनुपर्दछ। प्रत्येक महिलाले आफूमाथि परेको अन्याय, अत्याचार र शोषणबाट आफ्नो हक, अधिकार र कर्तव्यप्रति सचेत हुने अभियानमा निरन्तर, वैचारिक र व्यावहारिक रूपमा लागि रहनु नै 'नारीवाद' हो। यो अभियानमा महिला मात्र होइन, पुरुषहरू पनि सामेल भएर सहयोग गर्नु आवश्यक छ। महिलाहरू आफैं उत्पीडनको सिकार भएका हुन्छन्। उनीहरूले अत्याचार र शोषणको भुक्तमान सहेका हुन्छन् भने पुरुषहरूले महिलामाथि परेको त्यो शोषण अनुभूत गरेका हुन्छन् तर त्यो शोषण र भुक्तमानका कारक पुरुषहरू होइनन्। त्यसको कारक भनेको हाम्रो सामाजिक संरचना हो जसका आधारमा मूल्य र मान्यताहरू निर्धारित भएका छन्। समाजले महिला र पुरुषलाई लैङ्गिक विभेदका नाममा उनीहरूका जिम्मेवारी र दायित्व पनि

puspas.com.np

फरकफरक बनाइदिएको छ, जसले महिलाहरूमाथि सधैं गलत प्रभाव पारिरहेको छ तर नारीवादी आन्दोलन भनेर आज पूर्वीय र पाश्चात्य जगत्‌मा प्रशस्त भनाइहरू सुन्ने गरिन्छ र नारीवादलाई भिन्नभिन्न रूपमा बुझ्दै र बुझाउँदै आएको पनि पाइन्छ ।

१५. [२०७२ सेट E प्र. नं. १०] तलको अनुच्छेदबाट मुख्यमुख्य पाँच बुँदाटिपोट गर्नुहोस् (५)

कवि स्रष्टा हो, ऊ सृष्टि गर्छ । सय पङ्क्तिमा लेख्दा पनि जुन कुरा भन्न सकिदैन, कविले त्यसलाई एकै पङ्क्तिमा अझ राम्ररी भन्न सक्तछ । प्रभातका एकै किरणमा सारा रङ्ग र रूपको कस्तो रमाइलो ढोका उघ्रन्छ । एक धर्के प्रिया मुस्कानमा सम्पूर्ण प्रीति प्रकट हुन्छ । आमाको एउटै काखमा आशीर्वादका अनन्त फूलहरू फक्रिन्छन् । स्रष्टाको कलाको तेस्रो आँखाले अर्कै रूप र अर्कै अभिप्राय देख्दछ । एक जना अन्तरिक्ष यात्रीले भनेका थिए- यहाँबाट मैले सृष्टि सौन्दर्यको जो विचित्र रङ्ग र आभा देखेको छु, त्यसको वर्णन म गर्न सक्तिनँ, यसका निम्ति त कवि नै चाहिन्छ । सृष्टिमा जे जति छ, त्यति नै यति विचित्र छ कि त्यसको भाषा पाइँदैन, परन्तु कविका विचित्र वाणीमा त्यसको महिमा मुखरित हुन्छ । वैशाखी रातमा कुहुकुहु गर्दै कोइली मानौं विस्मय र आश्चर्यमा परी पखेटा खोलेर उड्छे र वसन्तलाई बोलाउँछे । विहानीपख सूर्यका किरणहरू जसरी छिरविराएर आउन थाल्दछन्, त्यसरी नै धोबिनी चरीका कलकण्ठबाट उसका चिरविर वाणीहरू चिरविराउन थाल्छन्,- जहाँ अरु एक शब्द पनि बोल्न सक्तैनन, त्यही कवि सहस्र र सरल, सुन्दर शब्द बोल्न सक्तछ ।

१६. [२०७१ पूरक प्र. नं. १०] तलको अनुच्छेद पढी मुख्यमुख्य पाँच बुँदाटिपोट गर्नुहोस् : (५)

लोकतन्त्र आफैं एउटा यस्तो सञ्चार व्यवस्था हो जसमा जनताले आफ्ना विचार र दृष्टिकोण खुलस्त रूपमा र व्यवधानरहित ढङ्गले राख्न पाउने मात्र होइन, अरूका विचार र दृष्टिकोणलाई पनि जान्न पाउने हक राख्तछ । सूचनामाथि हामी जति बढी अधिकार राख्न सक्छौं त्यति नै मात्रामा हामी छिटो र सजिलै सत्यको नजिक पुग्न सक्छौं । अन्यथा सूचनाको अभावले हामीलाई समस्या ग्रस्त मात्र होइन, उदासीन र कर्म शून्य समेत बनाउंछ । निश्चय नै लोकतन्त्र पनि समस्यारहित व्यवस्था होइन । समस्यालाई स्वीकार गर्ने, समाधान गर्ने र नयाँ समस्यासँग जुध्न तयार रहने खुला र मुक्त परिपाटी नै लोकतान्त्रिक विधि हो । यी सबै कुरा सूचनाको निर्वाध प्रवाहले मात्रै गर्न सक्छ । त्यसैले लोकतन्त्रमा सूचनाको प्रवाहलाई ज्यादै गम्भीर र उच्च महत्त्व दिइन्छ ।

१७. [२०७१ प्र. नं. १०] तलको अनुच्छेदलाई एक तृतीयांशमा सङ्क्षेपीकरण गर्नुहोस् : (५)

लोकतन्त्रात्मक व्यवस्था संवैधानिक रूपमा अत्यन्त सरल तर अभ्यासका दृष्टिले जटिल र घुमाउरो हुन्छ । लोकतन्त्र आफैं एउटा यस्तो सञ्चार व्यवस्था हो जसमा जनताले आफ्ना विचार र दृष्टिकोण खुलस्त रूपमा र व्यवधानरहित ढङ्गले राख्न पाउने मात्र होइन, अरुका विचार र दृष्टिकोणलाई पनि जान्न पाउने हक राख्तछ । सूचनामाथि हामी जति बढी अधिकार राख्न सक्छौं त्यति नै मात्रामा हामी छिटो र सजिलै सत्यको नजिक पुग्न सक्छौं । अन्यथा सूचनाको अभावले हामीलाई समस्याग्रस्त मात्र होइन, उदासीन र कर्मशून्यसमेत बनाउंछ । निश्चय नै लोकतन्त्र पनि समस्या रहित व्यवस्था होइन । समस्यालाई स्वीकार गर्ने, समाधान गर्ने र नयाँ समस्यासँग जुध्न तयार रहने खुला र मुक्त परिपाटी नै लोकतान्त्रिक विधि हो । यी सबै कुरा सूचनाको निर्वाध प्रवाहले मात्रै गर्न सक्छ । त्यसैले लोकतन्त्रमा सूचनाको प्रवाहलाई ज्यादै गम्भीर र उच्च महत्त्व दिइन्छ ।

१८. [२०७० प्र. नं. १०] तलको अनुच्छेदलाई एक तृतीयांशमा सङ्क्षेपीकरण गर्नुहोस् :

राष्ट्रनिर्माणका काममा महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा सञ्चार राष्ट्रको चौथो अङ्ग मानिन्छ । सञ्चार माध्यमकै कारण व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वको चौतर्फी विकास सम्भव हुँदा यिनको ठूलो जिम्मेवारी रहेको देखिन्छ । अहिले विश्व जेजस्तो उन्नति भइरहेको छ त्यसमा सञ्चार माध्यमको विशेष भूमिका रहेको छ । यसले विशाल विश्वलाई ज्यादै सा तुल्याइदिएको छ । यसकै सहयोग लिई मानिस घरमै ब ठूलाठूला कामहरू गर्न सफल भएको छ । त्यसैले अहिले सञ्चार माध्यमहरू मानिसका लागि वरदान सावित भएका छ सञ्चार माध्यमहरूबाट प्रसारित एवम् प्रकाशित समाचार तथ्यमा आधारित हुनुपर्दछ र ती कुनै पनि देशको राष्ट्रियतामा सङ्कट निम्त्याउने र विश्वलाई नै युद्धमैदानमा परिण गराइदिने खालका कदापि हुनुहुँदैन । सञ्चार माध्यमकै कारण वेलावेलामा ठाउँठाउँमा सामाजिक सद्भाव खलवलिने राष्ट्रराष्ट्रका बीचमा द्वन्द्व चर्किने गरेको पनि देखिएको छ तथ्यहीन सामग्रीका कारण संसारमा डरलाग्दो उथलपुथल हु सक्ने भएकाले त्यसतर्फ यी बढी जिम्मेवार हुनुपर्ने देखिन्छ ।

१९. [२०६९ प्र. नं. १०] तलको अनुच्छेद पढी मुख्यमुख्य पाँच बुँदाटिपोट गर्नुहोस् : (५

नेपालको शिक्षाक्षेत्र सधैं अस्तव्यस्त रहन विवश बन्दै आएको छ । जुनसुकै आन्दोलनको पहिलो तारो बन्ने शिक्षा क्षेत्र य धरमर रहेको छ भने आफूभित्रै भएका विकराल समस्या यसलाई झन् थला बसाउँदै आएको पाइन्छ । तसर्थ गुणात्म शिक्षाको नारा जतिसुकै फलाक्ने परिपाटी रहे पनि स्थिति चा अत्यन्तै नकारात्मक बन्दै गइरहेको छ । यो राष्ट्रका लागि राम्रो सङ्केत होइन । आजको समयमा राष्ट्रिय मात्र होइ अन्तर्राष्ट्रिय शिक्षानीति हुनु आवश्यक छ । यसका लागि सरकार विद्यालय सञ्चालक, शिक्षक, विद्यार्थी र अभिभावक सबैको एउटै उद्देश्य हुनुपर्दछ । यहाँका शैक्षिक संस्थाबाट उत्पादित जनशक्तिले विश्वको कुनै पनि कुनामा गएर अन्य देशबाट आएकाहरूसित प्रतिस्पर्धा गर्न सकोस् । यसका लागि सम्बन्धित पक्षले गहन ज्ञान र सीप दिनुपर्ने हुन्छ । तर नेपालको वर्तमान शैक्षिक स्थितिलाई हेर्दा सबै पक्ष गैरजिम्मेवार भएको देखिन्छ । विद्यालय सञ्चालक र मुनाफा, सरकार र निष्क्रियता, शिक्षक र राजनीति, अभिभावक र मौनता यी सबै एकअर्काका पर्याय त होइनन् ? यसतर्फ सबै पक्षले गम्भीर चिन्तन गर्नुपर्ने अवस्था आइसकेको देखिन्छ ।

## एकाइ २: अनुच्छेदलेखन, पत्र रचना र व्यावहारिक लेखन (कुनै एक प्रश्न) (५ अङ्क)

१. [२०७६ ग्रेडवृद्धि परीक्षा सेट A प्र. नं. ११]

क. तपाईंको गाउँघरमा आजसम्म पनि विजुली पुग्न नसक्दा त्यसबाट पैदा भएका समस्याप्रति सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदै स्थानीय पत्रिकाका सम्पादकलाई चिठी लेख्नुहोस् । (५

ख. हावाहुरीका कारण पोलहरू ढल्न गई विद्युत आपूर्ति बन्द भएको विषयबारे सर्वसाधारणलाई जानकारी गराउन स्थानीय विद्युत प्राधिकरण कार्यालयले तयार पार्ने एउटा सूचना लेख्नुहोस् । (५

[२०७६ ग्रेडवृद्धि प

२. क. आफ्नो घर विजु विद्युत् प्राधिकरण

ख. भर्खरै बजारमा गर्दै एउटा आक

३. [२०७६ प्र.नं. ११]

क. आफ्नो टोल, त्यसबाट उत्पन्न गोरखापत्र रा लेख्नुहोस् ।

ख. नेपालमा सञ्च लागि सम्बन्धि पार्नुहोस् ।

४. [२०७५ ग्रेडवृद्धि

क. तपाईंको टोल परेको समस्य ध्यानाकर्षण लेख्नुहोस् ।

ख. कक्षा १२ प्रकाशकका

५. [२०७५ सेट A

क. सृजनशील काठमाडौँला पत्रको नमुन

ख. आफ्नो विद्य निकालिने नाम श्रेयम

६. [२०७५ सेट

क. 'विद्युत चुह गरी गोरखा

ख. भर्खरै बज व्यापार प्र पार्नुहोस् ।

७. [२०७४ पूरक

क. विद्युत् ब कम प्रयोग सर्वसाधार गर्नुहोस् ।

ख. आफ्नो ट सम्बद्ध नि पत्रिकाका

८. [२०७४ प्र.

क. 'सवारी गरी गोर

ख. नेपालका गरी उत उत्पादक तयार प

puspas.com.np

२. **२०७६ ग्रेडवृद्धि परीक्षा सेट B प्र. नं. ११**

क. आफ्नो घर बिजुलीको लाइन जडान गरिदिनु अनुरोध गर्दै नेपाल विद्युत् प्राधिकरणलाई सम्बोधन गरी एउटा निवेदन लेख्नुहोस्। (५)

ख. भर्खरै बजारमा आएको नयाँ मोटर साइकलको विशेषता उल्लेख गर्दै एउटा आकर्षक विज्ञापनको नमुना तयार पार्नुहोस्। (५)

३. **२०७६ प्र.नं. ११**

क. आफ्नो टोल, बस्तीमा खानेपानीको उचित प्रबन्ध हुन नसक्दा त्यसबाट उत्पन्न समस्याप्रति सम्बद्ध पक्षको ध्यानाकर्षण गराउँदै गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकाका सम्पादकलाई चिठी लेख्नुहोस्। (५)

ख. नेपालमा सञ्चालन हुन लागेको पानी जहाजको प्रचार-प्रसारका लागि सम्बन्धित कार्यालयले गर्ने विज्ञापनको नमुना तयार पार्नुहोस्। (५)

४. **२०७५ ग्रेडवृद्धि परीक्षा प्र.नं. ११**

क. तपाईंको टोल छिमेकमा भत्केका सडक मर्मत नहुँदा भोग्नु परेको समस्या जनाई समाधानका लागि सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउन आग्रह गरी सम्पादकलाई एउटा चिठी लेख्नुहोस्।

ख. कक्षा १२ को कुनै एउटा पाठ्यपुस्तकको बिक्रीका लागि प्रकाशकका तर्फबाट गरिने विज्ञापनको नमुना बनाउनुहोस्।

५. **२०७५ सेट A प्र. नं. ११**

क. सृजनशील पुस्तक पसल गुल्मीका तर्फबाट साझा प्रकाशन काठमाडौंलाई किताब पठाइदिन अनुरोध गर्दै लेख्ने व्यावसायिक पत्रको नमुना लेख्नुहोस्। (५)

ख. आफ्नो विद्यालयमा आयोजना हुने 'कविता महोत्सवका' लागि निकालिने सूचनाको नमुना तयार गर्नुहोस्। (मानौं तपाईंको नाम श्रेयम हो र विद्यालयको नाम भानुभक्त मा.वि. हो।) (५)

६. **२०७५ सेट B प्र. नं. ११**

क. 'विद्युत चुहावट' का विषयमा सम्बन्धित पक्षको ध्यानाकर्षण हुने गरी गोरखापत्र राष्ट्रिय दैनिकका सम्पादकलाई चिठी लेख्नुहोस्।

ख. भर्खरै बजारमा आएको 'हर्बल टी' वा 'जडिबुटी चिया' को व्यापार प्रवर्धनका लागि आकर्षक विज्ञापनको नमुना तयार पार्नुहोस्।

७. **२०७४ पूरक प्र. नं. ११**

ई. "संसार भरैभरमा अडेको छ" भन्नुको तात्पर्य के हो ?

उ. यस कथांशको मूल आशय के हो ?

१६. [२०७१ प्र. नं. १५ख] तलको कथांश पढी सोधिएका प्रश्नको एक, दुई वाक्यमा उत्तर दिनुहोस् :

शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ ? दुनियाँमा कोही पनि मित्र हुँदैनन्, सवै शत्रु, सवै वैरी नै हुन्छन् । कस्तो अचम्म... निर्दोष कुरामा पनि विषालु साप जस्तो वैरी वनाउने साधन... लुकिरहेको देखिन्छ ।

**प्रश्नहरू:**

अ. यस अंशमा भनिएको घटना कसको जीवनमा घटेको हो ?

आ. शत्रुताको सम्वन्ध किन व्यापक हुन्छ ?

इ. दुनियाँमा किन शत्रु मात्र हुन्छन् भनिएको हो ?

ई. 'निर्दोष कुरामा पनि विषालु साँप जस्तो वैरी वनाउने माध्यम लुकिरहेको हुन्छ' भन्नुको तात्पर्य के हो ?

puspas.com.np

उ आफूलाई अजात शत्रु ठान्ने यस कथांशका पात्रले पछि किन सबैलाई शत्रु ठान्न पुगे ?

९. **२०७० प्र. नं. १५ख** तलको कथांश पढी सोधिएका प्रश्नको एक, दुई वाक्यमा उत्तर दिनुहोस् : (५)

किसानहरू सबै कुरा सहन सक्छन् परन्तु वस्तुलाई अर्काले दया छोडेर कुटेको सहन सक्दैनन्। बिउबाट धपाइन्जेल त गुमाने केही बोलेको थिएन, परन्तु जब कुट्न लाग्यो अनि गुमानेको रिसको सीमा रहेन। असार महिनाका दिनभर जोत्नुपर्ने गोरु, उसमाथि पसेका मात्र थिए, उति नोक्सान गरेका थिएनन्। जुरुक्क उठेर भन्यो- "बिउ नोक्सानी गरेको छ भने अर्मल ले, असारका गोरु किन कुट्छस् ए धनजिते !"

**प्रश्नहरू**

अ. किसानहरू किन आफ्ना वस्तुलाई अर्काले कुटेको सहन सक्दैनन् ?

आ. गुमानेको रिसको सीमा किन रहेन ?

इ. गुमाने र धनजितेका बीच झगडा हुनाको कारण के हो ?

ई. असारका गोरु किन कुट्नुहुँदैन ?

उ. 'सीमा' र 'अर्मल' शब्दको अर्थ लेख्नुहोस्।

१८. **२०६९ प्र. नं. १५ख** तलको कथांश पढी सोधिएका प्रश्नहरूको एक, दुई वाक्यमा उत्तर दिनुहोस् : (५)

नभन्दै त्यसको भोलिपल्ट बेलुकी आमाले मेरो हातमा घोडा ल्याएर दिनुभयो- सानोसानो निरपानी रङ्गको सुन्दर वायुपङ्खी घोडा तर प्लास्टिकको। मेरो मन केही खिस्रिक्क भयो। ख्याल ख्यालको गौरीसँग बाइस्कल नै छ नि। तर तत्कालै मेरो मनमा अभिमान आयो- कहाँको घोडा कहाँ त्यस्तो जाबो बाइस्कल। अब रह्यो साँच्चिको र ख्यालख्यालको, साँच्चिको घोडा त ऊ त्यो बादलमाथिको घरमा पो छ; जसलाई म भोलिपर्सि ठूलो भएपछि गएर ल्याउँछु। अहिले त म केटाकेटी न छु, यसले भइहाल्छ नि।

**प्रश्नहरू:**

अ. घोडा किन्ने परिस्थिति सृजना हुनाको कारण के हो ?

आ. आमाले घोडा कोमार्फत् कसलाई झिकाइदिनुभएको हो ?

इ. गौरी र शङ्करसँग कुनकुन खेलौना छन् ?

ई. बादलमाथिको घोडा ल्याउनु भनेको के हो ?

उ. यहाँ गौरी र शङ्करको बीच के कस्तो भिन्नता देखाइएको छ ?

## ग. निबन्ध (५ अङ्क)

१. **२०७६ ग्रेडवृद्धि परीक्षा सेट A प्र. नं. १५ग** तलको निबन्धांश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको एक दुई वाक्यमा उत्तर दिनुहोस्: (५)

नोटको भाउ बढेको भए तापनि आजकल भलादमीपन यस्तो मोलमा पाइन्छ। भलादमीपनलाई सूचीकार र मारवाडीले बिक्री गरिरहेछन्। तिमी भलादमी बन्न चाहन्छौ भने सिधासाधा मानिसको कोरापनलाई दर्जीकहाँ गएर काँटछाँट गरी माग। दुईचार रुपियाँ बढाइदेऊ तब तिमी कुँदिएको पानीदार हिरा बन्दछौ। छाँट मिलेको कोट पहिरेर, एक छरितो छडी घुमाएर सडकमा टल्कने जुत्ताको चुरुमचुरुम आवाजमा फुर्तिलो कदम बढाऊ तब गल्लीको कुकुरले पनि तिमीलाई चिन्दछ। तिम्रो भलादमीपन स्वीकार गरेर तिमी उपर भुक्न आउँदैन। चोरीको शङ्काले सम्बोधन गर्नु भलादमीको अपमान हो। उसले पनि जानेको छ। सफलताजस्तो हौसला दिने कोही छैन। तिमी झन् फुर्तिलो कदम बढाउँछौ।

**प्रश्नहरू:**

अ. आजकल भदालमीपन किन सस्तो मोलमा पाइन्छ ?

आ. मानिसले भलादमी हुन के गर्नुपर्दछ ?

इ. कुकुरले भदालमीलाई कसरी चिन्दछ ?

ई. 'सफलताजस्तो हौसला दिने कोही छैन' भन्नुको तात्पर्य के हो ?

उ. यस निबन्धांशको मुख्य आशय के हो ?

२. **२०७६ ग्रेडवृद्धि परीक्षा सेट B प्र. नं. १५ख** तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको एक दुई वाक्यमा उत्तर दिनुहोस् : (५)

भौतिक शरीरको सौन्दर्य जीवनको सम्पूर्णता होइन, मान्छेको मनचाहिँ कदापि कुरूप हुनुहुँदैन। यो सहरको स्पर्शले यस शरीरलाई कुरूप बनाए पनि मन भने तिमीले जस्तो बनाइ दिएकी छौ। त्यस्तै छ त्यसैले त म तिमीभन्दा पर बसेर पनि तिम्रै मायाले द्रवीभूत भएकी छु र यी प्रत्येक अक्षर रूपमा पग्लिँदै पग्लिँदै झरिरहेकी छु।

प्रश्नहरू:

अ. 'भौतिक शरीरको सौन्दर्य जीवनको सम्पूर्णता होइन' भन्नुको तात्पर्य के हो ?

आ. निबन्धकारका दृष्टिमा मान्छेलाई केले सुन्दर बनाउँछ र किन ?

इ. निबन्धकारको मन किन नफेरिएको हो ?

ई. निबन्धकारको जन्मभूमिप्रतिको माया कसरी पग्लिएको छ ?

उ. 'कुरूप' र 'द्रवीभूत' शब्दको अर्थ लेख्नुहोस्।

३. **२०७६ प्र.नं. १५ग** तल दिइएको निबन्धांश पढी सोधिएका प्रश्नहरूको एक, दुई वाक्यमा उत्तर लेख्नुहोस् : (५)

विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ। भलादमीको प्रमाणपत्र सधैँ उसका शरीरउपर विज्ञापन जाहेरी गर्दछ। पोसाक मात्र पहिला पास हो। त्यसमा पनि रेसमी रूमालको फूलदार फर्काइ र टोपीको कर्काइले पहिलो श्रेणीमा उत्तीर्ण भएको जनाउँछ। कपालको छाँट र जुंगाको कटाइले दोस्रो परीक्षाको परिचय दिन्छ। फेरि आँखीभौंको मसिनो डोराले, ओठ र गालाको फिक्का हलुका लालीको सुस्त चढाइले उत्तम श्रेणी जनाउँछ। सबको शिखर, एउटा सौन्दर्यको कोठी र अत्तरको हरहराउँदो खुसबुले सडकमा हिँड्नेहरूको नाक र नजरमा आक्रमण गरेको हुनुपर्दछ। यसमा पनि विशिष्टता हिँडाइको कला, लच्काइ, हाउभाउ, हास्य र बोलीमा निर्भर रहन्छ।

**प्रश्नहरू:**

अ. 'विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ' भन्नुको अभिप्राय के हो ?

आ. यस निबन्धांशमा कस्तो प्रकारको भलादमीलाई चिनाइएको छ ?

इ. निबन्धकारले उत्तम श्रेणीको भलादमी कसलाई मानेका छन् ?

ई. भलादमीको विशिष्टता के कुराबाट थाहा पाइन्छ ?

उ. यस निबन्धांशको मूल आशय के हो ?

puspas.com.np



४. **२०७५ ग्रेडवृद्धि परीक्षा प्र.नं. १५ग** तल दिइएको निवन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : (५)

जेसुकै होस्, म सधैं आलु खान्छु तर मलाई सधैं आलु खान डर लाग्छ किनभने म पनि विसौं शताब्दीकै आलु मान्छे, जसको कर्म हो आलु खानु, तर धर्म हो आलु खाएर पेडाको धाक लगाउनु ।

**प्रश्नहरू:**

अ. यस निवन्धांशका लेखक को हुन् ?

आ. लेखकलाई आलु खान किन डर लागेको हो ?

इ. मानवीय कर्म र धर्ममा के भिन्नता छ ?

ई. 'आलु खाएर पेडाको धाक लगाउनु' भन्नुको तात्पर्य के हो ?

उ. 'आलु मान्छे' ले के कस्ता मानवलाई सङ्केत गरेको छ ?

५. **२०७५ सेट A प्र. नं. १५ख** तलको निवन्धांश पढी सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस् । (५)

भौतिक शरीरको सौन्दर्य जीवनको सम्पूर्णता होइन, मान्छेको मनचाहिँ कदापि कुरूप हुनुहुँदैन । यो सहरको स्पर्शले यस शरीरलाई कुरूप वनाए पनि मन भने तिमीले जस्तो वनाइदिएकी छौ त्यस्तै छ । त्यसैले त तिमीभन्दा यति पर वसेर पनि तिम्रै मायाले द्रवीभूत भएकी छु र यी प्रत्येक अक्षर रूपमा पग्लिँदै झरिरहेकी छु ।

**प्रश्नहरू:**

अ. 'भौतिक शरीरको सौन्दर्य जीवनको सम्पूर्णता होइन' भन्नुको तात्पर्य के हो ?

आ. निवन्धकारका विचारमा मानिसलाई शरीर वा मन के ले सुन्दर वनाउँछ ?

इ. निवन्धकारको मन किन नफेरिएको हो ?

ई. निवन्धकारको सुनखानीप्रतिको माया कसरी पग्लिएको छ ?

उ. 'द्रवीभूत' र 'कुरूप' शब्दको अर्थ के हो ?

६. **२०७५ सेट B प्र. नं. १५ग** तलको निवन्धांश पढी सोधिएका प्रश्नहरूको एक, दुई वाक्यमा उत्तर दिनुहोस् :

आफ्नै पैसाले अरुको जुत्ता लगाएर स्व-स्थानीय वाली कुल्चँदै हिँड्न छोडेका छैनौं हामी । खाद्यान्नमा नेपाललाई आत्मनिर्भर वनाउन भोट, हिमाल, पहाड, मधेस, तराई आदि विभिन्न परिवेशका विविधतालाई सम्वोधन गर्ने कृषि रणनीति चाहिएको छ ।

**प्रश्नहरू:**

अ. उपयुक्त निवन्धांश कुन निवन्धवाट लिइएको हो ?

आ. 'स्व-स्थानीय वाली कुल्चनु' को तात्पर्य खुलाउनुहोस् ।

इ. हामीलाई आत्मनिर्भर वन्न के चाहिएको छ ?

ई. विविधताका भौगोलिक आधारहरू के-के हुन् ?

उ. माथिको निवन्धांशको मूल आशय के हो ?

७. **२०७४ पूरक प्र. नं. १५ग** तल दिइएको निवन्धांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् : (५)

सुनखानी, म फूलसँगै राखेर मनुष्यलाई हेर्छु । मनुष्यका पीडारुपी जीवन हेर्छु । म मेरो गाउँ हेर्छु र देश हेर्छु । म मेरो देशका टुक्रा टुक्रामा तिम्रै जीवन पाउँछु र तिम्रै पीडा देख्छु । त्यसैले सुनखानी, तिमी मेरो देश हेर्ने ऐना ! तिमी मेरो जीवनको आस्था ! तिमी मेरो सानो देश र सानो संसार नै हौ ।

**प्रश्नहरू:**

अ. निवन्धकारले मानिसलाई फूलसंग दाँजेर हेर्नुको कारण हो ?

आ. निवन्धकारले सुनखानीको चित्रण कसरी गरेकी छन् ?

इ. निवन्धकारले सुनखानीलाई किन माया गरेका हुन् ?

ई. 'तिमी मेरो देश हेर्ने ऐना' भन्नुको तात्पर्य के हो?

उ. देश र सुनखानीका वीच कस्तो सम्वन्ध रहेको छ ?

८. **२०७४ प्र. नं. १५ग** तलको निवन्धांश पढी सोधिएका प्रश्नहरू[को] उत्तर दिनुहोस् :

आलु कस्तो मिलनसार छ भने गान्टोमा स्वयम् गान्टे मुलाको लिएर अग्लोमा लौकासम्म, चुच्चेमा स्वयम् चुच्चे करेलाको लिएर वुच्चेमा परवरसम्म, खाँदिएकोमा गुन्द्रकदेखि लि[एर] बाँधिएकोमा कुरिलोसम्म, जेसँग जसरी मिलाइदिनुहोस् आ[लु] ठ्याम्मै मिलिहाल्छ । त्यसैले धनि, गरिव, मानी, मगन्ते, विद्वा[न] लम्फू, वुद्धिमान, लट्ठू साराका भान्सामा आलुको समान सम्मा[न] छ, समान प्रवेश र प्रतिष्ठा छ । यस अर्थमा आलुला[ई] समाजवादी, समन्वयवादी, साम्यवादी तपाईं जे नाम दिनुहो[स्] वस्तुतः आलुको मूल सिद्धान्त आलुवाद नै हो । जतिसु[कै] समानताको आदर्श राखे पनि आफूआफूमा मेल नगा[र्ने] आलुवादको विशेषता हो ।

**प्रश्नहरू:**

अ. आलुलाई किन मिलनसार भनिएको हा ?

आ. आलुको सम्मान किन छ ?

इ. आलुको मूल सिद्धान्तलाई किन आलुवाद भनिएको हो ?

ई. आलुवादको विशेषता के हो ?

उ. यस निवन्धांशमा प्रस्तुत भएको व्यङ्ग्य कसप्रति भनिए[को] हो ?

९. **२०७३ पूरक प्र. नं. १५ग** तलका निवन्धांश पढी सोधिएका प्रश्न[को] एक, दुई वाक्यमा उत्तर दिनुहोस् : (५)

जेसुकै होस्, म सधैं आलु खान्छु तर मलाई सधैं आलु खान ड[र] लाग्छ किनभने म पनि विसौं शताव्दीकै आलु मान्छे, जस[को] कर्म हो आलु खानु, तर धर्म हो आलु खाएर पेडाको धा[क] लगाउनु ।

**प्रश्नहरू:**

अ. यस निवन्धांशका लेखक को हुन् र यो कुन निवन्धवा[ट] झिकिएको हो ?

आ. लेखकलाई आलु खान किन डर लाग्छ ?

इ. निवन्धकारको कर्म र धर्ममा के भिन्नता छ ?

ई. 'आलु मान्छे' भनी कस्ता मान्छेलाई भनिन्छ ?

उ. 'आलु खाएर पेडाको धाक लगाउनु' भन्नुको तात्पर्य के हो ?

१०. **२०७३ प्र. नं. १५ग** तलको निवन्धांश पढी सोधिएका प्रश्नको एक दुई वाक्यमा उत्तर दिनुहोस् : (५)

स्वास्नीमान्छेलाई लोग्नेमान्छे र लोग्नेमान्छेलाई स्वास्नीमान्छे साथी वनाउन अप्ठ्यारो पार्ने एउटा ठूलो कारण सिद्धान्तलाई पूजा गर्ने हाम्रो वानी पनि हो अर्थात् हामी सिद्धान्तलाई व्यावहारिक रूप दिने प्रयत्न गर्नुको सट्टा त्यसको खालि गु[न] गाएर हिँड्छौं । हामी न्यायको महात्म्य गाउँछौं तर स्वयं अन्याय गर्नबाट पछि सर्दैनौं । हामी विश्ववन्धुत्व र देशभक्तिको वयान गर्छौं तर खुद मानवताको विपरीत र देश भाँड्ने का[म]

puspas.com.np

गरेर हिँड्छौं । हामी साम्प्रदायिकताका निन्दा गर्छौं, आर्थिक समानता र स्त्री पुरुषको समानताको ओड लिन्छौं तर आफैं साम्प्रदायिक भावनाअनुसार चल्छौं, आफैं स्त्री पुरुषको समानता र आर्थिक समानताको उल्टो हिँड्छौं । हाम्रा सबैजसो सिद्धान्त र व्यवहारमा यस्तै ठूलाठूला विरोधाभासहरू देखिन्छन् ।

**प्रश्नहरू :**

अ. सिद्धान्तलाई पूजा गर्ने हाम्रो बानीले केकुरामा अप्ठ्यारो पर्छ ?

आ. न्यायसम्बन्धी हाम्रो दृष्टिकोण र व्यवहार कस्तो छ ?

इ. हामीले दिने देशभक्तिको नारा र देशप्रतिको हाम्रो काममा केकस्तो भिन्नता छ ?

ई. स्त्री र पुरुषबीचको समानताका सम्बन्धमा हाम्रा भनाइ र गराइमा केकस्तो बेमेल देखिन्छ ?

उ. यस निबन्धांशले स्त्री र पुरुषबीच कस्तो सम्बन्धको अपेक्षा गरेको छ ?

११. **२०७२ पूरक प्र. नं. १५ग** तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् : (५)

वास्तवमा भन्नुपर्दा, हाम्रो खाद्य सङ्कट भनेको भात सङ्कट हो । हाम्रो भोकमरी भातमरी हो । धान नफल्ने ठाउँमा आलु फल्छ, आलु नफल्ने ठाउँमा कोदो, कोदो नफल्ने ठाउँमा कागुनो, भोटप्रदेशतिर उवा करु फल्लान् । हिमखण्डलाई छाडेर केही नफल्ने मरुभूमि नै त नेपालमा छैन । तसर्थ कृषि खाद्यान्न र खाद्य सुरक्षाका बारेमा विकल्प खोज्न अब ढिलाइ गर्नुहुँदैन । यसका लागि ज्ञान र विज्ञान मात्र होइन मनोविज्ञानमा पनि परिवर्तनको आवश्यकता छ । कविले भनेझैं आफ्नै पाखुराको आधार र आफ्नै पैतालाको संसार खोज्ने बेला आएको छ । समाज र सरकार सबैले परनिर्भरताको संस्कारलाई त्याग्न, सकेनन् भने भोगको सामना गर्नु पर्ने स्थिति टड्कारो छ ।

**प्रश्नहरू :**

अ. निबन्धकारले किन भोकमरीलाई भातमरी भनेका हुन् ?

आ. लेखकले निबन्धांशमा कुन-कुन खाद्य सामग्रीको नाम लिएका छन् ?

इ. भोकमरीबाट बच्न नेपालमा के गर्नुपर्छ ?

ई. 'परनिर्भरताको संस्कार' भनेको के हो ?

उ. 'पाखुराको आधार र पैतालाको संसार खोज्नु' भन्नाले के बुझिन्छ ?

१२. **२०७२ प्र. नं. १५ग** तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको एक, दुई वाक्यमा उत्तर दिनुहोस् : (५)

एक केजी मासु उत्पादन गर्न १० केजी शाकाहारी भोजन खपत हुन्छ अर्थात् एक धनी मांसाहारीले १० गरिब शाकाहारीको खाना हसुर्छ । धनी र सम्पन्न वर्गकै इन्धन, उर्जा र आहारामा गरिबहरूले पिल्सिनुपर्ने र भोकमरी बेहोर्नुपर्ने स्थिति खडा भएको छ । यसको दोष भूमण्डलीय उष्णता (ग्लोबल वार्मिङ) मा थोपर्ने प्रवृत्ति पनि छ । जो होस्, भोलिको सङ्घर्ष भोकमा आधारित हुने कुरालाई यत्तिकै नकार्न मिल्दैन । क्यामरुन, सेनेगल, मौरिटानिया, हाइटी र इन्डोनेसियामा भोकबाट क्रान्तिले जन्म लिन थालेको तथ्य समाचारमा सुनिसकेका छौं ।

**प्रश्नहरू:**

अ. मांसाहरका कारणबाट पर्ने खाद्य असर के हो ?

आ. गरिबहरू केकारणले भोकमरी बेहोर्नुपर्ने अवस्थामा पुग्दछन् ?

इ. भोलिको सङ्घर्ष भोकमा आधारित हुन्छ भन्नुको कारण के हो ?

ई. यस अनुच्छेदको मुख्य आशय के हो ?

उ. भूमण्डलीय उष्णता (ग्लोबल वार्मिङ) भन्नाले के बुझिन्छ ?

१३. **२०७२ सेट E प्र. नं. १५ग** तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस् : (५)

नारीलाई नरकको मूल ढोका नठान्ने र जीवनका सबैजसो क्षेत्रमा स्त्रीपुरुषको बराबर हक हुनुपर्छ भन्ने एवम् पछौटे देशका आइमाईलाई घर नाउँको झ्यालखानाभित्र थुनिरहन नदिई सामाजिक क्षेत्रमा समेत हौस्याउनेहरू साहित्य तथा राजनीति आदितर्फ लागेका आधुनिक युवाहरू नै हुन् ।

**प्रश्नहरू:**

अ. 'नारीलाई नरकको मूल ढोका नठान्ने' भन्नुको तात्पर्य के हो ?

आ. आधुनिक युवाहरूमा स्त्रीपुरुषका विषयमा कस्तो दृष्टिकोण रहेको छ ?

इ. माथिको निबन्धांशले नेपाली समाजको कस्तो तस्विर प्रस्तुत गरेको छ ?

ई. लेखकको नारीसम्बन्धी मान्यता कस्तो रहेको छ ?

उ. यो निबन्धांश कुन सन्दर्भमा आएको छ ?

१४. **२०७१ पूरक प्र. नं. १५ग** तलको निबन्धांश पढी सोधिएका प्रश्नको एक, दुई वाक्यमा उत्तर दिनुहोस् : (५)

आलु कस्तो मिलनसार छ भने गान्टोमा स्वयम् गान्टे मुलादेखि लिएर अग्लोमा लौकासम्म, चुच्चेमा स्वयम् चुच्चे करेलादेखि लिएर वुच्चेमा परवरसम्म, खाँदिएकोमा गुन्द्रुकदेखि लिएर बाँधिएकोमा कुरिलोसम्म, जेसँग जसरी मिलाइ दिनुहोस् आलु ठ्याम्मै मिलिहाल्छ । त्यसैले धनी, गरिब, मानी, मगन्ते, विद्वान्, लम्फू, बुद्धिमान, लट्ठू साराका भान्सामा आलुको समान सम्मान छ, समान प्रवेश र प्रतिष्ठा छ । यस अर्थमा आलुलाई समाजवादी, समन्वयवादी, साम्यवादी तपाईं जे नाम दिनुहोस्, वस्तुतः आलुको मूल सिद्धान्त आलुवाद नै हो । जतिसुकै समानताको आदर्श राखे पनि आफूआफूमा मेल नगर्नु आलुवादको विशेषता हो ।

**प्रश्नहरू :**

अ. आलुलाई किन मिलनसार भनिएको हो ?

आ. आलुको सम्मान किन छ ?

इ. आलुको मूल सिद्धान्तलाई किन आलुवाद भनिएको हो ?

ई. आलुवादको विशेषता के हो ?

उ. यस निबन्धांशमा प्रस्तुत भएको व्यङ्ग्य कसप्रति लक्षित छ ?

१५. **२०७१ प्र. नं. १५ग** तलको निबन्धांश पढी सोधिएका प्रश्नको एक, दुई वाक्यमा उत्तर दिनुहोस् : (५)

एक केजी मासु उत्पादन गर्न १० केजी शाकाहारी भोजन खपत हुन्छ अर्थात् एक धनी मांसाहारीले १० गरिब शाकाहारीको खाना हसुर्छ । धनी र सम्पन्न वर्गकै इन्धन, ऊर्जा र आहारमा गरिबहरूले पिल्सिनु पर्ने र भोकमरी बेहोर्नुपर्ने स्थिति खडा भएको छ । यसको दोष भूमण्डलीय उष्णता (ग्लोबल वार्मिङ)

puspas.com.np

मा थोपर्ने प्रवृत्ति पनि छ । जे होस्, भोलिको सङ्घर्ष भोकमा आधारित हुने कुरालाई यत्तिकै नकार्न मिल्दैन ।

**प्रश्नहरू:**

अ. एक केजी मासु उत्पादन गर्न १० केजी शाकाहारी भोजन कसरी खपत हुन्छ ?

आ. गरिबहरू केकारणले भोकमरी बेहोर्नु पर्ने अवस्थामा छन् ?

इ. भोलिको सङ्घर्ष भोकमा आधारित हुन्छ भन्नुको तात्पर्य के हो ?

ई. भूमण्डलीय उष्णता भन्नाले के बुझिन्छ ?

उ. यस अनुच्छेदको मुख्य आशय के हो ?

१६. **२०७० प्र. नं. १५ग** तलको निवन्धांश पढी सोधिएका प्रश्नको एक, दुई वाक्यमा उत्तर दिनुहोस् : (५)

समुद्रपारिका नारीहरूलाई साथी बनाउन वरु सजिलो होला तर आफ्नो देश, आफ्नो सहर र गाउँका, आफ्नो टोल र छिमेकका आइमाईलाई साथी बनाउन हामीलाई गाह्रो पर्छ तर गाह्रो भन्दैमा राम्रो कामवाट पन्छिनु उचित कुरा होइन । त्यसैले आइमाई साथी वनाउन सकिने किसिमको अवसर पर्दा म प्राय: पछि सर्ने गर्दिनँ ।

**प्रश्नहरू**

अ. समुद्रपारिका नारीलाई साथी बनाउन किन सजिलो होला?

आ. आफ्नै देशका नारीलाई किन साथी बनाउन नसकिएको हो ?

इ. 'गाह्रो भन्दैमा राम्रो कामवाट पन्छिनु उचित कुरा होइन' भन्नुको तात्पर्य के हो ?

ई. निवन्धकारलाई किन आइमाई साथी वनाउन मन लागेको हो ?

उ. यस निवन्धांशको मूल आशय के हो ?

१७. **२०६९ प्र. नं. १५ग** तलको निवन्धांश पढि सोधिएका प्रश्नहरूको एक दुई वाक्यमा उत्तर दिनुहोस् : (५)

तिम्रै नासो यो जिन्दगानी काठमाडौंको ढुङ्ग्यान छातीमा घिसिँदा घिसिँदै खिइँदै गइरहेको छ । कतै यो तिम्रो नासो फर्काउन पो नसकिने हो कि भन्ने सन्त्रासले म सधैं थर्कमान छु । जे जस्तो हालतमा होस् यो देह ढल्नु अगावै तिम्रो नासो तिमीलाई सम्पन पाए मेरो ठूलो तृष्णा मेटिने थियो । सद्दे त के फर्काउन देला र यो काठमाडौंले । यो सहरले यो मरुभूमिले । यसले पिल्स्याई पिल्स्याई तिमीले दिएको सौकुमार्यलाई त अवश्य नै कुरूप पार्ने छ ।

**प्रश्नहरू:**

अ. यस निवन्धांशमा तिमी भनेर कसलाई सम्वोधन गरिएको हो ?

आ. निवन्धकार के कुराले थर्कमान छिन् ?

इ. काठमाडौं सहरलाई निवन्धकारले किन गाली गरेकी हुन् ?

ई. 'काठमाडौंको ढुङ्ग्यान छाती' भनेर के भन्न खोजिएको हो ?

उ. निवन्धांशमा मातृभूमिप्रतिको आस्था कसरी प्रकट भएको छ ?

## ■ साहित्यिक रचनाको पठनबोध: सङ्क्षिप्त उत्तरात्मक (भाव, विचार, परिवेश, चरित्र र सन्देश लेखन) (कथा, कविता, निबन्ध, नाटक/ एकाङ्की, उपन्यास): [पाठक प्रतिक्रिया] (५ अङ्क)

१. **२०७७ सेट H प्र. नं. ११ अथवा** "नेपाल रहेन भने हामी नेपाली पनि रहदैनौं । यस भनाइप्रति तर्क दिएर आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।' (५)

२. **२०७७ सेट I प्र. नं. ११ अथवा** 'समुद्रपारिका नारीहरूलाई साथी वनाउन वरू सजिलो होला तर आफ्नो सहर, गाउँ, टोल र छिमेकका आइमाईलाई साथी वनाउन हामीलाई गाह्रो पर्छ' यस भनाइप्रति तर्क दिएर आफ्नो प्रतिक्रिया लेख्नुहोस् । (५)

३. **२०७६ ग्रेडवृद्धि परीक्षा सेट A प्र. नं. १६** 'किसानको परिश्रम र पसिना नै जगत्‌को जीवन हो र जिन्दगीको ज्योति हो ।' यस भनाइप्रति तपाईंको प्रतिक्रिया के छ ? तर्क दिएर लेख्नुहोस् । (५)

४. **२०७६ ग्रेडवृद्धि परीक्षा सेट B प्र. नं. १६** 'नालापानीमा' एकाङ्कीमा धरतीले नेपाली वीरहरूसँग के कस्तो आह्वान गरेकी छिन् ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् । (५)

५. **२०७६ प्र.नं. १६** 'संसारले एक दिन सुखी हुनु छ, कसैले रोक्न सक्दैन' भन्ने भनाइप्रति तपाईं सहमत वा असहमत के हुनुहुन्छ ? 'वौलाहा काजीको सपना' नाटकका आधारमा प्रतिक्रिया लेख्नुहोस् । (५)

६. **२०७५ ग्रेडवृद्धि परीक्षा प्र.नं. १६** 'वौलाहा काजीको सपना' नाटकमा वौलाहा काजीले देखाएको व्यवहार कत्तिको स्वभाविक छ ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् । (५)

७. **२०७५ सेट A प्र. नं. १६** 'नालापानीमा' एकाङ्कीमा जातीय विविधताभित्रको राष्ट्रिय एकतालाई कसरी प्रस्तुत गरिएको छ ? आफ्नो प्रतिक्रिया प्रस्तुत गर्नुहोस् । (५)

८. **२०७५ सेट B प्र. नं. १६** 'वौलाहा काजीको सपना' नाटकको वौहाला काजी साँच्चिकै वौलाहा हो त ? तर्कसहित आफ्नो प्रतिक्रिया दिनुहोस् । (५)

९. **२०७४ पूरक प्र. नं. १६** कुनै पनि व्यक्ति शत्रुविहीन हुन सक्दैन भन्ने कुरा 'शत्रु' कथाले कसरी पुष्टि गरेको छ ? समीक्षात्मक प्रतिक्रिया लेख्नुहोस् । (५)

१०. **२०७४ प्र. नं. १६** 'एक चिहान' उपन्यासमा अष्टनारानलाई समाजसुधारक र क्रान्तिकारी चरित्रका रूपमा प्रस्तुत गरिएको छ। यसप्रति तपाईंको प्रतिक्रिया के छ ? तर्क दिएर लेख्नुहोस् । (५)

११. **२०७३ पूरक प्र. नं. १६** 'एक चिहान' उपन्यासका पात्रहरू डा. गोदत्तप्रसाद र रञ्जनादेवी उपन्यासमा पति पत्नी हुन् तर प्रेमका सम्वन्धमा उनीहरूमा पाइने दृष्टिकोणगत भिन्नता केकस्ता छन् ? आफ्नो तर्कसहित प्रतिक्रिया लेख्नुहोस् । (५)

१२. **२०७३ प्र. नं. १६** "वालवालिकाका बीचमा विभेद सिर्जना गर्ने मूल कारण समाज नै हो ।" यस भनाइप्रति 'मधुमालतीको कथा' का आधारमा आफ्नो प्रतिक्रिया लेख्नुहोस् । (५)

१३. **२०७२ पूरक प्र. नं. १६** 'शत्रु हुँदै नभएको मान्छे हुन्छ कि हुँदैन' शत्रु कथाका आधारमा आफ्नो प्रतिक्रिया लेख्नुहोस् । (५)

१४. **२०७२ प्र. नं. १६** 'नेपाल अत्यन्त सुन्दर देश हो' भन्ने भनाईप्रति 'मेरो देश' कविताका आधारमा प्रतिक्रिया लेख्नुहोस् । (५)

१५. **२०७२ सेट E प्र. नं. १६** 'नेपाली हामी रहौंला कहां नेपालै नरहे' भन्ने भनाइप्रति तपाईंको दृष्टिकोण कस्तो छ ? 'नेपालै नरहे' कविताका आधारमा प्रतिक्रिया लेख्नुहोस् । (५)

puspas.com.np

१६. [२०७० प्र. नं. १६] लोककथामा मधुकर र मालतीको मिलन भएको छ तर 'मधु मालतीको कथा' कथामा शङ्कर र गौरीको चाहि किन बिछोड भएको होला ? प्रतिक्रिया लेख्नुहोस् । (५)

१७. [२०७१ पूरक प्र. नं. १६] "जन्मभूमि 'स्वर्गभन्दा पनि महान हुन्छ" भन्ने भनाइप्रति 'म फूल लिएर आउने छु' निबन्धका आधारमा आफ्नो प्रतिक्रिया लेख्नुहोस् । (५)

१८. [२०७१ प्र. नं. १६] समुद्रपारिका नारीहरूलाई साथी बनाउन सजिलो तर आफ्नो देश र टोल छिमेकका नारीहरूलाई साथी बनाउन गारो हुनुको कारण के हो ? 'आइमाई साथी' निबन्धका आधारमा आफ्नो प्रतिक्रिया लेख्नुहोस् । (५)

१९. [२०६९ प्र. नं. १६] 'आलु' निबन्धमा लेखकले नेपाली बुद्धिजीवीलाई गरेको व्यङ्ग्यप्रति तपाइँ सहमत हुनुहुन्छ ? प्रतिक्रिया लेख्नुहोस् । (५)

## परीक्षा प्रश्नपत्र

## २०७७ (सेट H)

**समय: १ घण्टा ३० मिनेट** **पूर्णाङ्क (सङ्क्षिप्त): ४०**

१. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (२)

क. तलका वर्णहरूलाई प्रयत्न र उच्चारण स्थानका आधारमा चिनाउनुहोस् :

ज्, ह् ।

ख. तलका शब्दहरूको अक्षर संरचना लेखी अक्षर सङ्ख्या समेत देखाउनुहोस् :

प्रचार, कूटनीतिज्ञ

२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : (२)

सौन्दर्यका मोहनीमा बग्नेहरू प्राय असभ्य, बर्वर आततायी र जङ्गली भइदिन्छन् । उनीहरू सुन्दर फुल देख्नासाथ तेसका निकट् पुगी टासिन चाहन्छन् ।

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् । (२)

वासनाले हामी संसारसित जोडिएका हुन्छौं र अन्ततः अनिच्छावश नै मृत्युले हामीलाई यो स्थितिवाट तानेर लैजान्छ । हामी मर्न त मर्छौं तर मुक्त हुँदैनौं ।

४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (३)

क. तलको अनुच्छेदवाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व व्युत्पन शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व व्युत्पन्न शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :

गाउँ समाजमा कसैसँग पनि नमिल्ने, कसैलाई साह्रोगाह्रो पर्दा आँचोखाँचो पनि नटार्ने अनि ऐरेगैरेसँग सम्बन्ध राख्ने मान्छेवाट कामसाम बन्ला भनी ठान्नु मूर्खता हुन जान्छ । त्यस्ता नरपशुबाट सहयोगको अपेक्षा गर्नुभन्दा आफूआफूबाटै भाग्योदयका लागि प्रयास गर्नु हाम्रा लागि उपयुक्त हुने देखिन्छ ।

ख. तलको अनुच्छेदवाट छ ओटा सन्धियुक्त शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् :

विभिन्न जातजातिका मानिसको साझा कर्मथलोका रूपमा रहेको नेपाल सांस्कृतिक विविधताले भरिपूर्ण छ । खर्चवर्च नहुँदा सरसापटका भरमा चाडपर्व मनाउने प्रचलन त यहाँ प्राचीन समयदेखि नै चल्दै आएको छ । सानन्दका साथ रमाइलो गरी जीवन जिउने कला सिकेका हामी शुभ कार्यमा कुनै किसिमको झैझमेलामा पर्ने गरेका छैनौं ।

५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (३)

क. वाक्य ढाँचासहित तलको अनुच्छेदका वाक्यलाई एक वचनमा परिवर्तन गरी लेख्नुहोस् :

हाम्रा सबै योजनाहरू पूरा हुनेछन् । हामी भ्रमणवाट अथाह ज्ञान आर्जन गर्नेछौं । हामी प्राप्त ज्ञानको उपयोग गर्न चुक्ने छैनौं ।

ख. तलको अनुच्छेदका वाक्यलाई सम्भावनार्थमा परिवर्तन गरी लेख्नुहोस् :

यस वर्ष उनीहरू मनग्यै अन्नवाली भित्र्याउने छन् । हामी सबैलाई केही राहत मिल्ने छ । यद्यपि चामलको मूल्य भने घट्ने छैन ।

६. तलको अनुच्छेदका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् : (४)

तपाईं सहरमा बसेर के गर्दै छ ? साना भाइ त्यहाँ बसेर पढ्दै छ । मेरो बहिनी त पढाइमा मात्र होइन, अतिरिक्त क्रियाकलापमा पनि अव्वल छ । ठुलो माइजूले बहिनीलाई प्रेरणा दिएको थिइन् । भाइ बहिनीको सफलतावाट हामी खुसी भएको छ । उनीहरू जीवनमा सफलताको शिखर चुमोस् ।

७. तलको अनुच्छेद पढी मुख्य मुख्य चार बुँदा टिपोट गर्नुहोस् : (४)

साहित्य के हो ? थाहै नपाई साहित्यसँग मानिसको साइनो बस्दो रहेछ । केही थाहा पाउन थालेदेखि नै साहित्य मानिसलाई मन पर्न पनि थाल्दो रहेछ । यसरी साहित्य प्रिय लागिरहे पनि साहित्यको पहिचान र पारख गर्नुचाहिँ त्यति सहज र सुगम नरही चुनौतीपूर्ण नै रहँदै आएको छ । साहित्य छ र हुन्छ अनि हामी त्यसलाई केही चिन्दछौं र त्यसको प्रयोग वा उपयोग समेत गरिरहेका हुन्छौं तापनि त्यो के हो वा कस्तो हुन्छ र त्यसका के कस्ता विविध प्रकार देखिन आएका छन् भनी सोधनी गर्न लाग्नासाथ अनेक कठिनाइसँग हाम्रो जम्काभेट हुन थाल्दछ । यस्ता जिज्ञासाले साहित्यका जुन तत्त्व मिमांसातर्फ हामीलाई डोऱ्याउँछन् त्यो नै साहित्यको शास्त्र हो । वनस्पतिहरू छन् र नै वनस्पति शास्त्रको अपेक्षा भई त्यसको उठान र विकास भए जस्तै साहित्य हामीसँग भएकाले नै हामीलाई साहित्यको शास्त्र पनि चाहिने हुन्छ । शास्त्र त्यही हो, जसले साहित्यको पर्याप्त पहिचान र सही पारखका क्रममा समालोचना कर्मी वा समालोचकलाई पनि सघाउँछ । त्यसैले साहित्य शास्त्र वा साहित्य सिद्धान्तको अर्को नाउँ समालोचना सिद्धान्त पनि हो । कुनै भाषाको कुनै स्रष्टाका खास कृति वा कृतित्व वारेको समालोचना प्रायोगिक वा व्यावहारिक समलोचना हो भने साहित्यको स्वरूप, हेतु प्रकार, प्रयोजन आदि सम्बन्धी तत्त्व मिमांसाचाहिँ सैद्धान्तिक समालोचना हो, जसले सिद्धान्ततः साहित्यलाई चिनाउनुका साथै त्यसको समालोचनात्मक पारखका निम्ति सैद्धान्तिक मार्ग दर्शनमार्फत् एकल वा बहुल उपयुक्त पद्धति समेत प्रदान गरी सघाउने गर्दछ ।

८. आफ्नो विद्यालयमा सम्पन्न स्वागत तथा विदाइ कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन लेख्नुहोस् । (५)

(मानौं: तपाईंको नाम सगुन हो र तपाईंको विद्यालयको नाम सहिद स्मारक मा.वि. हो ।)

अथवा

'इन्टरनेटको उपयोगिता' विषयमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

९. तल दिइएका मध्ये कुनै एक शीर्षकमा १५० शब्दसम्मको निवन्ध लेख्नुहोस् (५)

क. कोरोना महामारीको प्रभाव

ख. नेपालको आर्थिक विकासमा जलसम्पदाको भूमिका

१०. 'एक चिहान' उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् (५)

राम खेलावन राउत शिवनारानको खेतमा दुई चार चोटि आउँदैमा शिवनारानले नानीथकु र राम खेलावान राउतबिचमा मिठो भाव रहेको सङ्केत पाइसकेका थिए। अर्को कुरा नानीथकुंको बिहे झटपट सिद्ध्याउनुपर्ने थियो। सबभन्दा लायकको कुरा त दुवैजना जोडा मिलेर आफूले र आफ्ना सिद्धान्तले चाहे जस्तै संयोग मिलिरहेको थियो। त्यसैले शिवनारान मौका चुकाउने सुस्त्याइँ गर्ने मूर्खता किन गरिरहन्थे ?

प्रसङ्ग पेस हुनासाथ राम खेलावान राउतले मन्जुर गरे, नानीथकले पनि स्वीकृति दिइन्। मधेसतिर भएको हुनाले नानीथकुँलाई एक चोटि त अलि कस्तो कस्तो लागेको थियो तर प्रेमको अगाडि दूरता कुन कुरा हो र ! नानीथकु प्रसन्न नै थिइन्।

प्रश्न

क. "प्रेमको अगाडि दूरता कुन कुरा हो र !" यस भनाइप्रति तपाईंको प्रतिक्रिया लेख्नुहोस्।

११. तल दिइएको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् : (५)

एक रात कृष्ण राय खाईपिई सुत्ने यत्न गरिहेका थिए। तिनका मनमा धेरै प्रकारका विचार आउन थाले। तिनको जीवन कसैले असफल भन्न सक्तैन। सानोतिनो पूँजी पनि कमाइहालेका थिए। रूपियाँ जम्मा गर्दा अरूहरूले गरे जस्तो रैतीहरूलाई पिर पनि पारेनन्। तिनको कोही वैरी थिएन, यही तिनको सन्तोषको ठूलो कारण थियो। ४५ वर्षको यत्रो लामो जीवनमा तिनले कसैलाई आफ्नो शत्रु वनाएनन्।

**प्रश्नहरू:**

अ. कृष्ण रायलाई आफ्नो जीवन किन सफल लागेको होला ?

आ. कृष्ण रायले कसरी पूँजी जोडेका थिए ?

इ. कृष्ण रायको सन्तोषको कारण के थियो ?

ई. कृष्ण रायलाई आफ्ना शत्रु कोही पनि छैनन् भन्ने किन लागेको हो ?

उ. यस कथांशको मुख्य सन्देश के हो ?

अथवा

"नेपाल रहेन भने हामी नेपाली पनि रहँदैनौं।" यस भनाइप्रति तर्क दिएर आफ्नो प्रतिक्रिया लेख्नुहोस्।

## २०७७ (सेट I)

**समय: १ घण्टा ३० मिनेट** **पूर्णाङ्क (सङ्क्षिप्त): ४०**

१. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (२)

क. तलका वर्णहरूलाई **प्रयत्न र उच्चारण स्थान**का आधारमा चिनाउनुहोस् : (२)

ज, म्।

ख. तलका शब्दहरूको **अक्षरसंरचना** लेखी **अक्षरसङ्ख्या** समेत देखाउनुहोस् : (२)

त्रिभुज, वटुवा।

२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् : (२)

मान्छेले किन फूलको इर्ष्या गर्छ आफू फुलजस्तो सुन्दर जिन्दगी बाँच्न किन खोज्दैन।

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको शब्द... पहिचान गरी लेख्नुहोस्।

प्रकृतिको आफ्नै <u>नियम</u> छ। जनचाहनाअनुरूप नयाँ नेपाल... निर्माण निश्चय <u>हुनेछ</u>। कानुनको पालन <u>र</u> अनुशासनले <u>हामी</u>लाई सुखी एवम् समृद्धिको यात्रामा अगि बढाउँछ।

४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :

क. तल दिइएका उपसर्ग र प्रत्यय लगाई एक एक श... निर्माण गर्नुहोस् :

उपसर्ग : अन, निर, वे।

प्रत्यय : ईन, याइँ, एलु।

ख. तलको अनुच्छेदबाट छ ओटा सन्धियुक्त शब्द पहिचान ग... तिनको सन्धि विच्छेद गर्नुहोस् :

सरकारले भव्यताका साथ उद्घाटन गरेको पर्यटन व... विदेशी पर्यटकहरूलाई भित्र्याई राष्ट्र निर्माण गर्ने एउ... महत्त्वपूर्ण महोत्सव नै हो। यसलाई सफल तुल्याई आर्थि... समृद्धिका मार्गमा लम्कने अभियानलाई सबैले आआफ्... क्षेत्रबाट सरसहयोग गर्नुपर्ने देखिन्छ। अझ बेरोजगार यु... युवतीले त कुनै राम्रो कामसाम गरेर आफ्नो भवि... निर्माणको योजना बनाउने अवसरका रूपमा यसला... लिनुपर्ने देखिन्छ।

५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :

क. तलका अनुच्छेदका वाक्यलाई द्वितीय पुरूषमा परिवर्त... गर्नुहोस् :

ऊ विज्ञान विषय पढ्दै छ। ऊ डाक्टर बन्न चाहन्छ। ... नियमित रूपमा विद्यालय जाने गरेको छ।

ख. तलको अनुच्छेदका वाक्यलाई आज्ञार्थमा परिवर्तन गर्नुहोस्

तँ पनि राम्रै काम गर्लास्। तँ वरालिएर हिँड्दैनस्। तैं... आफ्नो क्षमता देखाउने छस्। तँ सत्मार्गमा लम्कने छस्।

६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :

क. ले, लाई, द्वारा, बाट विभक्ति लागेका भिन्न भिन्न कारकक... प्रयोग भएका चार वाक्यमा कुनै डरलाग्दो घटनाको वर्ण... गर्नुहोस्।

ख. तलको अनुच्छेदका वाक्यहरूलाई सङ्गति मिलाई पुनर्लेख... गर्नुहोस् :

बगैँचामा फूलहरू रोपिएको छ। यहाँ बस्नका लागि... ठाउँहरू पनि बनाइएको छ। साँझ बिहान त्यहाँ मानिसहरू... डुल्न जान्छ। सानो बहिनी पनि त्यहाँ जान मन गर्छ।

७. तलको अनुच्छेदलाई एकतृतीयांशमा सङ्क्षेपीकरण गर्नुहोस् : (४)

प्राचीन समयदेखि नै पुच्छ्रेतारालाई पृथ्वी र पृथ्वीवासीहरूमा... आउने अनिष्टताका पूर्व सूचक र विपत्तिका द्योतक आकाशीय... पिण्डका रूपमा हेर्ने गरिएको पाइन्छ। यो अवधारणा अझै पनि... विभिन्न समाजमा विद्यमान छ। विश्वमा धेरै अगिदेखि नै... मानवले पुच्छ्रेताराहरूको अवलोकन गर्दै आइरहेको ज्ञात भए... तापनि सन् १७०५ मा हेलीको वृहत् अनुसन्धानको... परिणामस्वरुप नै पुच्छ्रेताराहरू अनिष्टताका पूर्व सूचक होइनन्... र यिनीहरू पनि सौर मण्डलमा अवस्थित अन्य पिण्डहरूजस्तै... सामान्य पिण्ड छन्, त्यसैले सूर्यलाई एउटा निश्चित अवधिमा... परिभ्रमण गर्ने पिण्डहरूका रूपमा पुच्छ्रेतारालाई लिन थालियो... यसरी पुच्छ्रेताराका बारेमा जे-जस्ता अनुश्रुतिहरू रहेका भए पनि... वैज्ञानिक विकासको क्रमसँगै यी भनाइहरू अन्धविश्वासमा... परिणत भइसकेका छन्। वास्तवमा पुच्छ्रेतारा कुनै विशिष्ट... आकार नभएको हिमकण एवम् विविध ग्यासहरू तथा...

puspas.com.np

अवाष्पशील पदार्थहरूको ठोस कणहरूको समूहद्वारा संरचित एउटा फोहोर हिमपिण्ड नै हो भन्ने तथ्य प्रमाणित भइसकेको छ। आफ्नो कक्षमा परिभ्रमण गर्ने क्रममा सूर्यदेखि निकै दूरीमा रहँदा ब्रह्माण्डको शून्यताको चिसोमा जमेको पुच्छ्रेतारा शिर र पुच्छरविहीन प्रकाशयुक्त एउटा जगमगाउँदो बिन्दुका रूपमा देखिन्छ। तर सूर्यको समीपमा आइपुग्दा यसको सतह तात्न पुगी यसमा निहित हिमराशि, ग्याँसहरू एवम् विद्युतीय कणहरू वाष्पका रूपमा पग्लन्छन्। त्यसपछि यसको शिर मात्र दृष्टिगोचर हुन थाल्दछ र सूर्यको विकिरण र सौर आँधीका चापले गर्दा वाष्पित हिमकण तथा ग्याँसहरू सूर्यको दिशातिर फैलिन थाल्दछन्।

८ आफ्नो विद्यालयले आयोजना गरेको कुनै शिक्षण अस्पतालको विज्ञान प्रयोगशालाको अवलोकन भ्रमण कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन लेख्नुहोस्। (५)

(मानौं तपाईंको नाम किरण हो र तपाईंको विद्यालयको नाम सरस्वती मा.वि. हो।)

अथवा

'छाउपडी प्रथा' विषयमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस्।

९. तल दिइएका मध्ये कुनै एक विषयमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : (५)

क. मलाई मनपर्ने वैज्ञानिक

ख. डाक्टरी पेसाको गरिमा र महत्त्व

१० 'बौलाहा काजीको सपना' नाटकको तल दिइएको अंश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्। (५)

अँ, पहिले पैसा नभए माग्नु पर्थ्यो। मागेर पनि कसैले सोझो मुखले नदिएको भए, यतिका सहरका घरहरू छँदै थिए नि, घनले ठोकेर, ताल्चा फोरेर, खोसेर, चोरेर भए पनि ल्याउनुपर्थ्यो। एउटा ज्यान मारेर ज्यानमारा बनिरहनु सट्टामा त चोर हुनु हजार गुना बेस। हामी ज्यान मारा हौं, ज्यानमारा। किन चोरेनौं ? किन लुटेनौं ? चुप लाग, अब रोएर छाती फोडे पनि के ? जो बित्यो। त्यो गयो, त्यो गयो! ...

**प्रश्न:**

क. माथिको नाट्यांशले कसको मृत्यु भएका कुराको सङ्केत गरेको छ ? उसको मृत्यु कसरी भएको हो ? स्पष्ट पार्नुहोस्।

११. तलको प्रश्नको उत्तर दिनुहोस् : (५)

यस्तै हो, मैले पनि सहेर बसि दिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छाड्नुहुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसको आत्माले पनि गर्न कर लाउँछ। अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटोको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ।

**प्रश्नहरू:**

अ. यो भनाइ कसको हो ?

आ. 'एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ नाइँ' भन्नुको तात्पर्य के हो ?

इ. झगडा भो भन्दैमा किन धर्म छाड्नुहुन्न ?

ई. 'संसार भरैभरमा अडेको छ' यस भनाइको आशय के हो ?

उ. माथिको भनाइ कुन सन्दर्भमा आएको हो ?

अथवा

'समुद्रपारिका नारीहरूलाई साथी बनाउन बरू सजिलो होला तर आफ्नो सहर, गाउँ, टोल र छिमेकका आइमाईलाई साथी बनाउन हामीलाई गाह्रो पर्छ' यस भनाइप्रति तर्क दिएर आफ्नो प्रतिक्रिया लेख्नुहोस्। (५)

## उत्तर

### एकाइ १: वर्ण र अक्षरको संरचनाको पहिचान

| | | | | |
|---|---|---|---|---|
| १. | क. | **वर्ण** | **प्रयत्न** | **स्थान** |
| | | ज् | स्पर्शसङ्घर्षी | वर्त्स्य (दन्तमूलीय) |
| | | ह् | सङ्घर्षी | स्वरयन्त्रमुखी |
| | ख. | **शब्द** | **अक्षरीकरण** | **अक्षर सङ्ख्या** |
| | | प्रचार | प्र्अ.च्आर् | २ |
| | | कूटनीतिज्ञ | क्उट्.न्इ.त्इग्.ग्य्अ | ४ |
| २. | क. | **वर्ण** | **प्रयत्न** | **स्थान** |
| | | ज् | स्पर्शसङ्घर्षी | वर्त्स्य (दन्तमूलीय) |
| | | म् | नासिक्य | ओष्ठ्य |
| | ख. | **शब्द** | **अक्षरीकरण** | **अक्षर सङ्ख्या** |
| | | त्रिभुज | त्र्इ.भ्उज् | २ |
| | | बटुवा | ब्अ.ट्उ.ब्आ | ३ |
| ३. | क. | **वर्ण** | **स्थान** | **प्रयत्न** |
| | | ग् | कण्ठ्य | स्पर्शी |
| | | झ् | वर्त्स्य (दन्तमूलीय) | स्पर्शसङ्घर्षी |
| | | म् | ओष्ठ्य | नासिक्य |
| | | य् | तालव्य | अर्धस्वर |
| | | ह् | स्वययन्त्रमुखी | सङ्घर्षी |
| | ख. | **शब्द** | **अक्षरीकरण** | **अक्षर सङ्ख्या** |
| | | देश | द्एस् | १ |
| | | विज्ञान | बइग्.ग्य्आन् | २ |
| | | प्रतीक्षा | प्र्अ्.त्इक्.क्स्आ | ३ |
| | | उपयोगी | उ.प्अ.य्ओ.ग्इ | ४ |
| | | पञ्चतन्त्र | प्अन्.च्अ.त्अन्.त्र्अ | ५ |
| ४. | क. | **वर्ण** | **घोषत्व** | **प्राणत्व** |
| | | ख् | अघोष | महाप्राण |
| | | छ् | अघोष | महाप्राण |
| | | ब् | घोष | अल्पप्राण |
| | | ल् | घोष | अल्पप्राण |
| | | स् | अघोष | महाप्राण |
| | ख. | **शब्द** | **अक्षरीकरण** | **अक्षर सङ्ख्या** |
| | | कन्या | क्अन्.न्य्आ | २ |
| | | सम्पदा | स्अम्.प्अ.द्आ | ३ |
| | | अभिव्यक्ति | अ.भ्इ.ब्य्अक्.त्इ | ४ |
| | | विशेषज्ञता | ब्इ.स्ए.स्अग्.ग्य्अ.त्आ | ५ |
| | | दश | द्अस् | १ |
| ५. | क. | **वर्ण** | **घोषत्व** | **प्राणत्व** |
| | | क | अघोष | अल्पप्राण |
| | | ज | घोष | अल्पप्राण |
| | | भ | घोष | महाप्राण |
| | | य | घोष | अल्पप्राण |
| | | स | अघोष | महाप्राण |
| | ख. | **शब्द** | **अक्षरीकरण** | **अक्षर सङ्ख्या** |
| | | काँट | काँट् (क्आँट्) | १ |

| | | | | |
|---|---|---|---|---|
| | | समाज | स.माज् (स्अ.म्आज्) | २ |
| | | ज्ञानवान् | ग्यान्.वान् (ग्य्आन्.व्आन्) | २ |
| | | शोषणमूलक | सो.सन्.मु.लक् (स्ओ.स्अन्.म्उ.ल्अक्) | ४ |
| | | पञ्चरत्न | पन् .च.रत्.न (प्अन्.च्अ.र्अत्.न्अ) | ४ |
| ६. | क. | वर्ण | प्राणत्व | स्थान |
| | | ज | अल्पप्राण | वर्त्स्य (दन्तमूलीय) |
| | | ठ | महाप्राण | वर्त्स्य (दन्तमूलीय) |
| | | म | अल्पप्राण | ओष्ठ्य |
| | | य | अल्पप्राण | तालव्य |
| | | ह | महाप्राण | स्वरयन्त्रमुखी (अतिकण्ठ्य) |
| | ख. | शब्द | अक्षरीकरण | अक्षर सङ्ख्या |
| | | समान | स.मान् (स्अ.म्आन्) | २ अक्षर |
| | | नगरपालिका | न.गर्.पा.लि.का (न्अ.ग्अर्.प्आ.ल्इ.क्आ) | ५ अक्षर |
| | | सभ्यता | सभ्.य.ता. (स्अभ्.य्अ.त्आ) | ३ अक्षर |
| | | विज्ञान | विग्.ग्यान् (बइग्.ग्य्आन्) | २ अक्षर |
| | | आधुनिकता | आ.धु.नि.क.ता (आ.धउ.नइ.कअ.तआ) | ५ अक्षर |
| ७. | क. | वर्ण | घोषत्व | प्राणत्व |
| | | ठ | अघोष | महाप्राण |
| | | म | घोष/ सघोष | अल्पप्राण |
| | | प | अघोष | अल्पप्राण |
| | | स | अघोष | महाप्राण |
| | | ह | घोष/ सघोष | महाप्राण |
| | ख. | शब्द | अक्षरीकरण | अक्षर सङ्ख्या |
| | | मुसुमुसु | मु.सु.मु.सु. (म[illegible].मउ.सउ) | ४ |
| | | आँत | आँत् (आँत्) | १ |
| | | सन्निपात | सन्.नि.पात् (स्अन्.नइ.प्आत्) | ३ |
| | | सम्मान | सम्.मान् (स्अम्.म्आन्) | २ |
| | | प्रतिभाशाली | प्र.ति.भा.सा.लि (प्र्अ.त्इ.भ्आ.स्आ.ल्इ) | ५ |
| ८. | क. | वर्ण | प्रयत्न | प्राणत्व |
| | | ख | स्पर्शी | महाप्राण |
| | | ज | स्पर्शसङ्घर्षी | अल्पप्राण |
| | | द | स्पर्शी | अल्पप्राण |
| | | य | अन्तस्थ/ अर्धस्वर | अल्पप्राण |
| | | स | सङ्घर्षी | महाप्राण |
| | ख. | शब्द | अक्षरीकरण | अक्षर सङ्ख्या |
| | | गाँस | गाँस् (ग्आँस्) | १ |
| | | सार्वभौम | सार्.ब.भौ.म (स्आर्.ब्अ.भ्अउ.म्अ) | ४ |
| | | सङ्घर्षशील | सङ्.घर.स.सिल् (स्अङ्.घ्अर्.स्अ.स्इल्) | ४ |
| | | प्यांरो | प्या.रो (प्य्आ.र्ओ) | २ |
| | | संविधान | सम्.बि.धान् (स्अम्.ब्इ.ध्आन्) | ३ |
| ९. | क. | वर्ण | स्थान | प्रयत्न |
| | | घ | कण्ठ्य | स्पर्शी |
| | | ज | वर्त्स्य (दन्तमूलीय) | स्पर्शसङ्घर्षी |
| | | म | ओष्ठ्य | नासिक्य |
| | | य | तालव्य | अर्धस्वर/ अन्तस्थ |
| | | ह | स्वरयन्त्रमुखी | सङ्घर्षी |
| | ख. | शब्द | अक्षरीकरण | अक्षर सङ्ख्या |
| | | विज्ञ | बिग्.ग्य (बइग्.ग्यअ) | २ |
| | | शेष | सेस् (स्एस्) | १ |

| | | | | |
|---|---|---|---|---|
| | | अभिव्यञ्जना | अ.भि.ब्यन्.ज.ना (अ.भ्इ.ब्य्अन्.ज्अ.न्आ) | ५ |
| | | झटपट | झट्.पट् (झ्अट्.प्अट्) | २ |
| | | महिमा | म.हि.मा (म्अ.ह्इ.म्आ) | ३ |
| १०. | क. | वर्ण | स्थान | प्रयत्न |
| | | ग | कण्ठ्य | स्पर्शी |
| | | छ | वर्त्स्य (दन्तमूलीय) | स्पर्श सङ्घर्षी |
| | | म | ओष्ठ्य | नासिक्य |
| | | य | तालव्य | अर्धस्वर (अन्तस्थ) |
| | | ह | स्वरयन्त्रमुखी | सङ्घर्षी |
| | ख. | शब्द | अक्षरीकरण | अक्षर सङ्ख्या |
| | | काल | काल् (क्आल्) | १ |
| | | बटुवा | ब.टु.वा. (ब्अ.ट्उ.ब्आ) | ३ |
| | | विशेषज्ञ | बि.से.सग्.ग्यँ (ब्इ.स्ए.स्अग्.ग्य्अँ) | ४ |
| | | कानुन | का.नुन् (क्आ.न्उन्) | २ |
| | | रमणीयता | र.म.नि.य.ता (र्अ.म्अ.न्इ.य्अ.त्आ) | ५ |
| ११. | क. | वर्ण | घोषत्व | प्राणत्व |
| | | प | अघोष | अल्पप्राण |
| | | भ | सघोष | महाप्राण |
| | | ध | सघोष | महाप्राण |
| | | ङ | सघोष | अल्पप्राण |
| | | स | अघोष | महाप्राण |
| | ख. | शब्द | अक्षरीकरण | अक्षर सङ्ख्या |
| | | औचित्यपूर्ण | औ.चित्.त्य.पुर्.न (अउ.च्इत्.त्य्अ.प्उर्.न्अ) | ५ अक्षर |
| | | सिर्जनशील | सिर्.जन्.सिल् (स्इर्.ज्अन्.स्इल्) | ३ अक्षर |
| | | इख | इख् (इख्) | १ अक्षर |
| | | सत्य | सत्.त्य (स्अत्.त्य्अ) | २ अक्षर |
| | | महाकाली | म.हा.का.लि (म्अ.ह्आ.क्आ.ल्इ) | ४ अक्षर |
| १२. | क. | वर्ण | स्थान | प्रयत्न |
| | | ज | वर्त्स्य (दन्तमूलीय) | स्पर्श सङ्घर्षी |
| | | थ | दन्त्य | स्पर्शी |
| | | म | ओष्ठ्य | नासिक्य |
| | | य | तालव्य | अर्धस्वर |
| | | ल | वर्त्स्य (दन्तमूलीय) | पार्श्विक |
| | ख. | शब्द | अक्षरीकरण | अक्षर सङ्ख्या |
| | | सूर्योदय | सुर्.यो.द.य. (स्उर्.य्ओ.द्अ.य्अ) | ४ अक्षर |
| | | सामाजिक | सा.मा.जिक्. (स्आ.म्आ.ज्इक्) | ३ अक्षर |
| | | तात्तातो | तात्.ता.तो. (त्आत्.त्आ.त्ओ) | ३ अक्षर |
| | | बैठक | बै.ठक् (ब्अइ.ठ्अक्) | २ अक्षर |
| | | ऋषि | रि.सि. (र्इ.स्इ) | २ अक्षर |
| १३. | क. | वर्ण | स्थान | प्रयत्न |
| | | क | कण्ठ्य | स्पर्शी |
| | | छ | वर्त्स्य (दन्तमूलीय) | स्पर्श सङ्घर्षी |
| | | ठ | वर्त्स्य (दन्तमूलीय) | स्पर्शी |
| | | य | तालव्य | अन्तस्थ/ अर्धस्वर |
| | | ल | वर्त्स्य (दन्तमूलीय) | पार्श्विक |
| | ख. | शब्द | अक्षरीकरण | अक्षर सङ्ख्या |
| | | संविधान | सम्.बि.धान् (स्अम्.ब्इ.ध्आन्) | ३ अक्षर |
| | | झल्याकझुलुक | झ.ल्याक्.झु.लुक् (झ्अ.ल्य्आक्.झ्उ.ल्उक्) | ४ अक्षर |
| | | पञ्चामृत | पन्.चाम्.रित् (प्अन्.च्आम्.र्इत्) | ३ अक्षर |

puspas.com.np

puspas.com.np

| | | | | |
|---|---|---|---|---|
| | | शेष | सेस् (सएस्) | १ अक्षर |
| | | नासो | ना.सो (नआ.सओ) | २ अक्षर |
| १४. | क. | वर्ण | स्थान | प्रयत्न |
| | | घ | कण्ठ्य | स्पर्शी |
| | | छ | वर्त्स्य (दन्तमूलीय) | स्पर्श सङ्घर्षी |
| | | ब | ओष्ठ्य | स्पर्शी |
| | | य | तालव्य | अन्तस्थ/अर्धस्वर |
| | | ह | स्वरयन्त्रमुखी | सङ्घर्षी |
| | ख. | शब्द | अक्षरीकरण | अक्षर सङ्ख्या |
| | | काम | काम् (कआम्) | १ अक्षर |
| | | शोषण | सो.सन् (सओ. सअन्) | २ अक्षर |
| | | टेलिभिजन | टे.लि.भि.जन् (टए.लइ.भइ.जअन्) | ४ अक्षर |
| | | पञ्चरत्न | पन्.च.रत्.न (पअन्.चअ.रअत्.नअ) | ४ अक्षर |
| | | उपनिवेशवाद | उ.प.नि.बेस्.बाद् (उ.पअ.नइ.बएस्.बआद्) | ५ अक्षर |
| १५. | क. | वर्ण | स्थान | प्रयत्न |
| | | ख | कण्ठ्य | स्पर्शी |
| | | ज | वर्त्स्य (दन्तमूलीय) | स्पर्श सङ्घर्षी |
| | | ब | ओष्ठ्य | स्पर्शी |
| | | ह | स्वरयन्त्रमुखी (अतिकण्ठ्य) | सङ्घर्षी |
| | | स | वर्त्स्य (दन्तमूलीय) | सङ्घर्षी |
| | ख. | शब्द | अक्षरीकरण | अक्षर सङ्ख्या |
| | | झझल्को | झ.झल्.को(झअ.झअल्.कओ) | ३ अक्षर |
| | | जोस | जोस् (जओस्) | १ अक्षर |
| | | इमान्दारी | इ.मान्.दा.री. (इ.मआन्.दआ.रइ) | ४ अक्षर |
| | | ख्यालख्याल | ख्याल्.ख्याल् (खयआल्.खयआल्) | २ अक्षर |
| | | अभिव्यक्ति | अ.भि.ब्यक्.ति (अ.भइ.बयअक्.तइ) | ४ अक्षर |
| १६. | क. | वर्ण | स्थान | प्रयत्न |
| | | ख | कण्ठ्य | स्पर्शी |
| | | झ | वर्त्स्य (दन्तमूलीय) | स्पर्श सङ्घर्षी |
| | | ढ | वर्त्स्य (दन्तमूलीय) | स्पर्शी |
| | | ब | ओष्ठ्य | स्पर्शी |
| | | ह | स्वरयन्त्रमुखी (अतिकण्ठ्य) | सङ्घर्षी |
| | ख. | शब्द | अक्षरीकरण | अक्षर सङ्ख्या |
| | | हिमाली | हि.मा.लि (हइ . मआ . लइ) | ३ अक्षर |
| | | शारीरिक | सा.रि.रिक् (सआ.रइ.रइक्) | ३ अक्षर |
| | | विद्यालय | बिद्.द्या.ल.य (बइद्.दयआ.लअ.यअ) | ४ अक्षर |
| | | विशेष | बि.सेस् (बइ.सएस्) | २ अक्षर |
| | | घाम | घाम् (घआम्) | १ अक्षर |
| १७. | क. | वर्ण | घोषत्व | प्राणत्व |
| | | क | अघोष | अल्पप्राण |
| | | घ | सघोष | महाप्राण |
| | | न | सघोष | अल्पप्राण |
| | | थ | अघोष | महाप्राण |
| | | स | अघोष | महाप्राण |
| | ख. | शब्द | अक्षरीकरण | अक्षर सङ्ख्या |
| | | तिन | तिन् (तइन्) | १ अक्षर |
| | | नेपाली | ने.पा.लि (नए.पआ.लइ) | ३ अक्षर |
| | | विशेषज्ञता | बि.से.सग्.ग्यँ.ता (बइ.सए.सअग्.गयअँ.तआ) | ५ अक्षर |
| | | शब्द | सब्.द (सअब्.दअ) | २ अक्षर |
| | | सल्यान | सल्.ल्यान् (सअल्.लयआन्) | २ अक्षर |
| १८. | क. | वर्ण | घोषत्व | प्राणत्व |
| | | ज | सघोष | अल्पप्राण |
| | | थ | अघोष | महाप्राण |
| | | म | सघोष | अल्पप्राण |
| | | ल | सघोष | अल्पप्राण |
| | | ह | सघोष | महाप्राण |
| | ख. | शब्द | अक्षरीकरण | अक्षर सङ्ख्या |
| | | एक | एक् (एक्) | १ अक्षर |
| | | सहरीकरण | स.ह.रि.क.रन् (सअ.हअ.रइ.कअ.रअन्) | ५ अक्षर |
| | | पुनर्जन्म | पु.नर्.जन्.म(पउ.नअर्.जअन्.मअ) | ४ अक्षर |
| | | कन्या | कन्.न्या. (कअन्.नयआ.) | २ अक्षर |
| | | छताछुल्ल | छ.ता.छुल्.ल (छअ.तआ.छउल्.लअ) | ४ अक्षर |
| १९. | क. | वर्ण | स्थान | प्रयत्न |
| | | घ | कण्ठ्य | स्पर्शी |
| | | न | वर्त्स्य (दन्तमूलीय) | नासिक्य |
| | | ध | दन्त्य | स्पर्शी |
| | | ह | स्वरयन्त्रमुखी | सङ्घर्षी |
| | | य | तालव्य | अन्तस्थ/अर्धस्वर |
| | ख. | शब्द | अक्षरीकरण | अक्षर सङ्ख्या |
| | | विशेष | बि.सेस् (बइ.सएस्) | २ अक्षर |
| | | सञ्चारिका | सन्.चा.रि.का (सअन्. चआ. रइ. कआ) | ४ अक्षर |
| | | आँप | (आँप्) | १ अक्षर |
| | | नगरपालिका | न.गर.पा.लि.का (नअ.गअर्.पआ.लइ.कआ) | ५ अक्षर |
| | | झलझली | झल्.झ.लि (झअल्. झअ. लइ) | ३ अक्षर |

## एकाइ २: वर्णविन्यास र चिह्न परिचय

| | |
|---|---|
| १. | सौन्दर्यका मोहनीमा बग्नेहरू प्राय असभ्य, वर्वर आततायी र जङ्गली भइदिन्छन्। उनीहरू सुन्दर फूल देख्नासाथ त्यसका निकट पुगी टाँसिन चाहन्छन्। |
| २. | मान्छेले किन फूलको इर्ष्या गर्छ ? आफू फूलजस्तो सुन्दर जिन्दगी बाँच्न किन खोज्दैन ? |
| ३. | दुःख र अनेकौं समस्याहरूसँग जुध्दै अनि अल्झिँदै बाँच्नु नै मान्छेको नियति हो। सहज एवम् सरल ढङ्गले बाँच्न उसले कसरी पाउँछ र ? यस यथार्थलाई बुझ्ने व्यक्तिले मात्र जीवन जिउन जान्दछ। |
| ४. | जेसुकै होस्, म सधैँ आलु खान्छु तर मलाई सधैँ आलु खान डर लाग्छ किनभने म पनि बिसौँ शताब्दीकै आलु मान्छे जसको कर्म हो आलु खानु तर धर्म हो आलु खाएर पेडाको धाक लगाउनु। |
| ५. | अहिलेको खाद्य सङ्कट खडा गर्ने मूल कारण अर्थबजार हो। यसको प्रमुख जड कृषि उपजलाई ऊर्जामा खपत गर्ने कार्यमा रहेको छ। हामी भने आफ्नो खेतबारी बाँझै छोड्छौँ। |
| ६. | विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ। भलादमीको प्रमाणपत्र सधैँ उसका शरीरउपर विज्ञापन जाहेरी गर्दछ। पोसाक मात्र पहिला पास हो। त्यसमा पनि रेसमी रूमालको फूलदार फर्काइ र टोपीको कर्काइले पहिलो श्रेणीमा उत्तीर्ण भएको जनाउँछ। |
| ७. | सुशासन र विकास अहिले नेपाली जनताका चाहना होइनन् भनेर कसले भन्न सक्छ र। त्यसको प्राप्तिका लागि नै युगौँदेखि हामीले सपना देख्दै आएका छौँ। हरे शिव ! अब पनि के हुने हो भन्न सकिन्न। |
| ८. | गुरुले भने, "विश्वका वैज्ञानिकहरू पनि आध्यात्मिक कुरामा विश्वास गर्छन्।" |

puspas.com.np

| | |
|---|---|
| ९. | मेरी जननी तिमीसँग एउटा कुरा सोध्छु, नढाँटी भन है। म अचेल नराम्रा सपना देख्न थालेकी छु। तिमीमाथि भएको पीडाको सपना। तिमीसँग के ढाँट्नु अब। मेरा सपनामा तिम्रा सम्पूर्ण रूखहरू ढलेछन्। |
| १०. | भाइ विद्यालयबाट फर्कंदै थियो। उसको भेट बाटामा बहिनीसँग भयो। उनीहरू समयमै घर फर्के। उनीहरूले करेसामा ढकमक्क फुलेको सेता, पहेँला र राता पुष्पहरू हेरे। उनीहरू खुसी भए। |
| ११. | "त्यसले भनेर म मान्दिनँ के! बुबामुमाले भने पनि मान्दिनँ।" आखिर गौरी आफैँ निश्चय गर्थी अनि हामी दुबै हातेमालो गर्दै बगैँचाको डिलमा आएर उभिन्थ्यौँ। |
| १२. | फेरि निराशावादी बनेर मात्र के गर्ने? बाँच्नु छ, जीवन बिताउनु नै छ, नबदलिने यस समाजलाई एक धक्का दिएर बदल्नुपर्छ। नत्र यतिका पढेको, गुनेको के फाइदा भो? |
| १३. | पूजा गरेको पर्सिपल्ट गुमानेकी स्वास्नी लडी। बिचरी झण्डै खुस्की थी, बाँची। त्यसपछि धनजितेलाई समात्यो। |
| १४. | दुनियाँमा कोही पनि मित्र हुँदैनन् सबै शत्रु, सबै बैरी नै हुन्छन्। कसले भन्छ अकारण नै कोही शत्रु हुँदैन? मानें, अकारण कोही कसैको शत्रु हुँदैन तर झगडाको निहुँ कति सजिलै पाइन्छ? |
| १५. | मान्छेलाई बैगुनी भन्नुपर्ने कारणै यही हो, ऊ गुणको पारख गर्नुको साटो बेइज्जती गर्छ। |
| १६. | "समुद्रपारि पुग्न सक्यो भने उनीहरूको जोर चल्दैन।" आमा भन्नुहुन्थ्यो। म आफ्नो सम्पूर्ण इच्छाशक्तिले मधुकरको घोडालाई छिटोछिटो धकेल्न थाल्दथेँ। |
| १७. | "चाहिदैन हामीलाई कसैको छातासाता" भन्दै ती तरुनीले रिस, शङ्का, डर इत्यादि भावहरू मिसिएको जस्तो अनुहार लाइन् र तीखा आँखाले हेर्दै फटाफट आफ्नो बाटो लागिन्। |
| १८. | यसरी दिनरातको पहिरो र हावाको डरमा बाँचेर, दुई एकर जमिनको माटो वर्षमा दुईचोटि पल्टाएर जीविका गर्ने मेलो परिवारको हत्या हो। |
| १९. | प्रिय सुनखानी! तिम्रा अरू छोराछोरीको खबर के छ? तिनीहरू तिम्रो वक्षस्थलको तातोले नपुगेर सम्साँझैदेखि बोतलभित्रको सिरकमा लपेटिएर हिँड्छन् रे। |

## एकाइ ३: शब्दवर्ग (पदवर्ग)

| | पद | शब्दवर्ग |
|---|---|---|
| १. | सित | नामयोगी |
| | यो | विशेषण |
| | लैजान्छ | क्रिया |
| | हामी | सर्वनाम |
| २. | **पद** | **शब्दवर्ग** |
| | नियम | नाम |
| | हुनेछ | क्रिया |
| | र | संयोजक |
| | हामी | सर्वनाम |
| ३. | **पद** | **शब्दवर्ग** |
| | तिमी | सर्वनाम |
| | मान्छेको | विशेषण |
| | आदर | नाम |
| | है | निपात |
| | धत् | बिस्मयादिबोधक |
| | लखरलखर | क्रियाविशेषण |
| ४. | **पद** | **शब्दवर्ग** |
| | यी | विशेषण |
| | ज्ञान | नाम |
| | तसर्थ | संयोजक |
| | म | सर्वनाम |
| | गर्छु | क्रिया |
| | मेरा | विशेषण |
| ५. | **पद** | **शब्दवर्ग** |
| | र | संयोजक |
| | दौडेर | क्रियाविशेषण |
| | जस्तो | नामयोगी |
| | डुङ्गाको | विशेषण |
| | म | सर्वनाम |
| | पाउँ | क्रिया |
| ६. | **पद** | **शब्दवर्ग** |
| | यस्तो | क्रियाविशेषण |
| | म | सर्वनाम |
| | शङ्का | नाम |
| | सम्म | नामयोगी |
| | सक्ला | क्रियापद |
| | त | निपात |
| ७. | **पद** | **शब्दवर्ग** |
| | खिस्स | क्रियायोगी |
| | छैन | क्रिया |
| | र | संयोजक |
| | लाज | नाम |
| | त्यो | विशेषण |
| | सित | नामयोगी |
| ८. | **पद** | **शब्दवर्ग** |
| | ऊ | सर्वनाम |
| | एक्कासी | क्रियाविशेषण |
| | मनको | विशेषण |
| | स्थिति | नाम |
| | दिन्थी | क्रियापद |
| | सँग | नामयोगी |
| ९. | **पद** | **शब्दवर्ग** |
| | हर्षनारान | नाम |
| | सबैको | विशेषण |
| | सँग | नामयोगी |
| | तर | संयोजक |
| | भने | क्रिया |
| | त | निपात |
| १०. | **पद** | **शब्दवर्ग** |
| | आलु | नाम |
| | भन्दा | नामयोगी |
| | निकै | क्रियाविशेषण |
| | र | संयोजक |
| | यस | सर्वनाम |
| | सक्दैन | क्रिया |
| ११. | **पद** | **शब्दवर्ग** |
| | इतिहासले | नाम |
| | तिमी | सर्वनाम |
| | आज | क्रियाविशेषण (क्रियायोगी) |
| | त | निपात |
| | पछाऱ्यो | क्रियापद |
| | भन्दा | नामयोगी |
| १२. | **पद** | **शब्दवर्ग** |
| | निर्दोष | विशेषण |
| | तर | संयोजक |
| | हुन | क्रियाविशेषण |
| | शत्रु | नाम |
| | झैं | नामयोगी |
| | यो | विशेषण |

puspas.com.np

| १३. | पद | शब्दवर्ग |
|---|---|---|
| | हालखबर | नाम |
| | नि | निपात |
| | धेरै | विशेषण |
| | चुहाएर | क्रिया विशेषण |
| | सित | नामयोगी |
| | तिमी | सर्वनाम |

| १४. | पद | शब्दवर्ग |
|---|---|---|
| | भएपछि | नामयोगी |
| | सधैँ | क्रियाविशेषण |
| | बा! | विस्मयादिबोधक |
| | बाबु | नाम |
| | बाको | विशेषण |
| | आउँछन् | क्रियापद |

| १५. | पद | शब्दवर्ग |
|---|---|---|
| | ओहो ! | विस्मयादिबोधक |
| | कुरा | नाम |
| | बाबु ! | विस्मयादिबोधक |
| | अब | क्रियायोगी |
| | नबोलाउनु | क्रिया |
| | ती | विशेषण |

| १६. | पद | शब्दवर्ग |
|---|---|---|
| | अँध्यारो | विशेषण |
| | सम्म | नामयोगी |
| | सत्कार्य | नाम |
| | त्यसरी | क्रियाविशेषण |
| | नै | निपात |
| | झल्कन्छ | क्रियापद |

| १७. | पद | शब्दवर्ग |
|---|---|---|
| | मिठो | विशेषण |
| | राम्रो | क्रियाविशेषण |
| | भने | संयोजक |
| | मिठाले | नामपद |
| | हानि | नामपद |
| | हो | क्रियापद |

| १८. | पद | शब्दवर्ग |
|---|---|---|
| | अँ | निपात |
| | सम्झेँ | क्रियापद |
| | समाजको | विशेषण |
| | कागज | नामपद |
| | मात्र | निपात |
| | परिवर्तन | नामपद |

| १९. | पद | शब्दवर्ग |
|---|---|---|
| | त | निपात |
| | कुरा | नाम |
| | पोष्य | विशेषण |
| | माथि | नामयोगी |
| | उन | सर्वनाम |
| | थिएन | क्रिया |

**एकाइ ४: शब्दस्रोत**

| | |
|---|---|
| १. | तत्सम शब्दः ग्रामीण, स्पष्ट<br>आगन्तुक शब्दः सहर, जमिन |
| २. | तत्सम शब्दः भाषा, प्राचीन<br>आगन्तुक शब्दः लवज, खुसबु |
| ३. | तत्सम शब्दः अत्यन्त, पुस्तक<br>आगन्तुक शब्दः हात, पाँच |
| ४. | तत्सम शब्दः भाग्य, नियम<br>आगन्तुक शब्दः भलादमी, कानुन |
| ५. | तत्सम शब्दः विद्यालय, विद्युत्<br>आगन्तुक शब्दः इन्टरनेट, डस्टर |
| ६. | तत्सम शब्दः विद्या, विज्ञापन<br>आगन्तुक शब्दः सर्टिफिकेट, भलादमी |
| ७. | तत्सम शब्दः स्वागत, व्यवस्था<br>आगन्तुक शब्दः कलेज, ड्रेस |
| ८. | तत्सम शब्दः मित्रता, स्मृति<br>आगन्तुक शब्दः रेल, मोटर |
